JANASACHETAN

# जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि.

JANASACHETAN SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.

# वार्षिक प्रतिवेदन

## आ.व. २०८०/०८१




**Annual Report**

**Fiscal Year 2080/081**

# सञ्चालक समिति


हेमन्त कुमार चौलागाई
अध्यक्ष


गोपालध्वज श्रेष्ठ
का.वा. अध्यक्ष


स्वस्थानी कुँवर
महिला उपाध्यक्ष

सचिव


शिवराम ढकाल
का.वा.सचिव


भरत के.सी.
कोषाध्यक्ष


टंक बहादुर सुनुवार
सदस्य


सुमिता शिवाकोटी
सदस्य


हरि बहादुर पाण्डे
सदस्य


लिला बहादुर थामी
सदस्य


जानुका शिवाकोटी
सदस्य


ज्ञान बहादुर तामाङ
सदस्य

सदस्य

सदस्य

सदस्य

# लेखा सुपरीवेक्षण समिति


मीनप्रसाद दहाल
संयोजक


फुलकाजी तमाङ लामा
सदस्य


शुशिला न्यौपाने
सदस्य

# जनसचेतन बचत तथा ऋण सहकारी संस्था लिमिटेड, वैतेश्वर -५, काब्रे, दोलखा

## संक्षिप्त परिचय

१. **परिचयः** जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौँबाट १६५ कि.मी. पूर्व नेपालको हिमाली जिल्लामध्ये एक दोलखा जिल्लाको वैतेश्वर गाउँपालिका वडा नं. ५ को मैनापोखरीमा अवस्थित छ। हनुमन्तेश्वर मा.वि.का तत्कालिन प्रधानाध्यापक श्री यज्ञराज ढुंगेलको अगुवाईमा २०५० साल आश्विन २२ गते शिक्षक, कर्मचारी, समाजसेवी, किसान, व्यापारी तथा सामाजिक अभियन्ताहरु समेत ३४ जनाको सहकार्यमा यो संस्थाको स्थापना गरिएको हो। संस्था २०५० साल मंसिर १ गते जिल्ला सहकारी कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकमा दर्ता नं. ८१-०५०/५१ मा दर्ता भएको छ। स्थानीय जनताहरुको आर्थिक र सामाजिक स्तर अभिवृद्धि गर्ने उद्देश्यबाट प्रेरित भई स्थापित यो संस्थाको कार्यक्षेत्र सुरुमा काब्रे, नाम्दु, मिर्गे र गैरीमुदी गा.वि.स.हरु रहेकोमा हाल दोलखा, काभ्रेपलाञ्चोक, भक्तपुर, काठमाडौं जिल्ला र ललितपुर जिल्लाको ललितपुर महानगरपालिका भर रहेको छ। संस्थाको मुख्य कार्यालय वैतेश्वर गा.पा. वडा नं. ५, मैनापोखरी बजारमा आफ्नै भवनमा रहेको छ। संस्थाले मुख्य कार्यालय बाहेक विभिन्न क्षेत्रहरुमा थप १६ वटा सदस्य मैत्री सेवाकेन्द्रहरु स्थापना गरी सदस्यहरुलाई स्थानीय स्तरमा नै सेवाहरु प्रदान गरिरहेको छ।

२. **संस्थाको परिकल्पनाः** "प्रविधियुक्त प्रतिस्पर्धी सुरक्षित वित्तीय सहकारी संस्था"

३. **संस्थाको ध्येयः** "नविनतम् प्रविधि मार्फत प्रतिस्पर्धी मूल्यमा गुणस्तरीय वित्तीय एवं गैरवित्तीय सेवा प्रदान गरी सदस्यहरुको आर्थिक र सामाजिक विकास गर्नु"

४. **मुल उद्देश्यः** "प्रविधिमैत्री गुणस्तरीय सेवा, सदस्यलाई टेवा"

५. **लक्ष्यः** "सदस्यहरुको आर्थिक र सामाजिक स्तर अभिवृद्धि गरी समुन्नत समाजको विकास गर्ने"

६. **आवद्धताः** संस्था तपसिल अनुसारको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुमा आवद्ध रहेको छ :

| | |
|---|---|
| एशियाली ऋण महासंघ (ACCU) | राष्ट्रिय सहकारी महासंघ, नेपाल |
| राष्ट्रिय सहकारी बैंक लि. | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) |
| समृद्ध आवास विशिष्टकृत सहकारी संघ लि. | महामञ्जुश्री आवास विशिष्टकृत सहकारी संघ लि. |
| बागमती प्रदेश सहकारी संघ लि. | बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. |
| जिल्ला सहकारी संघ लि., दोलखा | जिल्ला बचत तथा ऋण सहकारी संघ लि., दोलखा |

७. **संस्थाको संगठनात्मक ढाँचाः** २०८० असार मसान्तसम्म संस्थाको कुल सदस्य संख्या ३८,६३५ जना मध्ये शेयर सदस्य २७,९२५ (महिलाः १४,६२३, पुरुषः १३,२३६) जना, बाल बचतकर्ता १०,७१० (बालिकाः ४,८८१, बालकः ५,८२९) जना र ६६ संस्थागत सदस्य रहेका छन्, जसमध्ये महिला सदस्य ५०.४८%, पुरुष सदस्य ४९.३५% र अन्य ०.१७% रहेको छ। संस्था सञ्चालन गर्नको लागि १५ सदस्यीय सञ्चालक समिति, ३ सदस्यीय लेखा सुपरीवेक्षण समिति, ८ सदस्यीय सल्लाहकार समिति, ६ वटा विषयगत उपसमितिहरु र प्रत्येक सेवाकेन्द्र अन्तर्गत सेवाकेन्द्र सञ्चालन तथा व्यवस्थापन उपसमितिहरु रहेका छन्। दैनिक कार्यसम्पादन गर्नको लागि ६५ जना कर्मचारीहरुको व्यवस्थापन समूह सक्रिय रहेको छ।

८. **संस्थालाई प्राप्त पुरस्कार तथा सम्मानहरुः**

- एशियाली ऋण महाँसंघ (ACCU) बाट २०६९ सालमा अन्तराष्ट्रिय स्तरको "एक्सेस ब्राण्ड" को प्रमाणिकरण भै २०७३ सालदेखि एक्सेस सिल्भर स्तरको ब्राण्ड प्राप्त गरि साहि वमोजिमको मापदण्ड पुरा गर्न समर्पित रहेका छौं ।
- ६२ औं सहकारी दिवसको अवसरमा भुमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयद्धारा सहकारी व्यवसाय मार्फत सदस्यहरुको आर्थिक सामाजिक र सांस्कृतिक रुपान्तरणको लागि उल्लेख्य योगदान पुऱ्याए बापत रु.२ लाख नगद सहित सम्मान पत्र -२०७५
- नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. नेफ्स्कूनद्वारा २०६६ सालमा नेपालभरीबाट "उत्कृष्ट बचत तथा ऋण सहकारी संस्था" को रुपमा पुरस्कृत ।
- राष्ट्रिय सहकारी संघद्वारा २०६४ सालमा "उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार" बाट पुरस्कृत
- डिभिजन सहकारी कार्यालय, दोलखाद्वारा २०६३ सालमा पुरस्कृत ।
- आन्तरिक राजश्व कार्यालय भक्तपुरबाट २०७१ र २०८० सालमा उच्च कर सहभागीताको सम्मान पत्र ।
- दोलखा जिल्ला बचत तथा ऋण सहकारी संघबाट २०६८ र २०६९ सालमा कदर पत्र प्रदान ।
- जिल्ला विकास समिति दोलखाद्वारा २०५७ सालमा कदर पत्र प्रदान ।
- राष्ट्रिय सहकारी दिवस २०६२ मा प्रशंसा पत्र ।

९. **संस्थाका वस्तु तथा सेवाहरुः**

क) **बचत परिचालनः** संस्थाले सदस्यहरुबाट प्रति महिना कम्तिमा रु.२०० नियमित रुपमा बचत संकलन गर्दछ । यसको अतिरिक्त ऐच्छिक, आवधिक, बाल तथा अन्य शीर्षकका बचतहरु सदस्यहरुले जम्मा गर्न सक्दछन् । यी बचतहरुमा संस्थाले प्रतिस्पर्धी तथा आकर्षक व्याजदर प्रदान गर्दछ ।

| क्र.स. | बचतका प्रकार | क्र.स. | बचतका प्रकार |
|---|---|---|---|
| १ | नियमित मासिक बचत | ९ | खुत्रुके बचत |
| २ | साधारण ऐच्छिक बचत | १० | विशेष आवधिक बचत |
| ३ | समृद्धि बचत | ११ | स्मार्ट आवधिक बचत |
| ४ | विशेष ऐच्छिक बचत | १२ | शैक्षिक बचत |
| ५ | बाल बचत | १३ | जेष्ठ नागरिक बचत |
| ६ | दैनिक बचत | १४ | स्वरोजगार बचत |
| ७ | शेयर लाभांस बचत | १५ | समुह बचत |
| ८ | आवधिक बचत (६ महिने, १, २ र ३ वर्षे) | १६ | आकस्मिक बचत |

ख) **ऋण लगानी सेवाः** संस्थाले सदस्यहरुलाई विभिन्न आय आर्जनका काममा लगानी गरी उनीहरुको आर्थिक अवस्था सुधार गर्न तपसिल वमोजिमको आय मूलक ऋण प्रदान गर्दछ ।

| क्र.स. | ऋणका प्रकार | क्र.स. | ऋणका प्रकार |
|---|---|---|---|
| १ | कृषि ऋण | ७ | वैदेशिक रोजगार ऋण |
| २ | पशुपालन ऋण | ८ | घर निर्माण ऋण |

| | | | |
|---|---|---|---|
| ३ | औद्योगिक ऋण | ९ | जग्गा खरिद ऋण |
| ४ | शैक्षिक ऋण (स्वदेश/विदेश) | १० | बचत धितो ऋण |
| ५ | हायर पर्चेज ऋण | ११ | लघुवित्त ऋण |
| ६ | व्यवसायिक ऋण | १२ | आवधिक बचत धितो ऋण |

**नोट**ः *सामान्यतया १ लाखसम्म बढिमा ३ वर्ष, ५ लाख सम्म बढिमा ५ वर्ष, ५ लाखभन्दा बढि रकमलाई १० वर्ष सम्मको अवधि राख्न सकिनेछ । हरेक ऋण किस्ताबन्दी रुपमा बुझाउनु पर्नेछ । सबै प्रकारका ऋणहरुको सुरुको किस्ता भुक्तानीको लागि ४ महिनाको अनुग्रह अवधि (Grace Period) उपलब्ध गराइनेछ । तर ऋणको अवधि निर्धारण गर्दा ऋणी र संस्थाबीचको आपसी समझदारी र सम्झौता अनुसार पनि गर्न सकिनेछ ।*

ग) **अन्य सेवाहरुः** संस्थाले बचत तथा ऋणका अलावा आबद्ध शेयर सदस्यहरुलाई विभिन्न गैरवित्तीय सेवाहरु प्रदान गर्दै आएको छ ।

१. **निःशुल्क ए.बि.बि.एस. सेवा (१६ वटै कार्यालयहरुबाट)**ः संस्थाले आफ्नो छुट्टै WLAN Intranet स्थापना गरी दोलखा, काठमाडौं जिल्लामा रहेका विभिन्न सेवाकेन्द्रहरुबाट सदस्यहरुलाई निःशुल्क रुपमा अन्तर सेवाकेन्द्र कारोबार (ए.बि.बि.एस.) सेवा उपलब्ध गराउँदै आएको छ ।

२. **मोबाईल बैंकिङ सेवा**ः सदस्यहरुलाई यो सेवा मार्फत कारोबारहरुको एलर्ट, नगद रहित कारोबार, टपअप तथा रिचार्ज, अनलाईन टिकेटिङ, QR Code, E-teller, Bank Fund Transfer (सहकारीको रकम बैंकमा र बैंकमा भएको रकम कनेक्ट आइपिएस र खल्ती प्रो मार्फत सहकारीमा) फरेक्स जानकारी र संस्थाको सूचनाहरु सम्बन्धी सेवा प्रदान गरिन्छ ।

३. **सदस्य सुरक्षा कोष सेवा**ः यस सेवा अन्तर्गत प्रत्येक सदस्यले आर्थिक वर्षको सुरुमा सदस्य सुरक्षा कोषमा रु. २ सय जम्मा गर्नुपर्दछ । सो आर्थिक वर्ष भित्र सदस्यको मृत्यु भएमा रु.१० हजार देखि रु.४० हजारसम्म सहयोग दिईन्छ ।

४. **मनी ट्रान्सफर सेवा**ः संस्थाले IME, Hulas, Ez remit, Best Remit, Ipay remit, Western Union Money Transfer, Himal remit, City express, easy link लगायतका कम्पनीहरुसँग सहकार्य गरेर सदस्यहरु तथा आसपासका सेवाग्राहीहरुलाई मनी ट्रान्सफरको सेवा उपलब्ध गराउँदै आएको छ ।

५. **सदस्यहरुलाई शिक्षा तथा तालिम**ः सदस्यहरुलाई निरन्तर रुपमा सहकारी शिक्षा शिविरको आयोजना गरी सहकारी सम्बन्धि शिक्षा प्रदान गरिरहेका छौं । यसै गरी आवश्यकता अनुसार सिपमूलक तालिम तथा वित्तीय साक्षरताको तालिमहरु सञ्चालन गर्दै आइरहेका छौं ।

६. **लघुवित्त सेवा**ः दोलखाको अतिदुर्गम क्षेत्रमा रहेका विपन्न वर्गका समुदायमा सहकारीको प्रभावकारी सेवा पुऱ्याउनका लागि संस्थाले लघुवित्त कार्यक्रम संचालन गरेको छ । महिलाहरुको समूह गठन गरी आर्थिक, सामाजिक र व्यवसायिक क्रियाकलापमा संलग्न गराउँदै सशक्तिकरण गर्नका लागि यो कार्यक्रम संचालन गरिएको हो ।

७. **जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति**ः कार्यक्षेत्र भित्रका सामुदायिक विद्यालय तथा क्याम्पसमा अध्ययनरत सदस्य तथा सदस्यका छोराछोरीहरु मध्येबाट जेहेन्दार विद्यार्थीहरुलाई विद्यालय तथा क्याम्पसले गरेको सिफारिसको आधारमा आधारभुत तहमा ५० जनाको लागि, माध्यमिक तह (९ र १०) मा ३० जना र माध्यमिक तह (११ र १२) मा २० जनाको लागि र क्याम्पस तहमा ५ जना गरी वार्षिक रुपमा १०५ जना जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्दै आएको छ ।

८. **सामाजिक संस्कार खर्च सहयोगः** सदस्यको मृत्यु हुँदा सामाजिक संस्कार खर्च बापत रु.५ हजार प्रदान गरिन्छ।

९. **प्राकृतिक प्रकोपमा सहयोगः** प्राकृतिक प्रकोपका कारण कुनै सदस्यको घर तथा व्यवसायमा क्षति भएमा तत्काल राहत दिनको लागि अवस्था हेरी रु.२ हजार देखि १० हजारसम्म आर्थिक सहयोग दिईन्छ।

१०. **सम्मान तथा पुरस्कारः** संस्थाले प्रत्येक वर्ष तपसिल बमोजिका विधाहरुमा सम्मान तथा पुरस्कार गर्दै आएको छ :

| | |
|---|---|
| जनसचेतन सहकारी अभियान्ता राष्ट्रिय पुरस्कार | उत्कृष्ट सेवाकेन्द्र सम्मान |
| असल नियमित बचतकर्ता (मासिक, ज्येष्ठ, बाल र दैनिक) सम्मान | पूर्व सञ्चालक सम्मान |
| उत्कृष्ट एस.इ.इ. सम्मान (छात्र र छात्रा) | असल ऋणी सम्मान |
| संस्थापक सदस्य सम्मान मरणोपरान्त | जनसचेतन आवाज सम्मान |
| अधिक शेयर खरिदकर्ता सम्मान | पत्रकार सम्मान |
| जेष्ठ सदस्य सम्मान (महिला र पुरुष) | वर्ष कर्मचारी सम्मान |

११. **जनसेचतन आजीवन साहाराः** सदस्य सुरक्षा कोषमा भाग लिएका ७५ वर्ष उमेर पुगेका वृद्ध वृद्धाहरुलाई संस्थाले मासिक रु.५ सयका दरले त्रैमासिक रुपमा एकमुष्ट आजीवन सहारा भत्ता दिदै आएको छ।

१२. **स्टिलको लठ्ठी वितरण कार्यक्रमः** संस्थामा आबद्ध भएको ५ वर्ष पुरा भई ७० वर्ष नाघेका जेष्ठ सदस्यहरुलाई जनसचेतनको सहारा लेखिएको स्टिलको लठ्ठी वितरण गर्ने गरेको छ।

१३. **जेष्ठ सदस्य तिर्थ अवलोकन भ्रमण कार्यक्रमः** संस्थामा आबद्ध जेष्ठ सदस्यहरुलाई नेपालका विभिन्न तिर्थ स्थलहरुको अवलोकन भ्रमण गराउने वार्षिक कार्यक्रम गरिएको छ।

१४. **सदस्य वित्तीय साक्षरता तथा विस्तारित मञ्च कार्यक्रमः** सहकारी विभागबाट जारी गरिएको सदस्यता केन्द्रियता सूचकाङ्क सम्बन्धी निर्देशनको पूर्ण रुपमा पालना गर्न, संस्था सञ्चालनका नीति तथा कार्यविधि तय र अद्यावधिक गर्न, संस्था सञ्चालनमा प्रत्यक्ष रुपमा सदस्यहरुको सहभागिता सुनिश्चित गर्न Correction Through Connection with Member र सदस्यता विस्तारित मञ्चका कार्यक्रमहरु सबै सेवाकेन्द्रहरु मार्फत सञ्चालन गरिदै आएको छ।

१५. **रक्तदान कार्यक्रमको आयोजनाः** "जीवन अमूल्य छ, बाँचौं र बचाउँ" भन्ने नारालाई आत्मसाथ गर्दै वार्षिक रुपमा नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा दोलखाको सहकार्य तथा प्राविधिक सहयोगमा राष्ट्रिय सहकारी दिवसको अवसर पारी हरेक वर्ष जति औं स्थापना दिवस त्यति नै पाउण्ड रगत हस्तान्तरण सहित रक्तदान कार्यक्रम गर्ने गरेको छ।

१६. **स्वास्थ्य उपचारमा आर्थिक सहयोगः** संस्थामा आबद्ध शेयर सदस्यहरुलाई गम्भिर प्रकृतिका रोगहरु (पारालाइसिस, मृगौला फेल, ब्रेन ट्युमर, क्यान्सर, मुटु सम्बन्धी रोग) बाट संक्रमित सदस्यहरुलाई स्वास्थ्य उपचारमा सहयोगको लागी रु.२ हजारदेखि १० हजारसम्म प्रदान गर्दै आएको छ।

१०. **जनसचेतन साकोस सञ्चालन भएपछि समुदायमा भएको परिवर्तनः**

१०.१ **आर्थिक परिवर्तन**

क) सदस्यहरुमा बचत गर्ने बानीको विकास भएको छ।

ख) साहु महाजनहरुको चर्को व्याजको ऋणबाट उन्मुक्ति पाएका छन्।

ग) स्वदेश तथा विदेशमा रोजगारको अवसरको सृजना भएको छ।

घ) रेमिट्यान्स कारोवारमा वृद्धि भएको छ।

ङ) कृषिमा व्यवसायीकरण भएको छ।

च) आर्थिक पहुँचमा वृद्धि भएको छ।

छ) गुणस्तरीय वित्तीय सेवाको उपलब्धतामा क्रमिक सुधार भैरहेको छ।

ज) गरिबी न्यूनिकरणमा सहयोग भएको छ।

झ) घरेलु तथा साना उद्योग स्थापनामा सहयोग भएको छ।

१०.२ **सामाजिक परिवर्तन**

क) हाम्रा सदस्यहरुको चेतनाको स्तरमा अभिवृद्धि भएको छ।

ख) नेतृत्व सीप विकास भएको छ।

ग) आत्मनिर्भर र पारस्पारिक सहयोगको भावनाको विकास भएको छ।

घ) सामाजिक अनुशासनमा अभिवृद्धि भै सु-संस्कारको शुरुवात भएको छ।

ङ) फजुल खर्च गर्ने बानीमा सुधार भै आर्थिक सम्वृद्धिको संकेत देखा परेको छ।

११. **जनसचेतन साकोसका केही सबल पक्षहरुः**

- स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतमा चिर-परिचित भएको छ।
- सदस्यले चाहेका १६ स्थानमा सेवाकेन्द्र स्थापना गरेर सेवाप्रवाह गरिरहेको छ जसको कारणले सदस्यहरुले सजिलैसंग एकठाउँमा रकम जम्मा गरेर अर्को ठाउँमा झिक्ने सुविधा प्राप्त गरिरहेका छन्।
- विद्युतीय माध्यमबाट सदस्यहरुलाई आधुनिक सेवा दिन सफल भएको छ।
- संस्थामा अत्याधुनिक उपकरणहरुको प्रयोगबाट कारोवारको सुरक्षा भएको छ।
- नमुना सहकारीको रुपमा विकास हुन सक्नु जसको कारणबाट बर्सेनी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका संघ संस्थाको अनुभव आदान प्रदान गर्ने गन्तव्य संस्थाको रुपमा विकास भएको छ।
- वित्तीय अनुशासन कायम हुन सक्नु जसको कारणले सदस्यहरुले खाई नखाई जम्मा गरेको शेयर र बचत रकमको सुनिश्चितता जोखिम रहित छ।
- समुदायको रुची र आवश्यकता अनुसारको वस्तु तथा सेवा प्रदान गर्न सक्षम भएको छ।
- सञ्चालकहरुको सहकारी सञ्चालन सक्षमतामा वृद्धि भैरहेको छ।
- कर्मचारी व्यवस्थापनमा कर्मचारीको क्षमतामा वृद्धि भैरहेको छ।
- सदस्यहरुको चाहनामा आधारित नीति, विधि र प्रविधि मैत्री सेवा प्रदान गरिरहेको छ।

१२. **नयाँ सदस्यता लिनको लागि आवश्यक न्यूनतम रकमः**

| विवरण | नगद रु. |
|---|---|
| प्रवेश शुल्क | २००।- |
| शेयर रकम (रु.१००×१० कित्ता) | १०००।- |
| नियमित मासिक बचत | कम्तिमा २००।- |
| सदस्य सुरक्षा कोष | २००।- |
| **जम्मा** | **१६००।-** |

१३. **सदस्यहरुको जिम्मेवारीः**

- मासिक रुपमा आफुले कबुल गरेको बचत रकम नियमित जम्मा गर्नु ।
- नियमित रुपमा ऋणको तोकिए बमोजिमको किस्ता बुझाउनु ।
- संस्थाले आयोजना गरेको सभा गोष्ठी आदिमा सहभागी हुनुपर्ने ।
- संस्थालाई हानी हुने तथा आम सदस्यलाई नोक्सानी हुने काम गर्न नहुने (No harm to others)।
- संस्थाको नीति नियमहरुको पालना गर्नु ।

१४. **सम्पर्क ठेगानाः**

| मुख्य कार्यालयः वैतेश्वर गा.पा.- ५, काब्रे, दोलखा, फोन नं. : ०४९-४११००४, ४११००५ | | | |
|---|---|---|---|
| १ | काठमाडौं सेवाकेन्द्र,<br>फोन ०१-५९०१८५३, ९८५४०४५३०९ | २ | चरिकोट सेवाकेन्द्र,<br>फोन ०४९-४२१८६७, ९८५४०४५३१३ |
| ३ | मेलुङ सेवाकेन्द्र, पवटी, ९८५४०४५३२५ | ४ | जिरी सेवाकेन्द्र, ९८५४०४५३२३ |
| ५ | कालिन्चोक सेवाकेन्द्र, सुन्द्रावती ९८५४०४५३२० | ६ | विगु सेवाकेन्द्र, सिंगटी ९८५४०४५३१४ |
| ७ | तामाकोशी सेवाकेन्द्र, हाँवा ९८५४०४५३२८ | ८ | गौरीशङ्कर सेवाकेन्द्र, सुरी ९८६०५०५३६० |
| ९ | शैलुङ सेवाकेन्द्र, भैसे ९८५४०४५३३१ | १० | साङ्बा संकलन केन्द्र, ९८५४०४५३१६ |
| ११ | मार्वु संकलन केन्द्र, ९८५४०४५३१७ | १२ | बाघखोर संकलन केन्द्र, ९८४४४६९४११ |
| १३ | नाम्दु संकलन केन्द्र, ९८५४०४५३१९ | १४ | बाबरे संकलन केन्द्र, ९८५४०४५३३२ |
| १५ | मिर्गे संकलन केन्द्र, ९८५४०४५३१५ | १६ | जगत संकलन केन्द्र, ९८५४०४५३३४ |

## कतै तपाईको मासिक बचत रोकिएको त छैन ?

मासिक बचत रोकिएका सदस्यहरूलाई निस्कृय सदस्यको रूपमा गणना गरिने भएकोले यदि तपाईको मासिक बचत रोकिएको भएमा पायक पर्ने सेवाकेन्द्रमा गई आजै आफ्नो र आफूले जम्मा गरिदिनु पर्ने बालबालिका तथा आफ्नो परिवारको मासिक नियमित बचत जम्मा गरी सक्रिय सदस्य बन्नु हुन अनुरोध छ । निष्कृय सदस्यको रूपमा रहँदा संस्थाबाट प्रदान गरिने ऋण लगाएतका अन्य सेवाहरू लिन अयोग्य ठहर्ने र सेवाबाट वन्चित रहने हुँदा समयमै बचत गरी असल सदस्यको पहिचान कायम गर्नुहुन हर्दिक अनुरोध गर्दछौ ।

जनसचेतन साकोस

# व्यवस्थापनको प्रतिवद्धता

दोलखा जिल्लाको सहकारी अभियानलाई विकास र प्रवर्द्धन गर्न तथा समुदायको समृद्धि अभिवृद्धि गर्नको लागि महत्वपूर्ण भूमिका खेल्न सफल यस संस्थाको गौरवमय ३१ वर्षहरुका सफलता र उपलब्धीहरु सर्व विदितै छ। संस्थाले गरेको "**प्रविधियुक्त प्रतिस्पर्धी सुरक्षित वित्तीय सहकारी संस्था**" भन्ने परिकल्पना पुरा गर्न सञ्चालक समितिले निर्दिष्ट गरेका नीति तथा कार्यक्रमहरुलाई उपलब्धी उन्मुख कार्यान्वयन गर्न सिंगो व्यवस्थापन निरन्तर लागि रहको छ। संस्था स्थापनाको उद्देश्य प्राप्तीमा निरन्तरता दिँदै सदस्यहरुको आर्थिक तथा सामाजिक अवस्थामा सुधार गर्ने कुरामा संस्था सदैव प्रतिबद्ध र समर्पित छ।

परम्परागत पूँजि निर्माण भन्दा आफूलाई अलग पहिचान दिँदै राज्यको आर्थिक समृद्धिका निम्ति एउटा अभिन्न अंग बन्दै छुट्टै खालको परिचय स्थापित गर्ने रणनीति लिएर संस्था अगाडि बढिरहेको छ। हामी बैंक होइन, बैंक भन्दा फरक हुन चाहन्छौं। साकोसको मुख्य व्यवसाय बैंकको जस्तो देखिए पनि यो बैंक भन्दा फरक छ र बैंक भन्दा फराकिलो क्षेत्रबाट समुदायलाई सेवा पुऱ्याउन सकिने विकल्पहरु सहित क्रियाशिल छौं। हामीले हाम्रो परिकल्पनालाई साकार पार्नको लागि हाम्रा निर्दिष्ट लक्ष्यहरुलाई पछ्याउँदै सदस्यहरुको सपनाहरु साकार बनाउन प्रतिवद्ध भएर लाग्नुपर्ने आवश्यकता एकातिर छ भने अर्कोतर्फ सहकारीका रणनीति अनुसार हाम्रा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय छाता संघ संस्थाहरुले डोऱ्याएको बाटोमा संस्थालाई अगाडि बढाउँदै विश्व सहकारी अभियानमा महत्वपूर्ण भूमिका खेल्नु पर्ने जिम्मेवारी छ। नेपाल सरकारले तय गरेको ३ खम्बे अर्थनीति भित्र रहि सहकारी आन्दोलनलाई थप उचाईमा पुऱ्याउनु हाम्रो दायित्व र जिम्मेवारी दुवै रहेका छन्।

सहकारी अभियानलाई लाखौं मानिसहरुको साथ र सहयोग रहि रहँदा पनि सहकारी संस्थाहरु बीचको अस्वस्थ प्रतिस्पर्धा र सञ्चालक तथा कर्मचारीहरुको मनोमानीले समय समयमा विभिन्न समस्याहरु आइ नै रहेका छन्। हाम्रो पहिलो लक्ष्य सदस्यहरुलाई सन्तुष्ट बनाउने रहेकाले हामी निरन्तर सदस्य सेवामा जुटिरहेका छौं। उत्पन्न विभिन्न बाधा र चुनौतिका बाबजुद समेत संस्थाले सम्पूर्ण वित्तीय समाधान सहितका सेवाहरु प्रदान गरि रहेको छ। संस्थाले सदस्यहरुलाई प्रविधिमा आधारित IBFT, Mobile Banking, QR Code, E-Teller, Bank Fund Transfer लगायतका सेवाहरु निरन्तर उपलब्ध गराइरहेको छ। कार्यक्षेत्रको भौगोलिक विकटता र विषम परिस्थितीमा पनि सदस्यहरुलाई निरन्तर रुपमा सेवा पुऱ्याएको अनूभव गरेका छौं।

वित्तीय संस्था संचालन प्रक्रियालाई जिवन्त रुप दिन संस्थामा कार्य गर्ने सिंगो व्यवस्थापनको क्षमता चुस्त, दुरुस्त, पारदर्शी, लगनशिल र सिकेका सिपहरुको कार्यान्वयनमा ध्यान दिई उत्पादकत्वमा वृद्धि गर्न सक्षम हुनुपर्छ। आजको यो प्रतिस्पर्धात्मक र उत्कृष्टताको समयमा संस्थाको फराकिलो सोचलाई पुरा गर्नको लागि निश्चित रुपमा जनसचेतन साकोसको व्यवस्थापन निक्कै नै सक्षम, गतिशिल, प्रभावकारी र आधुनिक हुन जरुरी छ भन्ने कुरामा सचेत रहँदै व्यवस्थापनको नेतृत्वदायी भूमिकाको हैसियतले प्रभावकारी व्यवस्थापन संस्कारको विकास गर्दै संस्थाको रणनीतिक योजनाद्वारा समुदायमा गुणस्तरीय, सदस्य केन्द्रित वित्तीय सेवा प्रदान गर्ने प्रतिवद्धता व्यक्त गर्न चाहन्छौं।

जय सहकारी ॥ जय जनसचेतन ॥

**प्रमुख कार्यकारी अधिकृत**

## जनसचेतन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको
३१ औं वार्षिक साधारण सभाको लागि

# सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत प्रतिवेदन

यस संस्थाको गरिमामय ३१औं वार्षिक साधारण सभाको एकाइगत सभाहरुमा हाम्रो निमन्त्रणलाई स्वीकार गरी उपस्थित हुनु भएका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, अतिथिज्यूहरु तथा आमन्त्रित सम्पूर्ण उपस्थित महानुभावहरुमा हार्दिक स्वागत एवम् सहकारी अभिवादन व्यक्त गर्न चाहान्छु।

२०५० साल आश्विन २२ गते स्थापित जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि. आज ३२औं वर्षमा अगाडि बढिरहेको छ। २६ जना शिक्षक, २ जना कर्मचारी, २ जना व्यापारी, १ जना सामाजिक अभियान्ता र ३ जना किसानहरु गरी जम्मा ३४ जनाले स्थापना गरेको यो संस्था विविध जटिलताहरुलाई पार गर्दै स्वर्णिम भविष्य निर्माणको बाटोमा अविचलित र अविरल रुपमा अगाडि बढि रहेको सर्वविदितै छ। सदस्यहरुको आर्थिक, सामाजिक र सांस्कृतिक स्तर अभिवृद्धि गरि समुन्नत समाजको निर्माण गर्ने लक्ष्य राखेको संस्थाले छैटौं रणनीतिक व्यवसायिक योजनाबाट "**प्रविधियुक्त प्रतिस्पर्धी सुरक्षित वित्तीय सहकारी संस्था**" को परिकल्पना गरेको छ। संस्था विकासका क्रममा हामीसंग धेरै सबल पक्ष तथा सुधार गर्ने विषयका साथ-साथै विभिन्न अवसर तथा चुनौतीहरु रहेका छन्। सबल पक्षको रक्षा गर्दै कमि कमजोरी सच्च्याउदै बाधा अड्चन र चुनौतीहरुको सामना गर्दै अवसर हरुलाई समय सापेक्ष अंगिकार गर्दै अगाडि बढिरहेको गर्विलो इतिहासको साक्षि हामी सबै छौं। सहकारीको यहि गर्विलो र ओजस्वी इतिहासलाई नै निरन्तरता दिनका लागि जनसचेतनको सञ्चालक समिति क्रियाशिल रहेको छ। संस्थाको साखमा इट्टा थप्दै सफलताको थप उच्चाईमा पुऱ्याउनका लागि सल्लाहकार, बुद्धिजिवी, अग्रज, सरकारी तथा गैरसरकारी संघ/संस्था, शेयर सदस्य तथा कर्मचारीहरुबाट भरपुर साथ र सहयोगको अपेक्षा गर्दै सहयोगी मनहरु प्रति संस्था सधै ऋणी रही रहेको छ र रहिरहनेछ।

**शेयर सदस्य महानुभावहरु,**

हामीले संस्थालाई सहकारी सिद्धान्त, मुल्य मान्यता र आदर्श अनुसार सञ्चालन गर्ने प्रतिवद्धता गरेका छौं। समय सापेक्ष संस्था सञ्चालनका नीति तथा कार्यविधिहरुमा परिमार्जन तथा अद्यावधिक गर्दै हाल १० वटा नीति र २२ वटा कार्यविधि निर्माण गरी सुशासन कायम राख्न प्रयत्न गरेका छौं। कारोबारलाई पारदर्शी बनाएका छौं। प्रविधियुक्त प्रतिस्पर्धी कार्यक्रमहरु सञ्चालन गरेका छौं। "**प्रविधिमैत्री गुणस्तरीय सेवा, सदस्यहरुलाई टेवा**" भन्ने मुख्य उद्देश्य बोकेको संस्थामा **सदस्य सुरक्षाकोष, सामाजिक संस्कार खर्च, जनसचेतन आजिवन साहारा, मनिट्रान्स्फर, गरिबसँग जनसचेतन, सदस्यहरुलाई शिक्षा तथा तालिम कार्यक्रम, जेहेन्दार विद्यार्थी छात्रवृती, जनसचेतन आजीवन साहारा, विभिन्न विद्याहरुमा सदस्य सम्मान तथा पुरस्कार कार्यक्रम, औषधी उपचार आर्थिक सहयोग, प्राकृतिक प्रकोपमा सहयोग, लघुवित्त कार्यक्रम, जेष्ठ सदस्यलाई स्टिलको लठ्ठी वितरण, जनप्रतिनिधिसँग जनसचेतन** लगायतका महत्वपुर्ण सेवा तथा कार्यक्रमहरु संचालन गरिरहेका छौं। संस्थालाई चुस्त, दुरुस्त र पारदर्शी ढंगले संचालन गरि सदस्यहरुलाई प्रविधियुक्त गुणस्तरीय र प्रतिस्पर्धी सेवा प्रदान गर्ने उद्देश्यले व्यवसायिक, सक्षम र दक्ष कर्मचारीको व्यवस्थापनमा जोड दिदैं आएका छौं। सदस्यहरुको सेवालाई छिटो छरितो ढंगले सम्पादन गर्न तथा उत्कृष्ट र गुणस्तरिय सेवा प्रदान गर्न मुख्य कार्यालय सहित १७ वटा कार्यालयहरुको व्यवस्थापन गरेका छौं।

**शेयर सदस्य महानुभावहरु,**

संस्थाका वस्तु तथा सेवाहरुलाई गुणस्तरिय, दिगो, भरपर्दो, विश्वासिलो र परिणाममुखी बनाउन २०६५ सालबाट ACCESS BRAND कार्यक्रममा सहभागि भएर निरन्तर मेहनत र सदस्यहरुको सहयोगका कारण संस्थाले २०६९ सालमा BRONZE BRAND प्राप्त गर्न सफल भयौं । BRAND स्तरोन्नती गर्न थप सृजनात्मक, सुधारात्मक र परिणाममुखी कार्यहरु सम्पादन गर्दै २०७३ सालमा SILVER BRAND प्राप्त गऱ्यो । साथै संस्थाले ६२ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा नेपाल सरकारको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले सहकारी व्यवसाय मार्फत सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणमा उल्लेख्य योगदान पुऱ्याए बापत उत्कृष्ट सहकारीको रुपमा रु.२ लाख राशीको पुरस्कार र सम्मान पत्र प्राप्त गरेको छ। संस्थाले सुरक्षित सदस्य सेवा र सुशासन सहितको सञ्चालनमा स्वदेश लगायत विदेशमा समेत उत्कृष्टताको पहिचान बनाई सकेको छ। बचत तथा ऋण सहकारी संस्थाका सुन्दर पक्षहरु जस्तैः सेवा प्रदान, साझा बन्धन, नाफा गौण, कारोबारमा संलग्नताको आधारमा प्रतिफल वितरण, स्वयंमसेवी नेतृत्व, बचत र श्रम प्रदान जीवनयापन लगायतका सहकारी संस्कृतिलाई आत्मसाथ गर्दै संस्थामा आबद्ध शेयर सदस्यहरुलाई सेवा प्रवाह गर्ने कार्यमा **नेताले होइन, नीतिले, बोलिले होइन, विधिले र परम्पराले होइन, पद्धती र प्रविधिले संस्था सञ्चालन गर्नुपर्छ** भन्ने भावलाई व्यवहारमा उतार गर्दै आबद्ध सदस्यहरुको आर्थिक सामाजिक परिवर्तनमा संस्था क्रियाशिल रहेको छ।

**संचालक समितिको तर्फबाट संस्थाको आ.व. २०८०/०८१ को प्रगतीको समिक्षा, समग्र आर्थिक कारोबार, संस्थाले हासिल गरेका उपलब्धी र भावी कार्ययोजना तथा प्रस्तावहरु प्रस्तुत गर्न अनुमति चाहन्छु।**

१. **सदस्यताः** २०८१ आषाढ मसान्तसम्ममा यस संस्थामा आबद्ध सदस्यको संख्या ३८,६३५ पुगेको छ। गत आ.व.को अन्त्य सम्ममा कुल सदस्य संख्या ३७,९४३ रहेकोमा यस वर्ष १३७८ जनाले सदस्यता लिनुभएको छ भने बसाई सराई, मृत्यु लगायत विभिन्न कारणबाट ६८६ जनाको सदस्यता समाप्ती भई खुद थप भएका सदस्यहरुको संख्या ६९२ भएको छ।

२. **शेयर पूँजीः** संस्थाको चुक्ता शेयर पूँजी २०८० आषाढ मसान्तसम्ममा रु.१६,६७,२४,९००।- रहेकोमा २०८१ आषाढ मसान्त सम्ममा जम्मा रु.१५,९३,०१,४००।- पुगेको छ। शेयर पूँजीमा गत वर्षको तुलनामा २.२२ प्रतिशतले कमि भएको छ।

३. **संस्थागत पूँजीः** गर्त वर्ष संस्थागत पूँजीमा गणना गर्न मिल्ने कोषहरुको कुल रकम रु.१७,८१,११,५७६।९९ रहेकोमा यस वर्ष १८,०१,४५,५२२।१० रहेको छ। यस आ.व.को अन्त्यमा संस्थाको संस्थागत पूँजी ७.०७ प्रतिशत पुगेको छ।

४. **बचत निक्षेपः** सदस्यहरुले जम्मा गर्नुभएको कुल बचत निक्षेप २०८० आषाढ मसान्तसम्ममा रु.१,६३,०९,५३,५४१।०३ पुगेकोमा २०८१ आषाढ मसान्तसम्ममा कुल बचत निक्षेप रु.१,९५,२६,९६,७५२।९२ पुगेको छ। बचत निक्षेपमा गत वर्षको तुलनामा १९.७३ प्रतिशतले वृद्धि भएको छ। संस्थाले विभिन्न १६ प्रकारका बचत योजनाहरु निर्माण गरी सदस्यहरुको चाहना, क्षमता र आवश्यकता अनुसार बचत गर्ने व्यवस्था मिलाएको छ।

५. **ऋण लगानीः** २०८० आषाढ मसान्तमा कुल ऋण लगानी रु.१,८२,२७,९८,७९३।८९ रहेकोमा आ.व. २०८०/०८१ मा संस्थाले विभिन्न १२ प्रकारका ऋणका शिर्षकहरुमा ऋण लगानी रु.८९,२५,१८,३५४।५१ र ऋण असुली रु. १,०२,५७,८७,४५३।३३ गरी २०८१ आषाढ मसान्तमा कुल लगानीमा रहेको ऋण रु.१,६८,९५,२९,६९५।०७ रहेको छ। ऋण लगानीमा गत वर्षको तुलनामा ७.३१ प्रतिशतले कमी भएको छ।

६. **बाह्य ऋण**: गत आ.व. को अन्त्य सम्ममा जम्मा रु.१०,५४,६९,२१४।३२ बाह्य ऋण रहेकोमा यो वर्ष शुन्य रहेको छ।

७. **तरलता अनुपात**: आ.व. २०७९/०८० को अन्त्यमा संस्थाको तरलता (नगद तथा बैंक) रकम रु.२८,१६,४४,७७०।१७ अर्थात १७.२७ प्रतिशत रहेकोमा यो आ.व. को अन्त्यमा उक्त रकम रु.६२,५२,८०,४५२।३७ अर्थात ३२.०२ प्रतिशत रहेको छ।

८. **वित्तीय लगानी**: संस्थाले विभिन्न संस्थाहरुमा आ.व. २०७९/०८० मा रु. ३,१८,७७,६००।०० रकम लगानी गरेकोमा आ.व. २०८०/०८१ को अन्त्यमा पनि रु.३,१८,७७,६००।०० रकम नै लगानीमा रहेको छ।

९. **भाखा नाघेको ऋण र ऋण जोखिम कोषको व्यवस्था**: २०८१ आषाढ मसान्तमा संस्थाको कुल ऋण लगानी रु.१,६८,९५,२९,६९५।०७ मध्ये १ वर्ष भन्दा कम भाखा नाघेको ऋण रु.३,३३,६४,१६५।८३ र १ वर्षभन्दा बढी भाखा नाघेको ऋण रु.२९,०२,४८,९९६।२५ गरी कुल भाखा नाघेको ऋण रकम रु.३२,३६,१३,१६२।६८ रहेको छ। जुन कुल ऋण लगानी रकमको अनुपातमा १९.१५ प्रतिशत हुन आउँछ। भाखा नाघेको र असल ऋणको लागि ऋण जोखिम कोषको व्यवस्था गरी उक्त कोषमा जम्मा रु.८,२६,६३,८८१।- छुट्टाइएको छ।

१०. **स्थिर सम्पत्ति र ह्रास कट्टी विवरण**: आ.व. २०८०/०८१ मा रु.५,६७,२३,५०६।८३ रहेकोमा NFRS विधिबाट अडिट गरी ह्रास कट्टी गर्दा यो आ.व.मा रु.३१,७६,११९।२९ ह्रास कट्टी खर्च भएको छ, उक्त रकम घटाउँदा रु.५,४२,०६,३४२।५२ बराबरको स्थिर सम्पत्ति बाँकी रहन आएको छ।

११. **आय-व्यय हिसाब**: गत आ.व. को तुलनामा १५.१५ प्रतिशतले आम्दानीमा कमी भई यस आ.व. २०८०/०८१ मा संस्थाको कुल आम्दानी रु.२२,६६,८०,४५३।९८ भएको छ। गत आ.व. को तुलनामा खर्च तर्फ ११.६७ प्रतिशतले कमी भई खर्च रु.२२,०२,१६,३७७।८० भएको छ। त्यस्तै गत वर्षको तुलनामा खुद सञ्चालन बचतमा ६३.७८ प्रतिशतले ह्रास भई संचालन बचत रु.६४,६४,०७६।१८ मात्र भएको छ।

१२. **मानव संशाधनको व्यवस्थापन**: संस्थाको नियमित कारोबारलाई व्यवस्थित, जिम्मेवारी र जवाफदेही ढंगले सञ्चालन गर्न ६५ जना कर्मचारीको व्यवस्था गरिएको छ। जस मध्ये ५ जना प्रशिक्षार्थी कर्मचारी, ३ जना कार्यालय सहयोगी, १ जना सवारी चालक र १ जना सुरक्षा गार्डको व्यवस्थापन गरिएको छ। कर्मचारी संयन्त्रलाई चुस्त र भरपर्दो बनाई कामको जिम्मेवारीको बाँडफाँड गरिएको छ। कर्मचारीहरू प्रशिक्षार्थी तह विहिन देखि प्रमुख कार्यकारी अधिकृतसम्म गरेर आवश्यक मात्रामा दरबन्दीको सृजना गरिएको छ। कर्मचारीहरूमा एकरुपता ल्याउन र संस्थाको पहिचान गराउन युनिफर्मको व्यवस्था गरिएको छ। आवश्यकता अनुसार कर्मचारीहरूको दरबन्दी थप गर्ने, पदपूर्ति गर्ने, बढुवा गर्ने, पुरस्कृत र दण्डित गर्ने, आकर्षक सेवा र सुविधाहरू प्रदान गर्ने आदि कार्यहरूलाई समयानुकुल व्यवस्थित गरिएको छ। संस्थामा कार्यरत कर्मचारीहरुको विवरण देहाय अनुसार रहेको छ।

| सि.नं. | रोजगारीको प्रकार | पुरुष कर्मचारी | महिला कर्मचारी | जम्मा |
|---|---|---|---|---|
| १. | नियमित रोजगारी | ९ | २० | २९ |
| २. | समयगत रोजगारी | २० | १६ | ३६ |
| **जम्मा** | | **२९** | **३६** | **६५** |

१३. **साधारण सभा**: संस्थाको ३०औं वार्षिक साधारण सभा २०८० कार्त्तिक १७ गते ८ वटा स्थानहरुमा, १८ गते ८ वटा स्थानहरुमा, २० गते १ स्थानमा र २२ गते १ स्थानमा गरी जम्मा १८ वटा स्थानहरुमा साधारण सभाहरु सम्पन्न गरी साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गरिएको थियो। साधारण सभाहरुमा २७,६०८ शेयर सदस्य मध्ये १८,४३० (६६.६७ प्रतिशत) शेयर सदस्यहरुको उपस्थिति रहेको थियो।

१४. **सदस्य सुरक्षा कोष कार्यक्रमः** सदस्यको मृत्यु पश्चात उनीहरूका आश्रित परिवारको आर्थिक सुरक्षा गर्ने अभिप्रायले २०६१ सालमा स्थापित सदस्य सुरक्षा कोषबाट यस आ.व. मा जम्मा ५० जना सदस्यहरुको स्वर्गारोहण भएकोले निजहरुका आश्रित परिवारलाई रु.११,००,०००।- (अक्षरेपी एघार लाख रुपैयाँ मात्र) भुक्तानी गरिएको छ।

१५. **सामाजिक संस्कार खर्च सहयोग कार्यक्रमः** सदस्यको मृत्यु पश्चात उनीहरूका आश्रित परिवारलाई सामाजिक संस्कार खर्च सहयोग गर्नको लागि सामुदायिक विकास कोषबाट यस आ.व.मा जम्मा ५० जना सदस्यहरुको स्वर्गारोहण भएकोले निजहरुका आश्रित परिवारलाई रु.२,५०,०००।- (अक्षरेपी दुई लाख पचास हजार रुपैयाँ मात्र) भुक्तानी गरिएको छ।

१६. **स्वास्थ्य उपचार खर्च सहयोग कार्यक्रमः** गम्भिर प्रकृतिका रोगहरुबाट प्रभावित शेयर सदस्यहरुलाई स्वास्थ्य उपचारमा सहयोग पुऱ्याउने उद्देश्यले ५ वर्ष सदस्यता अवधि पुरा भएका नियमित मासिक बचतकर्ता र संस्थामा ऋण कारोबार नियमित भएका सदस्यहरु पारालाइसिस, मृगौला फेल, ब्रेन ट्यूमर, क्यान्सर र मुटु सम्बन्धी रोग जस्ता घातक रोगहरुबाट ग्रसित भएमा सम्बन्धित पालिका र वडा कार्यालयको सिफारिसको आधारमा रु.५ हजारदेखि रु.१० हजारसम्म स्वास्थ्य उपचार सहयोग प्रदान गर्दै आएको छ। आ.व. ०८०/८१ मा ८ जना सदस्यहरुले रु.४०,०००।- रकम यस शिर्षक अन्तर्गत भुक्तानी लिनु भएको छ।

१७. **प्राकृतिक प्रकोपमा आर्थिक सहयोगः** विभिन्न किसिमका प्राकृतिक प्रकोपको कारण संस्थामा आबद्ध सदस्यहरुको घर तथा व्यवसायमा क्षती पुगेमा क्षतीको अवस्था हेरी रु.२ हजार देखि रु.१० हजार सम्म आर्थिक सहयोग उपलब्ध गराउँदै आएको छ। आ.व. २०८०/०८१ मा नियमित मासिक बचतकर्ता र संस्थामा ऋण कारोबार नियमित भएका सदस्यहरु मध्येबाट ४ जना सदस्यहरुलाई रु.१५,०००।- बराबरको आर्थिक सहयोग प्रदान गरिएको छ।

१८. **छात्रवृत्तिः** हरेक वर्ष संस्थामा आबद्ध सदस्य वा सदस्यका छोराछोरी मध्ये जेहेन्दार विद्यार्थीहरुलाई विद्यालयले सिफारिस गरेको आधारमा आधारभूत तहमा ५० जना, माध्यमिक (९-१०) ३० जना, माध्यमिक तह (११-१२) २० जना र क्याम्पस तह ५ जना गरी जम्मा १०५ जना विद्यार्थीहरुलाई वार्षिक रुपमा १५०० देखि ७००० सम्म छात्रवृत्ति प्रदान गर्ने व्यवस्था रहेकोमा गत आ.व. मा छात्रवृत्ति प्रदान गर्न सकिएको छैन।

१९. **सम्मान तथा पुरस्कारः** वार्षिक रुपमा राष्ट्रिय तथा अन्तराष्ट्रिय छाता संगठनहरुबाट संस्था, पदाधिकारी र कार्यरत कर्मचारीहरु विभिन्न विधाहरुमा सम्मानित हुने गरेका छन्। यसका साथै संस्थामा आबद्ध सदस्यहरुलाई पनि संस्थाले विभिन्न विधामा सम्मान तथा पुरस्कृत गर्ने कार्य गर्दै आएको छ। आ.व. २०८०/०८१ मा संस्थाले प्राप्त गरेका र प्रदान गरेका सम्मान तथा पुरस्कारहरु तपसिल बमोजिम रहेका छन्।

क) **संस्थाले प्राप्त गरेका सम्मान तथा पुरस्कारः** संस्थाले सहकारी व्यवसाय मार्फत मानिसहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणमा योगदान पुऱ्याए बापत वार्षिक रुपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मान तथा पुरस्कारहरु प्राप्त गर्ने गरेका छ। आ.व. २०७८/७९ मा संस्थाले सबै भन्दा बढि कर दाखिला गरे वापत आ.व. २०८०/८१ मा राष्ट्रिय कर दिवस २०८० को अवसरमा आन्तरिक राजश्व कार्यालय, धुलिखेलबाट सम्मान पत्र प्राप्त गरेको थियो।

ख) **संस्थाले प्रदान गरेका सम्मान तथा पुरस्कारः** आ.व. २०८०/०८१ मा कुनैपनि विद्याहरुमा सदस्य तथा व्यक्तिहरुलाई संस्थाले सम्मान तथा पुरस्कृत गरेको छैन्।

२०. **जनसचेतन आजीवन साहारा**ः सदस्यहरुलाई वृद्ध अवस्थामा सुरक्षाको प्रत्याभूति दिने उद्देश्यका साथ संस्थाका ७५ वर्षभन्दा बढी उमेर भएका (सदस्य सुरक्षा कोष कार्यक्रममा भाग लिएका) वृद्ध सदस्यहरूलाई "**जनसचेतन आजीवन साहारा**" अन्तर्गत मासिक रु.५००।- का दरले त्रैमासिक रुपमा भत्ता उपलब्ध गराईदै आएको छ । जनसचेतनका सदस्यहरुले बुढेसकालमा आर्थिक एवं सामाजिक रुपमा पिछडिनु नपरोस् र उनीहरु आत्मसम्मानका साथ बाँच्न पाउन भन्ने उद्देश्यले वृद्धहरुका लागि विभिन्न सामाजिक सुरक्षाका कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। आ.व. २०८०/०८१ असार मसान्तसम्ममा संस्थाबाट यो सुविधा प्राप्त गर्ने सदस्यहरुको संख्या ९० जना जेष्ठ सदस्यहरुलाई रु.६,८३,०००।- रकम प्रदान गरिएको छ।

२१. **जेष्ठ सदस्य तिर्थ अवलोकन भ्रमण कार्यक्रम**ः संस्थामा आबद्ध शेयर सदस्यहरु मध्येबाट ६५ वर्ष उमेर पुगी ७० वर्ष ननाघेका, सदस्यता अवधि ५ वर्ष पुरा भएका ६० जना सदस्यहरुलाई विभिन्न तिर्थ स्थलहरु अवलोकन भ्रमण गराउने कार्यक्रम रहेको छ। उक्त कार्यक्रम अन्तर्गत निज सदस्य तथा एकाघर परिवारमा नियमित मासिक बचत र संस्थामा ऋण कारोबार नियमित भएका सदस्यहरु मध्येबाट आ.व. २०८०/०८१ मा ५८ जना शेयर सदस्यहरु र व्यवस्थापनको लागि कर्मचारीहरु ४ जना गरी जम्मा ६२ जनालाई हलेशी महादेव, सुनसरी बराहक्षेत्र धाम र जनकपुरधामको तिर्थ अवलोकन भ्रमण गराइएको छ। उक्त कार्यक्रमको लागी रु.३,१८,१९५।- रकम खर्च भएको छ।

२२. **प्राविधिक पूर्वाधार**ः सदस्यहरुलाई चुस्त, दुरुस्त र सहज ढंगबाट सेवा प्रवाह गर्नको लागि संस्थाले तल उल्लेखित आधुनिक प्रविधिमा आधारित सेवालाई प्राथमिकताका साथ अगाडि बढाएको छ।

- क) आधुनिक बैंकिङ सफ्टवेयर (Infinity)
- ख) मोबाईल बैंकिङ सेवा
- ग) आधुनिक PABX प्रणाली
- घ) सि.सि. क्यामेरा र केन्द्रिकृत तथा विकेन्द्रिकृत रेकर्डिङ र व्याकअपको व्यवस्था
- ङ) ई-हाजिरी सफ्टवेयरको व्यवस्था
- च) AML Reporting सफ्टवेयरको व्यवस्था
- छ) ऋण व्यवस्थापन सफ्टवेयरको व्यवस्था
- ज) सेवाकेन्द्रहरु संयोजनका लागि आफ्नै वायरलेस ल्यान नेटवर्क

२३. **अध्ययन अवलोकन तथा भ्रमण**ः यस आ.व. २०८०/०८१ मा संस्थालाई अध्ययन अवलोकनको गन्तव्य बनाउँदै देश भित्रका विभिन्न संघ संस्थाबाट अध्ययन अवलोकन तथा निरिक्षण भएको छ।

| निकायको नाम | पटक | अनुगमन तथा भ्रमण गर्ने व्यक्ति र टोलि |
|---|---|---|
| सहकारी विभाग, नयाँ बानेश्वर | १ पटक | श्री प्रेम कुमार श्रेष्ठको नेतृत्वको अनुगमन टोलि |
| राष्ट्रिय सभा सदस्य | १ पटक | श्री घनश्याम रिजाल |
| प्रतिनिधिसभा सदस्य | १ पटक | श्री राजेन्द्र पाण्डे |
| प्रदेश मन्त्रालय, बागमती | १ पटक | मा. मन्त्री श्री लक्ष्मण लम्साल, (श्रम, रोजगार तथा यातायात) |
| जिल्ला अदालत, दोलखा | १ पटक | श्रीमान् न्यायाधिस माधव प्रसाद सुवेदी |
| स्थानीय सरकार | २ पटक | पौवादुङ गापा प्रमुख, साल्पा सिलिचो गापा प्रमुख र दमक नपाका सहकारी विकास बोर्डका प्रमुख लगाएतको टोलि |

| | | |
|---|---|---|
| नेफ्स्कून | १ पटक | डा. श्री शिवजी सापकोटा (प्रमुख कार्यकारी अधिकृत) |
| नेपाल सहकारी पत्रकार समाज | १ पटक | अध्यक्ष, श्री काजी श्रेष्ठ सहितको टोलि |
| राष्ट्रिय व्यक्तित्व | १ पटक | श्री जिवन शर्मा |
| प्रारम्भिक सहकारी संस्थाहरु | १० वटा | सञ्चालक तथा कर्मचारीहरुको संयुक्त टोलि |
| पत्रकारहरु | १ पटक | दोलखा जिल्लामा सक्रिय पत्रकारिता गर्ने पत्रकारहरु |
| सेवा प्रदायक संस्था | १ पटक | श्री अरविन्द्र प्रधान (इन्फो डेभलपर्स प्रा.लि.) |

२४. **तालिम तथा गोष्ठीमा सहभागिता:** कार्यदक्षता अभिबृद्धि गर्न, सीप एवं कुशलता प्राप्त गर्न, जटिल कार्यलाई सरलतापूर्वक सञ्चालन गर्न तालिम प्राप्त योग्य एवं दक्ष सञ्चालक र कर्मचारीको आवश्यकता पर्दछ। सक्षम सञ्चालक एवं कर्मचारीले मात्र संस्थालाई निर्देशित लक्ष्यमा पुऱ्याउन सक्छन् । यही अभिप्रायले आफ्ना सञ्चालक तथा कर्मचारीहरूलाई आवश्यक पर्ने तालिम प्रदान गर्ने गरेको छ।

**सञ्चालकहरुको तालिममा सहभागिता:**

| S.N. | Training Name | Date | Place | Participator's Name | Post |
|---|---|---|---|---|---|
| 1 | SACCOS Summit, 2024 | 2080.11.16 - 17 | Kathmandu | Hemanta Chaulagain | Chairman |
| 2 | ASC National Conference, 2081 | 2081.01.25 - 26 | Kathmandu | Min Prasad Dahal | ASC Coordinator |
| 3 | ASC National Conference, 2081 | 2081.01.25 - 26 | Kathmandu | Phulkaji Lama Tamang | ASC Member |

**कर्मचारीहरुको तालिममा सहभागिता:**

| S.N. | Training Name | Date | Place | Participator's Name |
|---|---|---|---|---|
| 1 | Mero Kitta Training | 2080.05.26 | Charikot | Kumar Prasad Dahal |
| 2 | Interaction On Cooperative Development Training | 2080.09.08 to 09 | Banepa | Nawaraj Dahal |
| 3 | Staff Capacity Enhancement & Development Training | 2080.09.13 to 15 | Dhulikhel | CEO, Depart Head, Service Center Head & others Employee |
| 4 | 1st Cooperative Digital Conclave | 2080.12.01 to 02 | Kathmandu | Ramesh Lamichhane |
| 5 | CULEG Training | 2080.12.27 to 29 | Kathmandu | Nawaraj Dahal |
| 6 | Advance Excel Training | 2081.03.19 to 22 | Virtual | Ramesh Lamichhane |

२५. **मनिट्रान्सफर सेवा:** रोजगारीको सन्दर्भमा धेरै युवा सदस्यहरू विदेश गएका छन् । उनीहरूले कमाएर पठाएको रकम परिवारले संस्थामार्फत सहजै प्राप्त गर्न सकुन् भन्ने उद्देश्यका साथ मनिट्रान्सफर सेवा उपलब्ध गराइएको छ । उनीहरूले IME, Western Union, Himal Remit, Best Remit, Ipay Remit, Easylink लगायतका मनिट्रान्सफरहरु मार्फत रकम पठाउन र झिक्न सकिने ब्यवस्था सबै सेवाकेन्द्रहरुबाट मिलाइएको छ। आ.व. भरिमा ५५५७ जना सदस्यहरुले र गैर सदस्य १६३० जनाले गरी जम्मा ७१८७ जनाले यो सेवा उपभोग गरेका छन।

२६. **नीति, कार्यविधि र निर्देशिकाहरुः** संस्थालाई नीति, विधि र प्रविधिको दायरामा सञ्चालन गर्ने उद्देश्य अनुरुप संस्थाले विगतमा निर्माण गरी कार्यान्वयनमा ल्याएका १० वटा नीति र २० वटा कार्यविधिहरुलाई समय सापेक्ष अद्यावधिक तथा परिमार्जन गरी तपसिल बमोजिमका १० वटा नीति र २२ वटा कार्यविधि तथा निर्देशिकाहरु तयार गरी लागु गरेको छ।

**नीतिहरुः**

१. संस्था संचालन तथा व्यवस्थापन नीति
२. सदस्यता नीति
३. आर्थिक नीति
४. सुशासन नीति
५. बचत तथा ऋण नीति
६. मानव संशाधन तथा व्यवस्थापन नीति
७. लघुवित्त तथा अन्य सेवा संचालन नीति
८. सूचना प्रविधि नीति
९. सम्पत्ति शुद्धिकरण तथा जोखिम व्यवस्थापन नीति
१०. अभिलेख व्यवस्थापन तथा कागजात धुल्याउने नीति

**कार्यविधिहरुः**

१. कार्यालय सञ्चालन तथा अनुगमन कार्यविधि
२. साधारण सभा सञ्चालन कार्यविधि
३. निर्वाचन कार्यविधि
४. समिति तथा उप-समितिहरुको बैठक सञ्चालन कार्यविधि
५. योजना तर्जुमा तथा समिक्षा कार्यविधि
६. बचत संकलन, ऋणी लगानी तथा असुली कार्यविधि
७. कोष व्यवस्थापन तथा खर्च कार्यविधि
८. वस्तु तथा सेवाको विकास र मूल्य निर्धारण कार्यविधि
९. अन्य सेवा प्राप्ती तथा भुक्तानी कार्यविधि
१०. सामान खरिद, बिक्री तथा जिन्सी दाखिला कार्यविधि
११. सूचना प्रविधि कार्यविधि
१२. कार्यालय उपकरण प्रयोग तथा संरक्षण सम्बन्धी कार्यविधि
१३. कार्यालय सरसफाई, कागजात सुरक्षा तथा नष्ट कार्यविधि
१४. सदस्य शिक्षा, भ्रमण तथा तालिम सम्बन्धी कार्यविधि
१५. सम्मान, पुरस्कार तथा दण्ड जरिवाना सम्बन्धी कार्यविधि
१६. सदस्य सुरक्षा कोष सञ्चालन कार्यविधि
१७. नगद/बैंक प्राप्ती तथा भुक्तानी सम्बन्धी कार्यविधि
१८. तरलता व्यवस्थापन तथा बाह्य ऋण सम्बन्धी कार्यविधि
१९. मनिट्रान्सफर सेवा सञ्चालन कार्यविधि
२०. धितो मूल्यांकन कार्यविधि
२१. सामाजिक परीक्षण कार्यविधि
२२. जोखिम व्यवस्थापन तथा मूल्याङकन कार्यविधि

२७. **लघुवित्त कार्यक्रमः** जिल्लाको उत्तरी क्षेत्र, वित्तीय सुविधा र पँहुचको हिसाबले दुर्गम मानिएका बस्तीहरुमा बसोबास गर्ने संस्थामा आबद्ध सदस्यहरुको लागि वित्तीय सुविधा तथा पँहुच पुऱ्याउने उद्देश्यले लघुवित्त कार्यक्रम संचालनमा ल्याइएको छ। आ.व. २०८०/०८१ को अन्त्य सम्ममा ६० वटा समूहमा ९७५ जना सदस्यहरु रहेका छन्।

२८. **जनसचेतन कपको आयोजनाः** "सहकारीमा यूवा विद्यार्थीको सहभागिता" गर्ने उद्देश्यले संस्थाले वार्षिक रुपमा जनसचेतन कपको आयोजना गर्ने घोषणा गरेको छ । विगतमा वैतेश्वर गाउँपालिका भित्रका माध्यमिक विद्यालय स्तरीय भलिबल प्रतियोगिता आयोजना गरिएता पनि यस आ.व. २०८०/०८१ मा उक्त कार्यक्रमलाई विविध कारणहरुले गर्दा निरन्तरता दिन सकिएको छैन ।

२९. **डस्टविन वितरण कार्यक्रमः** "हाम्रो बजार राम्रो बजार" बनाउने उद्देश्यले कार्यक्षेत्र भित्रका बजार क्षेत्र, धार्मिक स्थल, पार्क, सार्वजनिक स्थल र विद्यालयहरुमा क्रमश डस्टविन वितरण गर्ने कार्यक्रम संस्थाले तय गरेको छ। सोही कार्यक्रम अर्न्तगत आ.व. २०८०/०८१ मा संस्थाले १२३ वटा डस्टविन खरिद गरी दोलखा जिल्ला भित्रका बजार क्षेत्र, धार्मिक स्थल, पार्क, सार्वजनिक स्थल र विद्यालयहरुमा डस्विन वितरण गरिएको छ।

३०. **वृक्षारोपण कार्यक्रमः** संयुक्त राष्ट्र संघले तय गरेका दिगो विकासका लक्ष्य प्राप्तीमा सहकारी संस्थाहरुको भूमिकालाई मनन गर्दै संस्थाले तय गरेको "पर्यावरण संरक्षणमा सहकारी" नारालाई साकार बनाउन वार्षिक रुपमा कार्यक्षेत्र भित्रका विभिन्न स्थानहरुमा क्रमशः वृक्षारोपण गर्दै जाने कार्यक्रम रहेको छ। डिभिजन वन कार्यालय, दोलखा, वैतेश्वर गापा वडा नं. ५ को वडा कार्यालय र उद्योग वाणिज्य संघ लि. मैनापोखरीको सहयोगमा मैनापोखरी बजारमा १८० वटा बिरुवा वृक्षारोपण गर्ने कार्य सम्पन्न गरिएको छ।

३१. **लठ्ठी वितरण कार्यक्रमः** संस्थाले गत आ.व.मा ४१७ जना जेष्ठ सदस्यहरुलाई स्टीलको लठ्ठी वितरण गरेको छ।

३२. **स्थापना दिवसः** संस्थाको ३१औं स्थापना दिवस संस्थाको मुख्य कार्यालयमा बागमती प्रदेश सहकारी संघ लि. का महासचिव भीम प्रसाद दहालको प्रमुख आथित्यतामा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा स्थापना कालका सदस्यहरुलाई सम्मान पत्र र नेपाली ढाका टोपिका साथ सम्मान प्रकट गरिएको थियो ।

३३. **सहभागिता र प्रतिनिधित्वः** संस्थाका वरिष्ठ उपाध्यक्ष दोलखा जिल्ला बचत तथा ऋण सहकारी संघ लि.को लेखा सुपरीवेक्षण समिति संयोजक पदमा, सचिव कमल बहादुर दहाल समृद्ध आवास विशिष्टिकृत सहकारी संघ लि. को सञ्चालक सदस्य पदमा, सल्लाहकार संयोजक भीम प्रसाद दहाल बागमती प्रदेश सहकारी संघ लि. को महासचिव पदमा र सेवाकेन्द्र सञ्चालन तथा व्यवस्थापन उपसमिति सदस्य निर्मला शिवाकोटी दोलखा जिल्ला सहकारी संघ लि. को सञ्चालक सदस्य पदमा निर्वाचित हुनु भएको छ।

३४. **पूर्व नेतृत्व विकास तालिमः** संस्थाको ३१औं साधारण सभा निर्वाचन सहितको साधारण सभा भएकोले सो साधारण सभाबाट सञ्चालक समिति तथा लेखा सुपरीवेक्षण समितिमा निर्वाचित हुन इच्छुक शेयर सदस्यहरुको लागि पूर्व नेतृत्व विकास तालिम मिति २०८१ बैशाख १९ गते आयोजना गरिएको थियो । उक्त कार्यक्रममा ३७ जनाले सहभागिता जनाउनु भएको थियो ।

३५. **कर योगदान**ः संस्थाले आ.व. २०८०/८१ मा राज्यलाई निम्नानुसार कर योगदान गरेको थियो ।

| शिर्षक | योगदान रकम |
|---|---|
| ब्याज कर | ९८,२०,१५९.९३ |
| साधारण सभा भत्ता कर | १६,६३,५३१.२७ |
| भाडा कर | ४१,६०९.०० |
| घरभाडा कर | १,५५,६६९.०० |
| अग्रिम करकट्टी (पब्लिक लि., प्रा.लि., अन्य निकाय तथा व्यक्तिगत वा एकलौटी फर्म) | १,७८,६६६.०९ |
| पारिश्रमिक कर | २,९९,९५२.६७ |
| शेयर लाभांश कर | ४,३४,४१९.५९ |
| पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर | ५०,६८९.०० |
| सूचिकृत शुल्क (स्थानयि तह) | १७,२००.०० |
| **जम्मा** | १,२६,६१,८९६.५५ |

३६. **आन्तरिक संचार प्रणाली**ः संस्थाले सदस्यहरुलाई आफ्ना गतिविधिहरु तथा सुचनाहरु प्रवाह गर्नको लागि फेसबुक पेज, वेभसाइट तथा इमेल ठेगाना खोली सूचनाहरु सम्प्रेषण गर्ने गरेको छ ।

वेभसाइटः www.janasachetan.org.np

फेसबुकः https://www.facebook.com/janasachetan

इमेल ठेगानाः info@janasachetan.org.np

संस्थाको टेलिफोन नं.ः ०४९-४११००४/४११००५

छिटो छरितो सञ्चारको लागि प्रमुख लगायत सिनियर व्यवस्थापनबीच सि.यू.जि. सिम कार्ड व्यवस्थापन गरिएको छ ।

**३७. संस्थाको वित्तीय संरचनाको मुख्य–मुख्य सुचांकहरुको तुलनात्मक अवस्थाः**

| क्र.स. | विवरण | लक्ष्य | प्रगति | प्रगति |
|---|---|---|---|---|
| १ | सदस्यता | ३९,४०८।०० | ३८,६३५।०० | ९८।०४ |
| २ | शेयर | १६,६९,२४,९००।०० | १५,९३,०१,४००।०० | ९५।४३ |
| ३ | जगेडा तथा अन्य कोषहरु | २८,५५,९८,५३०।९० | २०,३२,४१,०७७।३८ | ७१।१६ |
| ४ | बचत निक्षेप | १,७८,१४,७५,१२८।६० | १,९५,२६,९६,७५२।९२ | १०९।६१ |
| ५ | शेयर तथा अन्य लगानी हिसाब | १०,५८,९०,५०६।५३ | ३,१८,७७,६००।०० | ३०।१० |
| ६ | ऋण लगानी | १,९५,४८,७६,५६०।१७ | १,६८,९५,२९,६९५।०७ | ८६।४३ |
| ७ | स्थिर सम्पत्ति | ६,०६,३९,२५६।८२ | ५,४२,०६,३४२।५२ | ८९।३९ |
| ८ | खुद बचत | ५,८५,५२,०९२।४५ | ६४,६४,०७६।१८ | ११।०४ |
| ९ | जम्मा सम्पत्ति | २,४५,३२,७७,१२१.०० | २,५४,९४,४०,४१५.५२ | १०३.९२ |

३८. **आगामी आर्थिक वर्ष २०८१/०८२ को लागी प्रस्तावित कार्ययोजना तथा बजेटः**

**क) सदस्यताः**

| विवरण | शेयर सदस्य | बाल बचतकर्ता | जम्मा |
|---|---|---|---|
| महिला | १४९१५ | ४९७९ | १९८०४ |
| पुरुष | १३५०१ | ५९४६ | १९४४७ |
| संस्थागत | ४१ | ० | ४१ |
| **जम्मा** | २८४८४ | १०९२४ | ३९४०८ |

**ख) शेयर पूँजीः** २०८१ आषाढ मसान्त सम्ममा शेयर पूँजी रु.१५,९३,०१,४००|- पुऱ्याउने लक्ष्य लिइएको छ। आबद्ध शेयर सदस्यहरुलाई औषत शेयरको अवधारणमा अभ्यस्त गराइने छ।

**ग) जगेडा कोष तथा अन्य कोषहरुः** २०८१ आषाढ मसान्तमा संस्थाको कोषहरुमा रु.२६,६१,६८,८१९|११ पुऱ्याउने लक्ष्य लिइएको छ।

**घ) बचत निक्षेपः** आगामी वर्षको अन्त्यमा रु.२,०९,१३,२४,८९८|४७ पुऱ्याउने लक्ष्य लिइएको छ। हाल भइरहेका बचतका प्रकारहरुमा सदस्यहरुको चाहाना, क्षमता र आवश्यकता अनुसार थप तथा समय सापेक्ष अद्यावधिक गर्दै जाने नीति अवलम्बन गरिनेछ।

**ङ) ऋण लगानीः** आगामी आ.व.को आषाढ मसान्तमा लगानीमा रहने ऋण रु.२,१२,९३,२८,१४९|९१ पुऱ्याउने लक्ष्य लिइएको छ। आगामी आ.व. मा लगानी गरिने रकम उत्पादन मुलक क्षेत्रलाई जोड दिने नीति अवलम्बन गरिने छ।

**च) वित्तीय लगानीः** आगामी आ.व. को अन्त्य सम्ममा रु.३,५१,१७,६२०|०१ मात्र रहने गरी वित्तीय लगानी गरिनेछ।

**छ) भाखा नाघेको ऋण र ऋण जोखिम कोषको व्यवस्थाः** भाखा नाघेको ऋणको असुलीलाई प्रभावकारी बनाउँदै असुली प्रक्रियालाई तीव्रता दिइनेछ। यस आ.व. लाई ऋण असुली वर्षको रुपमा लिई ढिला सुस्ती र अटेरी गर्ने सदस्यहरुको सार्वजनिक सूचना प्रकाशन र लिलामी प्रक्रिया अगाडि बढाइने छ। ऋणलाई भाखा नाघ्न नदिन ऋणको लगानी प्रक्रियालाई समेत सुदृढिकरण गरिनेछ। सहकारी विभागको सहकारी संघ/संस्थामा सुशासन प्रवर्द्धनको लागि एकिकृत निर्देशन, २०७९ बमोजिम भाखा नाघेको र असल ऋणको लागि ऋण जोखिम कोषको व्यवस्था गरिनेछ।

**ज) लाभांशः** सहकारी विभागद्धारा मिति २०७९/०२/१२ मा जारी एकिकृत निर्देशन, २०७९ को निर्देशन (च) २० अनुसार भाखा नाघेको ऋणमा पर्याप्त सुरक्षण कोषको व्यवस्थापन गरे पश्चात मात्र वा भाखा नाघेको ऋणलाई नियन्त्रण पश्चात मात्र शेयर सदस्यहरुलाई शेयरमा लाभांश प्रदान गर्न मिल्ने भएकोले सोको पूर्ण कार्यान्वयन गरे पश्चात मात्र लाभांश वितरण गरिनेछ। यसरी प्रदान गरिने दरलाई प्रतिस्पर्धी र बजारदर अनुसार कायम गर्न प्रयत्न गरिनेछ।

**झ) आय-व्यय हिसावः** आ.व. २०८१/०८२ मा संस्थाको कुल आम्दानी रु.३१,९२,४०,४७०|०१ हुने र खर्च रु.२६,५२,७५,७२३|९४ हुने अनुमान गरिएको छ। साथै खुद सञ्चालन बचत रु.५,३९,६४,७४६|०७ हुने अनुमान गरिएको छ।

ञ) **मानव संसाधनको व्यवस्थापनः** संस्थाको नियमित कारोवारलाई व्यवस्थित, जिम्मेवारी र जवाफदेही ढंगले सञ्चालन गर्न कर्मचारीहरुको संख्या, पद तथा दरबन्दिहरुमा थपघट गरिनेछ। आवश्यकता अनुसार कर्मचारीहरूको दरवन्दी थप वा घट गर्ने, पदपूर्ति गर्ने, बढुवा गर्ने, पुरस्कृत तथा दण्ड गर्ने, आकर्षक सेवा र सुविधाहरू प्रदान गर्ने आदि कार्यहरूलाई समयानुकुल व्यवस्थित गर्ने नीति अवलम्बन गरिनेछ।

ट) **संरक्षित पूँजी फिर्ता कोषको रकम वितरणः** संरक्षित पूँजी फिर्ता कोषको मूल मर्मलाई आत्मसाथ गर्दै संस्थाबाट ऋण लिई असल कारोबार गर्ने सदस्यहरु (३ महिना भन्दा बढि समय भाखा ननघाउने सदस्य) र नियमित मासिक बचत गर्ने सदस्यहरुलाई संरक्षित पूँजी फिर्ता कोषको रकम सहकारी नियमावलीले तोके बमोजिम वितरण गरिनेछ।

ठ) **सेवाकेन्द्र/संकलनकेन्द्रको स्थापनाः** संस्थाले आफ्नो कार्यक्षेत्र भित्रका विभिन्न स्थानहरुमा सदस्यहरुको चाप र मागको आधारमा सेवाकेन्द्र र संकलनकेन्द्रहरुको स्थापना गर्दै लगिनेछ। हाल सञ्चालनमा रहेका सेवाकेन्द्र तथा संकलनकेन्द्रको प्रगती प्रतिवेदनको आधारमा सवलीकरण र स्थायीत्वको व्यवस्था गर्दै लगिनेछ।

ड) **एक्सेस कार्यक्रमलाई निरन्तरताः** संस्थाबाट प्रदान गरिने सेवा तथा सुविधाहरुलाई विश्वासिलो भरपर्दो, गुणस्तरिय, छिटो र छरितो बनाई संस्थाको चौतर्फी विकासमा सहयोग पुऱ्याउने उद्देश्यले एसियाली ऋण महासंघद्वारा लागु गरिएको एक्सेस कार्यक्रमको सहभागितालाई निरन्तरता दिइनेछ।

ढ) **विनियम, नीति, निर्देशिका तथा कार्यविधिः** संस्थाको विनियमका केही दफाहरु संसोधन गर्न र केही व्यवस्थाहरु थप गर्न आवश्यक भएकोले आगामी वार्षिक साधारण सभामा विनियम संसोधन प्रस्ताव पेश गरी आवश्यकता अनुसार थप नीति, कार्यविधि र निर्देशिकाहरु तर्जुमा गर्ने र विद्यमान नीति, निर्देशिका तथा कार्यविधिहरु समयानुकुल अद्यावधिक गरी लागु गर्ने योजना राखिएको छ।

ण) **सदस्यहरुको सन्तुष्टि मूल्यांकनः** संस्थाले सदस्यहरुलाई उपलब्ध गराउँदै आएको वस्तु तथा सेवाहरुमा गुणस्तरीयता र छरितोपनको विषयमा सदस्य सन्तुष्टि सर्वेक्षण गरिनेछ। साथै संस्थाका वस्तु तथा सेवाहरुले सदस्यहरुको जीवनमा पारेको प्रभावको पनि सर्वेक्षण गरिनेछ। सुझाव संकलनका लागि सदस्य गुनासो पुस्तिका, गुनासो पेटिका, प्रत्यक्ष टेलिफोन सम्पर्क, सदस्य परामर्श भेला, क्षेत्रीय सभा तथा गोष्ठीहरु आयोजना गरी सुधारका लागि सदस्यहरुको सुझाव संकलन गर्ने र प्राप्त सुझावहरुको आधारमा संस्थाको भावी योजना तथा कार्यदिशा तयार गरिनेछ। सदस्यहरुको सहभागितालाई उत्प्रेरित गर्न सन्तुष्टि सर्वेक्षणमा संलग्न हुने सदस्यहरु मध्येबाट गोला प्रथाबाट छनौट गरी पुरस्कृत समेत गरिनेछ। यसका साथै संस्थाको प्रभावकारीताको मूल्याङकन गर्नको लागी वार्षिक रुपमा सामाजिक परीक्षण गर्ने कार्यको समेत थालनी गरिनेछ।

त) **उद्यमशीलता अभिवृद्धिः** सदस्यहरुलाई उद्यमशीलता अभिवृद्धि गर्नको लागि आगामी वर्ष क्षेत्रगत रुपमा सम्भावित सदस्यहरु छनौट गरी व्यवसाय विकास तालिमको व्यवस्था गर्नुका साथै दोलखा जिल्लामा सम्भाव्य केही व्यवसायहरुको नमुना व्यवसायिक योजना तयार पारी सदस्यहरुलाई उपलब्ध गराईनेछ। संस्थाले कृषि तथा पशु प्राविधिकको समेत व्यवस्थापन गरिसकेकोले सदस्यहरुलाई व्यवसायी बनाउनको लागी विभिन्न किसिमका तालिमहरुको व्यवस्थापन गरिनेछ। साथै व्यवसाय विकास कक्षको स्थापना गरी ऋण लगानी गर्नुपूर्व आवश्यक परामर्श प्रदान गरिनेछ।

**थ) सदस्यहरुको KYM अद्यावधिक गर्नेः** सदस्यहरुको यकिन जानकारीहरु अद्यावधिक गराइरहनु पर्ने भएको हुँदा यस आ.व. मा पनि सो कार्यलाई निरन्तरता दिइनेछ।

**द) बजार विश्लेषण तथा ब्याजदरः** बदलिँदो वित्तीय बजारलाई ध्यानमा राखी त्रैमासिक रुपमा बजार अवस्थाको अध्ययन तथा सर्वेक्षण गरी आवश्यकता अनुसार सञ्चालक समितिले ब्याजदर परिमार्जन गर्ने योजना राखिएको छ।

**ध) साकोस एकरुपता प्रणाली तथा स्थिरीकरण कोषमा सहभागिता जनाउनेः** नेपालको सहकारी अभियानलाई मजबुत बनाउने उद्देश्यले नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघद्वारा सञ्चालन हुने साकोस एकरुपता प्रणाली तथा स्थिरीकरण कोषमा सहभागिता जनाईनेछ।

**न) सहकारी अध्ययन अवलोकन भ्रमणः** सहकारी संस्थाहरुको असल अभ्यासहरुको अध्ययन अवलोकन गरी सो को सिकाईलाई यस संस्थामा समय सापेक्ष रुपमा लागु गर्ने उद्देश्य राखी संस्थाका समिति, उपसमिति, कर्मचारी तथा अगुवा सदस्यहरु सम्मिलित समूहलाई सहकारी अध्ययन अवलोकन भ्रमणमा सहभागि गराउने योजना राखिएको छ। यस्ता भ्रमण कार्यक्रमहरु लागतमा आधारित हुनेछन।

**प) तालिम तथा विकासका कार्यक्रमको व्यवस्थाः** सिकाई समृद्धि पक्षको विकास गर्नको लागि आ.व. २०८१/०८२ मा सदस्य, सञ्चालक र कर्मचारीहरुका लागि विभिन्न प्रकारका तालिम तथा विकासका कार्यक्रमहरुको व्यवस्था मिलाईने छ। यो ३१औं वार्षिक साधारण सभा निर्वाचन सहितको साधारण सभा भएकाले निर्वाचित समितिका पदाधिकारी तथा सदस्यहरुको लागी ६ महिना भित्रमा CUDCC कार्यक्रमको आयोजना गरिनेछ।

**फ) वस्तु तथा सेवा विस्तारः** सदस्यहरुको सन्तुष्टि सर्वेक्षण गर्दा सदस्यहरुले माग गरे बमोजिमका वस्तु तथा सेवाहरुको अध्ययन तथा अनुसन्धान गरी समयानुकुल सेवाहरुलाई निरन्तरता दिइनेछ।

**ब) सुशासनको परिक्षणः** संस्थाको वित्तीय विवरण मासिक रुपमा सार्वजनिक गर्ने र हरेक वर्ष संस्थाबाट प्रवाह गरिने वस्तु तथा सेवाको बारेमा सुशासन परिक्षण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ। सहकारी विभागबाट जारी भएको सदस्यता केन्द्रियता सूचकाङ्कको परिक्षणलाई समेत निरन्तरता दिइनेछ। सहकारी संस्थामा सहकारीताको विकासको लागि सहकारीका सिद्धान्तको परिक्षण कार्यलाई निरन्तरता दिइनेछ।

**भ) सदस्य सुविधाका कार्यक्रमहरुः** आ.व. २०८१/०८२ का लागि सदस्य सुविधाका देहायका कार्यक्रमहरु लागु गर्ने योजना राखिएको छ।

१) क्यान्सर, प्यारालाईसिस, मृगौला तथा मुटु रोग सम्बन्धी घातक रोगहरुमा कोषको अवस्था हेरि बढिमा रु.१० हजारसम्म राहतको व्यवस्थालाई निरन्तरता दिइनेछ।

२) १८ वर्ष देखि ४५ वर्ष सम्मका उमेर समूहका सदस्यहरुले उद्योग स्थापना गरी सञ्चालन गरेमा त्यस्ता उद्योगको लागि संस्थाले निर्धारण गरेको अधिकतम ब्याजदरमा २% कम गरी ऋण लगानी गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

३) ६० वर्ष नपुग्दै संस्थामा सदस्यता प्राप्त गर्ने सदस्यहरुलाई सामाजिक संस्कार खर्च (किरिया खर्च) बापत प्रदान गर्दै आएको रु.५,०००|- लाई निरन्तरता दिइनेछ। बाल बचतकर्ता र ६० वर्ष उमेर पुगेर सदस्य बन्ने जेष्ठ नागरिक शेयर सदस्यलाई किरिया खर्च बापतको रकम उपलब्ध गराइने छैन।

४) प्राकृतिक प्रकोपको कारण भएको क्षतीको अवस्था हेरि दिइने राहत रकम रु.२,०००|- देखि रु.१०,०००|- सम्मलाई निरन्तरता दिइनेछ। मानवीय क्षती समेत भएको अवस्थामा रु.१०,०००|- र

अन्यको हकमा रु.५,०००।- सम्म राहत उपलब्ध गराउने गरी व्यवस्थापन गरिनेछ। यसरी रकम प्राप्त गर्न घटना घटेको ३५ दिन भित्र रितपूर्वक निवेदन अनिवार्य गरिएको छ।

५) ६० वर्ष अगाबै संस्थामा सदस्यता लिने तथा सदस्य सुरक्षा कोषमा आबद्ध ७५ वर्ष उमेर पुगेका शेयर सदस्यलाई त्रैमासिक रुपमा उपलब्ध गराइदै आएको आजीवन साहारा भत्तालाई निरन्तरता दिइनेछ। यस कार्यक्रमबाट आजीवन साहारा भत्ता प्राप्त गर्नको लागी तपसिल बमोजिमका सर्तहरु अनिवार्य गरिनेछ।

क) मासिक रु.२००। का दरले अनिवार्य बचत गरेको हुनुपर्नेछ।

ख) शेयर र मासिक बचत खातामा न्यूनतम रु.५०,०००। (पचास हजार मात्र) मौज्दात भएको हुनुपर्नेछ।

६) शेयर सदस्यहरुले नवजात शिशु जन्मेको ३५ दिन भित्र संस्थामा शिशुको नाममा बाल बचत खाता खोलेमा शुन्य मौज्दातमा खाता खोलिदिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७) सदस्यहरुले आफ्नो खाताको रकम नेपालको जुनसुकै स्थानबाट झिक्न मिल्ने गरी प्रविधिको पहुँचमा विस्तार गर्दै लगिनेछ।

८) सरकारी तथा गैरसरकारी निकायहरुको सहयोग एवं समन्वयमा सदस्यहरुको आम्दानीमा वृद्धि पुऱ्याउने किसिमका व्यवसायिक तालिमहरु सञ्चालन गरिनेछ।

९) सदस्य सुरक्षाकोष मार्फत सदस्यहरुको मृत्यु पश्चात भुक्तानी गरिने रकमको सिमालाई निम्नानुसार वर्गिकरण गरी वितरण गरिनेछ। वार्षिक रुपमा कोषमा योगदान र मासिक बचत अनिवार्य सर्त रहनेछन।

| क्र.सं. | समयावधि | रकम रु. |
|---|---|---|
| १ | सुरुको पहिलो वर्ष | रु.५ हजार मात्र। |
| २ | दोस्रो वर्ष देखि १० वर्षसम्म | रु.५ हजार + प्रतिवर्ष १ हजारका दरले थप |
| ३ | १० वर्ष भन्दा माथि | रु.५ हजार + प्रतिवर्ष २ हजारका दरले थप |

१०) संस्थाको सदस्य नभएका नयाँ बुहारीले विवाह भएको ३५ दिन भित्र सदस्यको लागि आवेदन दिएमा नयाँ बुहारी स्वागत कार्यक्रम अन्तर्गत प्रवेश शुल्कमा शतप्रतिशत छुट दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

११) कृषि, पशुपालन तथा स्थानीय कच्चा पदार्थमा आधारित घरेलु लघुउद्यम गर्न इच्छुक सदस्यहरुले समुह बनाई निवेदन पेश गरेमा सो संग सम्बन्धित क्षमता अभिवृद्धि तथा सीपमुलक तालिमहरु सञ्चालन गरिनेछ।

१२) विगतको सदस्य जीवन बीमा कार्यक्रमलाई निरन्तरता दिँदै विभिन्न बीमा कम्पनीहरुसंग सहकार्य गरी सदस्यहरुको जीवन बीमा तथा निर्जीवन बीमा गर्ने कार्यक्रमको आवश्यकताको आधारमा सुरुवात गरिनेछ। साथै सामुहिक जमानीमा लगानी गरिने ऋणहरुको अनिवार्य बीमा गर्ने कार्यक्रमको सुरुवात गरिनेछ। यस्तो ऋणको बीमा गर्ने कार्यक्रमलाई विस्तारै अन्य ऋणहरुको हकमा समेत लागु गर्दै लगिनेछ।

१३) आबद्ध सदस्यहरुमा उद्यमशिलता विकास गर्नको लागी व्यवसाय विकास सहयोग कक्षको स्थापना गरिनेछ। संस्थामा ऋण माग गर्ने र व्यवसाय गर्न इच्छुक सदस्यहरुलाई व्यवसायिक योजनाहरु उपलब्ध गराउने तथा आवश्यक परामर्श उपलब्ध गराइनेछ।

१४) जनसचेतन कप लगायतका सामाजिक कार्यक्रमहरुलाई सम्भावना भएसम्म निरन्तरता दिइनेछ।

१५) कार्यक्षेत्र भित्रका शेयर सदस्य, बाल बचतकर्ता तथा भावी सदस्यहरुलाई वित्तीय साक्षरताका कार्यक्रमहरुमा सहभागी गराइने छ। यसका साथै माध्यमिक विद्यालय तथा क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुको लागी समेत वित्तीय साक्षरता कक्षाहरु सञ्चालन गरिनेछ।

१६) संस्थाबाट प्रवाह हुने सेवालाई छिटो छरितो र कागज रहित बनाउनको लागि सबै सेवाकेन्द्र तथा संकलनकेन्द्रहरुमा E-Teller / QR Code र Free Internet को व्यवस्था गर्दै लगिनेछ।

१७) वातावरण संरक्षणको लागि कार्यक्षेत्र भित्रका सार्वजनिक स्थल तथा विद्यालयहरुको लागि डस्टविन वितरण तथा वृक्षारोपणको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१८) विभिन्न निकाय तथा स्थानीय सरकारको साझेदारीमा क्षेत्र पहिचान गरी स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

१९) नियमित मासिक वा बाल वा जेष्ठ नाागरिक बचत खातामा तपसिल अनुसारको बचत रकम हुने सदस्यहरुको लागि स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गतको बीमा प्रिमियममा निम्नानुसार सहयोग गर्ने कार्यको थालनी गरिनेछ। यस्तो रकम प्राप्त गर्न स्वास्थ्य बीमा कार्डको प्रतिलिपि संलग्न गरि निवेदन पेश गर्नुपर्नेछ।

| नियमित मासिक वा बाल वा जेष्ठ नागरिक बचत खातामा रहने रकम | उपलब्ध गराइने सहयोग रकम |
|---|---|
| न्यूनतम रु.५० हजारदेखि १ लाख सम्म | रु.२५०।०० |
| न्यूनतम रु.१ लाखदेखि माथिको | रु.५००।०० |

२०) छात्रवृत्ति वितरण, सार्वजनिक स्थलहरुको सरसफाई, बगैंचा निर्माण तथा वातावरण सौन्दर्यता सुधारका कार्यलाई निरन्तरता दिइनेछ।

२१) प्रत्येक सेवाकेन्द्र तथा संकलनकेन्द्र अन्तर्गत मासिक रुपमा सदस्यता विस्तारित मञ्च तथा सदस्यता जागरण अभियानका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२२) सहकारीमा यूवा विद्यार्थीको सहभागितालाई अभिवृद्धि गर्न संस्थामा आबद्ध रहेका न्यूनतम १०० जना सदस्य रहेका माध्यमिक विद्यालय तथा क्याम्पसहरुमा जनसचेतन युवा क्लबको गठन गरिनेछ। यस्ता क्लबहरु मार्फत वार्षिक रुपमा सम्बन्धित विद्यालय तथा क्याम्पसहरुको मागमा आधारित १ वटा साहित्यीक कार्यक्रम (वक्तृत्वकला, वादविवाद, मनोवाद, संवाद, कथा, कविता, निवन्ध लेखन र हाजिरी जवाफ) को आयोजना गरिनेछ।

२३) बालबालिकाहरुमा बचत गर्ने बानीको विकास गर्नको लागि संस्थामा आबद्ध हुने बालबालिकाको लागि स्टेशनरी सामाग्रीको व्यवस्थापन गर्ने कार्यको सुरुवात गरिनेछ।

२४) संस्थाका वस्तु तथा सेवाहरुलाई थप प्रभावकारी बनाउन दोलखा जिल्लाका ९ वटै स्थानिय तहमा जनप्रतिनिधिसँग जनसचेतन कार्यक्रमको सञ्चालनलाई निरन्तरता प्रदान गरिनेछ।

२५) जनसचेतनबाट ऋण लिई उत्कृष्ट र नमूना योग्य कृषि तथा पशुपालन सम्बन्धी व्यवसाय गर्ने लक्षित वर्गका सदस्यहरुलाई संस्थामा रहेको शून्य लागत कोषको १०% ले हुने रकम सहुलियत दरमा मागको आधारमा ऋण लगानी गर्ने कार्यको थालनी गरिनेछ।

२६) संस्थामा आबद्ध भएको ५ वर्ष पूरा भएका र ७० वर्ष उमेर पुगेका शेयर सदस्यहरुलाई लठ्ठी वितरणको कार्यक्रमलाई निरन्तरता दिइनेछ। यस्तो वितरणलाई समायानुकुल लागतमा वृद्धि नहुनेगरी परिमार्जन गर्दै लगिनेछ।

२७) राष्ट्रिय सहकारी दिवसको अवसर पारी वार्षिक रुपमा खुल्ला रक्तदान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२८) जेष्ठ सदस्यहरुको तिर्थ अवलोकन भ्रमण कार्यक्रमलाई लागतमा आधारित बनाई निरन्तरता दिइनेछ। जसका लागी देहाय बमोजिमका योग्यताहरु कायम गरिनेछ।

   क) संस्थामा आबद्ध भएको कम्तिमा १० वर्ष पूरा भएको हुनुपर्नेछ।

   ख) ६५ वर्ष उमेर पुगी ७० वर्ष ननाघेको हुनुपर्नेछ।

   ग) एकाघर परिवारमा ऋण कारोबार भए भाखा ननाघेको हुनुपर्नेछ।

   घ) मासिक रुपमा गर्नुपर्ने बचत पछिल्लो ६ महिनादेखि नियमित रुपमा गरेको हुनुपर्नेछ।

   ङ) तोकिएको समयसिमा भित्र तोकिएको ढाँचामा निवेदनका साथ रु.१ हजारको रसिद संलग्न गर्नुपर्नेछ।

   च) मासिक बचतको अंश फिर्ता नलिने सदस्यहरुलाई छनौटको प्राथमिकता बनाईनेछ।

२९) संस्था स्थापना दिवसको सन्दर्भमा अनाथ बालबालिका/वृद्धवृद्धा/असाहयहरुलाई खाद्यान्न तथा सरसफाई सामाग्री वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३०) दोलखा जिल्लाका विभिन्न स्थानमा सचेतनामूलक र सूचनामूलक होडिङ बोर्डहरुको व्यवस्था गरिनेछ।

३१) सामुहिक जमानीमा लगानी (लघुवित्त) कार्यक्रमलाई आवश्यकता र मागको आधारमा विस्तार तथा निरन्तरता दिइनेछ।

३२) संस्थाका महिला शेयर सदस्यहरु सुत्केरी हुँदा शिशु र आमाको स्वास्थ्यलाई मध्येनजर गर्दै पोषणयुक्त आहार उपलब्ध गराउने उद्देश्यले रु.२,०००।०० (दुई हजार मात्र।) नगदै वा सो बराबरको खाद्यन्न उपलब्ध गराउने सुत्केरी भेटघाट कार्यक्रमको थालनी गरिनेछ। यस्तो कार्यक्रममा सहभागिता जनाउन संस्थामा आबद्ध भएको १ वर्ष पुरा भएको, एकाघर परिवारमा ऋण भए नियमित भएको, बचत नियमित भएको र ३५ दिन भित्र जन्मदर्ताको प्रतिलिपि पेश समेत गर्नुपर्नेछ।

३३) नेपाल सरकारबाट **क** र **ख** वर्गको कार्ड प्राप्त विकलाङ्ग (अपाङ्ग) शेयर सदस्यहरुको परिचय पत्र एकाघर परिवारका सदस्यले लिई साधारण सभाका कार्यक्रममा उपस्थित जनाउँदा उपस्थिति खर्च वापतको रकम उपलब्ध गराउने कार्यको सुरुवात गरिनेछ।

३४) संस्थाका गतिविधिहरु तथा सदस्यहरुको सफलताका कथाहरु र प्रतिभा समेटेर त्रैमासिक रुपमा इ-बुलेटिन प्रकाशन गर्ने कार्यको प्रारम्भ गरिनेछ।

३५) कृषि तथा पशुपालन कार्यमा संलग्न कृषकहरुका समस्याहरुलाई समाधान गर्ने उद्देश्यले प्रत्येक सेवाकेन्द्र/संकलनकेन्द्र अन्तर्गत वार्षिक कम्तिमा २ वटा कृषकसँग जनसचेतन कार्यक्रम आयोजना गर्ने कार्यको थालनी गरिनेछ।

३६) शेयर पूँजीको अनुपातलाई ख्याल गर्दै आगामी दिनहरुमा औषत शेयरको अवधारणलाई अघि सारिनेछ। यस अवधारण अनुसार ठुलो शेयर पूँजी हुने शेयर सदस्यलाई फिर्ता गर्दै कम सेयर हुने सदस्यहरुलाई औषत शेयर रकममा वृद्धि गर्दै लाने रणनीति अवलम्बन गरिनेछ।

३७) भाखा नाघेको ऋणमा बाँकी रहेको पूरै साँवामा ०.५ देखि ५ प्रतिशतसम्म हर्जना लिँदै आएकोमा सदस्यहरुको गुनासोलाई सम्बोधन गर्दै हर्जना लाग्ने प्रकृति र दरलाई परिमार्जन गरि भाखा नाघेको किस्तामा मात्र दिनगिन्ती हिसाबमा ५ प्रतिशतले हर्जना लिने व्यवस्था गरिएकोमा सोलाई निरन्तरता दिइनेछ।

३८) नियमित मासिक किस्ता तथा ब्याज बुझाउने सदस्यहरुलाई पाकेको ब्याजमा प्रदान गरिदै आएको २ प्रतिशत छुटलाई ३ प्रतिशत कायम गरिएकोमा सो लाई निरन्तरता दिइनेछ।

३९) संस्थाबाट लगानी भएका सम्पूर्ण ऋणहरुको सदुपयोगिता अनुगमन गरिनेछ। साथै नयाँ लगानी हुने ऋणहरुको हकमा लगानी भएको ३ महिना भित्र अनिवार्य सदुपयोगिता अनुगमन गर्ने कार्यको थालनी गरिनेछ।

४०) अघिल्लो वर्षहरुमा पुरा हुन नसकेका कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

म) **उपसमितिहरुको अभिमुखिकरण र सक्रियताः** संस्थाले निर्धारण गरेका नीति तथा कार्यक्रमहरुलाई प्रभावकारी ढंगबाट सम्पन्न गर्न गठित उपसमितिहरुको सक्रियतामा वृद्धि गरिनेछ। यसका लागी उपसमिति सदस्यहरुको क्षमता अभिवृद्धि तालिम तथा अभिमुखिकरण कार्यक्रमहरु सञ्चालन गरी जिम्मेवारी थप गर्दै लगिनेछ।

य) **कानूनहरुको अक्षरस पालनाः** नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट जारी सहकारी ऐन, नियमावली, निर्देशन तथा परिपत्रहरुको कार्यान्वयन गर्दै सुशासन कायममा जोड दिइनेछ।

१) सहकारी ऐन, २०७४ को दफा ३५ अनुसार सदस्यले संस्थालाई तिर्नु, बुझाउनु पर्ने कुनै दायित्व निर्धारित समय भित्र भुक्तानी नगरेमा वा सदस्यले पालना गर्नुपर्ने व्यवस्थाको उल्लघंन गरेमा त्यस्तो सदस्यले अन्य सदस्य सरहको सुविधा नपाउने प्रावधानलाई अक्षरस पालना गरिनेछ।

२) सहकारी ऐन, २०७४ को दफा १३९ अनुसार सहकारी संस्थाको रकम सदस्य बाहेक अरु कसैलाई सामाजिक कार्यमा भन्दा बाहेक अन्य कार्यका लागी आर्थिक सहयोग गर्न पाइने छैन भन्ने कानूनी व्यवस्थालाई अक्षरस पालना गरिनेछ।

र) **स्थायी सम्पत्ति व्यवस्थापनः** लिलाम सकारबाट प्राप्त सम्पत्तिहरुको व्यवस्थापनमा सक्रियता दिइनेछ। भाखा नाघेको ऋणको नियमानूसार पर्याप्त ऋण सुरक्षण कोषको व्यवस्था नभएसम्म संस्थामा रहेका सवारी साधन लगायतका प्रयोगबिहीन र अनावश्यक सामाग्रीको विक्रि गरी नकमाउने सम्पत्ति कम गर्दै लगिनेछ।

ल) **एकिकरणः** संस्थाको कार्यक्षेत्र भित्र तथा जोडिएका स्थानका विभिन्न उद्देश्यका सहकारी संस्थाहरु बिच एकिकरणको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाईनेछ।

व) **आय तथा व्यय विवरणः** आ.व. २०८१/०८२ मा संस्थाको आम्दानी र खर्चको अनुमान निम्नानुसार गरिएको छ।

**आम्दानी तर्फको अनुमान**

| S.N | Particular | FY 2081/82 |
|---|---|---|
| 1 | Interest income from Loan | 29,97,00,397.86 |
| 2 | Interest income from Bank | 1,50,05,256.15 |
| 3 | Dividend Income from Investment | 5,00,000.00 |
| 4 | Other Income | 40,34,816.00 |
| **Total Income** | | **31,92,40,470.01** |

**प्रशासनिक तर्फको खर्चको अनुमान**

| S.N | Particular | FY 2081/82 |
|---|---|---|
| 1 | Interest Expenses on Saving | 14,32,43,465.61 |
| 2 | Loan Loss Provision Expenses | 3,00,00,000.00 |
| 3 | Employee Salary Expenses | 3,50,36,110.40 |
| 4 | Employee Uniform Expenses | 7,10,000.00 |

| S.N | Particular | FY 2081/82 |
|---|---|---|
| 5 | Communication Expenses For Employee | 2,00,000.00 |
| 6 | Medical Expenses | 21,88,803.00 |
| 7 | Force Leave Expenses | 5,10,720.70 |
| 8 | Leave Allowance Expenses | 23,29,334.13 |
| 9 | Festival Allowance Expenses | 22,46,150.00 |
| 10 | Telephone Expenses | 60,000.00 |
| 11 | Tea & Refreshment Expenses | 1,00,000.00 |
| 12 | Stationery Expenses | 7,00,000.00 |
| 13 | Internet Fee Expenses | 8,00,000.00 |
| 14 | Fuel Expenses | 12,00,000.00 |
| 15 | Transportation Expenses | 1,50,000.00 |
| 16 | Repair & Maintenanace Expenses | 6,00,000.00 |
| 17 | Meeting Tea & Lunch Expenses | 2,00,000.00 |
| 18 | Meeting Allowances | 11,03,700.00 |
| 19 | Printing & Stationery Expenses | 15,00,000.00 |
| 20 | Renew Fee Expenses | 2,50,000.00 |
| 21 | Bod Communication Expenses | 2,82,000.00 |
| 22 | Bod Tada Expenses | 5,00,000.00 |
| 23 | Houserent Expenses | 19,36,204.80 |
| 24 | Water & Electricity Expenses | 4,00,000.00 |
| 25 | Malpot Fee Expenses | 15,000.00 |
| 26 | Training & Education Expenses | 6,00,000.00 |
| 27 | Program Expenses | 12,00,000.00 |
| 28 | Audit Fee Expenses (Internal/External/IT/Social) | 12,00,000.00 |
| 29 | AGM Expenses | 1,51,58,235.29 |
| 30 | Decoration & Improvement Expenses | 2,00,000.00 |
| 31 | Hospitality Expenses | 1,00,000.00 |
| 32 | Insurance Expenses | 6,00,000.00 |
| 33 | Consultancy Expenses | 3,00,000.00 |
| 34 | Lan Device Establishment Rent Expenses | 60,000.00 |
| 35 | Staff Tada Expenses | 12,00,000.00 |
| 36 | Meeting Lunch Expenses | 1,50,000.00 |

| S.N | Particular | FY 2081/82 |
|---|---|---|
| 37 | Employee Exam Expenses | 24,000.00 |
| 38 | Water & Sanitation Expenses | 50,000.00 |
| 39 | Postel Charge | 10,000.00 |
| 40 | Parking Charge | 6,000.00 |
| 41 | Goods Purchase Expenses | 8,00,000.00 |
| 42 | Cleaning Expenses | 80,000.00 |
| 43 | Lunch & Breakfast Expenses | 6,00,000.00 |
| 44 | Mouring Expenses | 50,000.00 |
| 45 | Wages Expenses | 1,00,000.00 |
| 46 | SMS Expenses | 3,00,000.00 |
| 47 | Commission Expenses | 1,80,000.00 |
| 48 | Advertisement Expenses | 6,00,000.00 |
| 49 | Vehicle Tax Payment Expenses | 3,00,000.00 |
| 50 | Audit Expenses | 1,00,000.00 |
| 51 | Books & Magazine Expenses | 36,000.00 |
| 52 | Amc Charge-Infinity Software | 6,00,000.00 |
| 53 | Amc Charge-Website | 1,00,000.00 |
| 54 | Amc Charge - Ehajiri Software | 40,000.00 |
| 55 | Amc Charge - Trust AML Software | 60,000.00 |
| 56 | Amc Charge - Loan Mgmt. Software | 40,000.00 |
| 57 | Amc Tab Banking Expenses | 80,000.00 |
| 58 | Amc Mobile Banking Expenses | 3,00,000.00 |
| 59 | Bank Charges Expenses | 12,000.00 |
| 60 | Servicing Expenses | 1,00,000.00 |
| 61 | Registration Fee Expenses of Land | 1,00,000.00 |
| 62 | Social Responsibility Expenses | 6,00,000.00 |
| 63 | Member Tour Program Expenses | 4,00,000.00 |
| 64 | Success Story of JSACCOS Program | 5,00,000.00 |
| 65 | Loan Charge off Expenses | 9,00,000.00 |
| 66 | Social Audit Fee | 3,00,000.00 |
| 67 | Intregration Expenses | 1,00,000.00 |
| 68 | Depreciation Expenses | 49,28,000.00 |

| S.N | Particular | FY 2081/82 |
|---|---|---|
| 69 | Support Fee Expenses (NEFSCUN) | 1,50,000.00 |
| 70 | Agri-Livestock Interest Discount Expenses | 10,00,000.00 |
| 71 | Health Premiun Expenses (Member) | 10,50,000.00 |
| 72 | Community Development Expenses | 6,00,000.00 |
| 73 | Orientation Programme Expenses | 3,00,000.00 |
| 74 | Loan Recovery Notice Publish Expenses | 12,00,000.00 |
| 75 | Scholarship Expenses | 2,50,000.00 |
| 76 | Festival & Religious Expenses | 50,000.00 |
| 77 | Local Level Tax & Registration | 50,000.00 |
| 78 | Lilam Expenses | 12,00,000.00 |
| 79 | Income Tax Expenses | 26,98,237.30 |
| **Total Expenses** | | **26,79,73,961.24** |

**स्थिर सम्पत्तिको अनुमान** (पूँजीगत खर्च)

| क्र.स. | विवरण | जम्मा रु. |
|---|---|---|
| १ | विशेष कम्प्युटर | ६,००,०००।०० |
| २ | ल्यापटप कम्प्युटर | १०,००,०००।०० |
| ३ | डेस्कटप कम्प्युटर | १०,००,०००।०० |
| ४ | वायरलेस ल्यान विस्तार | ५,००,०००।०० |
| ५ | प्रिन्टर फोटोकपि सहित | ३,००,०००।०० |
| ६ | सिसिक्यामेरा सेट | १५,००,०००।०० |
| ७ | सफ्टवेयर (एचआर र इन्भेन्टरी) | ४,००,०००।०० |
| ८ | व्याट्रि तथा इन्भटर र सोलार | १२,००,०००।०० |
| ९ | फर्निचर तथा फिक्चर्स | १०,००,०००।०० |
| १० | मोटरसाइकल | ५,००,०००।०० |
| ११ | ट्याबलेट | ७०,०००।०० |
| १२ | प्रिन्टर विलिङ सिस्टमको लागी | ४,५०,०००।०० |
| १३ | फाएरवाल, राउटर र स्वीच | १०,००,०००।०० |
| **जम्मा** | | ९५,२०,०००।०० |

श) **आय व्यय तथा वासलातको प्रक्षपणः** बुँदा नं. (**क**) देखि (**व**) सम्मको वार्षिक कार्ययोजना अनुसार देहाय बमोजिमको आयव्यय तथा वासलात प्रक्षेपण गरिएको छ।

| प्रक्षेपित आय व्यय (२०८१/०८२) | | |
|---|---|---|
| **विवरण** | **आ.व.२०८०/०८१ (वास्तविक)** | **आ.व.२०८१/०८२ (अनुमानित)** |
| ब्याज आम्दानी | २०,१४,८९,९४८.९७ | २९,९७,००,३९७.८६ |
| ब्याज खर्च | १५,९५,४९,१९९.५० | १४,३२,४३,४६५.६१ |
| **खुद ब्याज आम्दानी** | ४,१९,४०,७४९.४७ | १५,६४,५६,९३२.२५ |
| बैंक ब्याज आम्दानी | १,९६,८१,५१७.१३ | १,५५,०५,२५६.१५ |
| गैर संचालन आम्दानी | ५९,०४,३७४.५५ | ४०,३४,८१६.०० |
| **कुल सञ्चालन आम्दानी** | २,५५,८५,८९१.६८ | १७,५९,९७,००४.४० |
| कर्मचारी खर्च | ३,४१,२२,०३५.८५ | ४,३२,२१,११८.२३ |
| प्रशासनिक खर्च | १,०४,७७,४४०.१७ | २,५२,२४,९०४.८० |
| ह्रास कट्टी र परिसोधन खर्च | ३१,७६,११९.२९ | ४९,२८,०००.०० |
| सदस्य सेवा तथा कार्यक्रम खर्च | १,२४,०५,७८३.२० | १,७९,५८,२३५.२९ |
| गैर संचालन खर्च | ३,६७,०८८.०० | - |
| ऋण नोक्सानी कोष ब्यवस्था | - | ३,००,००,०००.०० |
| मर्मत सम्भार खर्च | २,९०,४७६.०० | ७,००,०००.०० |
| **कुल सञ्चालन खर्च** | ६,०८,३८,९४२.५१ | १२,२०,३२,२५८.३३ |
| स्थगन कर | १,७१,७६४.२१ | - |
| **कर अघिको नाफा** | ६८,५९,४६२.८५ | ५,३९,६४,७४६.०७ |
| चालु आय कर | ३,९५,३८६.६७ | २६,९८,२३७.३० |
| **खुद मुनाफा** | ६४,६४,०७६.१८ | ५,३९,६४,७४६.०७ |

| प्रक्षेपित वासलात (२०८१/०८२) | | | |
|---|---|---|---|
| **क्र.स.** | **पूँजि तथा दायित्व** | **आ.व.२०८०/०८१ (वास्तविक)** | **आ.व.२०८१/०८२ (अनुमानित)** |
| १ | शेयर पुंजी | १५,९३,०१,४००.०० | १५,९३,०१,४००.०० |
| २ | जगेडा तथा अन्य कोष | २१,२२,०४,०७३.०४ | २६,६१,६८,८१९.११ |
| ४ | बचतहरु | १,९५,२६,९६,७५३.०८ | २,०९,१३,२४,८९८.४७ |
| ५ | ऋण नोक्सानी व्यवस्था | ८,२६,६३,८८१.०० | ११,२६,६३,८८१.०० |
| ६ | अन्य दायित्व | २२,०४,६५,४५१.०८ | १४,०२,३२,७२५.५४ |
| ७ | बाह्य ऋण | - | - |
| | **जम्मा** | **२,६२,७३,३१,५५८।२०** | **२,७६,९६,९१,७२४।१२** |

| क्र.स. | सम्पत्ति | आ.व.२०८०/०८१ (वास्तविक) | आ.व.२०८१/०८२ (अनुमानित |
|---|---|---|---|
| १ | स्थिर सम्पत्ति | ५,७३,८२,४६१.८२ | ६,१९,७४,४६१.८२ |
| २ | वित्तीय लगानी | ३,३१,१७,६२०.०१ | ३,५१,१७,६२०.०१ |
| ३ | नगद तथा बैंक मौज्दात | ६२,३८,६३,१५९.५६ | ५१,९१,७८,२२८.६८ |
| ४ | लगानीमा रहेको ऋण | १,६८,९५,२९,६९५.०७ | २,१२,९३,२८,१४९.९१ |
| ५ | धरौटी तथा अन्य चालु सम्पति | २२,२५,५२,५९९.०६ | २,३२,०७,२४१.०२ |
| ६ | मसलन्द मौज्दात | ८,८६,०२२.६८ | ८,८६,०२२.६८ |
| | **जम्मा** | **२,६२,७३,३१,५५८।२०** | **२,७६,९६,९१,७२४।१२** |

हालसम्म संस्थाले प्राप्त गरेका उपलब्धीहरु आफैमा गौरवको विषय भएतापनि, प्राप्त उपलब्धीहरुको रक्षा गर्दै आगामी दिनहरुमा थप उपलब्धी हासिल गर्नको निमित्त संस्थाले देहाय अनुसारका दिर्घकालिन लक्ष्यहरु निर्धारण गरेको छ।

१. ACCESS कार्यक्रममा निरन्तरता दिने।
२. सुशासनमा आधारित दिगो सहकारीका साथ समृद्ध सदस्य निर्माण गर्ने।
३. कार्यक्षेत्र भित्र रहेका सहकारीहरुवीच एकीकरण गरि सम्पूर्ण वित्तीय समाधान गर्ने बृहत सहकारी संस्था निर्माण गर्ने।
४. सेवाक्षेत्रको बिस्तार गरि ठूलो जनसंख्याका बीचमा सहकारीलाइ स्थापित गर्ने।
५. आर्थिक सामाजिक रुपले कष्टकर जीवनयापन गरिरहेका समुदायका बीचमा सहकारी अभियानलाई स्थापित गर्न सरल र सहज प्रकारका नीति तथा कार्यक्रम तय गर्ने।
६. बचत तथा ऋणका साथसाथै सदस्यहरुलाई वित्तीय परामर्श तथा वित्तीय योजना निर्माणको लागि प्रोत्साहित गर्ने।
७. बेरोजगार युवाहरुलाई व्यवसायिक बनाउन आवश्यक व्यवसायिक योजना तथा तालिमहरु आयोजना गर्दै सुरक्षित लगानीका सम्भावनाहरुको खोजी गर्ने।
८. प्रतिस्पर्धात्मक र स्तरिय सेवा प्रदान गर्न आवश्यक पर्ने नयाँ विधि तथा प्रविधिको खोजी र प्रयोग गर्ने।
९. स्थानीय पालिकाहरुसंगको सहकार्यमा पालिकाबाट सिफारिस भएको कुनै १ सहकारी संस्था सञ्चालन तथा सवलीकरणमा प्राविधिक सहजीकरण गर्ने।

**शेयर सदस्यज्यूहरु,**

**यस सम्मानित साधारण सभा समक्ष निम्न प्रस्तावहरु निर्णयार्थ प्रस्तुत गर्दछु:**

क) आ.व. २०८०/८१ को प्रगति प्रतिवेदन तथा गतिविधिहरु सम्बन्धमा।
ख) आ.व. २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम र बजेट सम्बन्धमा।
ग) आ.व. २०८०/८१ को लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा।
घ) आ.व. २०८०/८१ को बाह्य लेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा।
ङ) ऋण उपसमितिको प्रतिवेदन सम्बन्धमा।
च) विनियम संशोधन र नीति तथा कार्यविधीहरु पारित सम्बन्धमा।
छ) आ.व. २०८१/८२ को लागि बाह्य लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा।
ज) एकिकरण वा विघटन सम्बन्धी निर्णय गर्ने अख्तियारी सम्बन्धमा।
झ) बाह्य दायित्व स्वीकार तथा सदस्यहरुको दायित्व मिनाहा सम्बन्धमा।
ञ) लिलामबाट विक्रि नभएको सम्पत्ति सकार गरी विक्रि गर्ने सम्बन्धमा।
ट) जग्गा, सवारी साधन खरिद तथा विक्रि गर्ने सम्बन्धमा।
ठ) सम्पत्ती शुद्धिकरण निवारण सम्बन्धी प्रतिवेदन सम्बन्धमा।
ड) सञ्चालक तथा लेखा सुपरीवेक्षण समितिको निर्वाचन सम्बन्धमा।
ढ) एकाई तथा अन्तिम निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधि चयन सम्बन्धमा।
ण) विविध।

**अन्त्यमा,**

अन्तर्राष्ट्रिय सहकारी सिद्धान्त, मूल्य, मान्यता तथा संस्थाको विनियम र यसले निर्माण गरेका नीति तथा कार्यविधिको परीधिभित्र रही सुशासनमा आधारित उत्कृष्ट साकोस निर्माण गर्दै सदस्यहरुलाई समृद्ध बनाउने कार्यक्रमहरु संचालन गरि सहकारी अभियानलाई निरन्तर अगाडी बढाउन संस्था कटिबद्ध छ । यस महान कार्यलाई सहयोग र प्रोत्साहित गर्नुहुने शेयर सदस्यहरु, विशिष्ट व्यक्तित्वहरु, सरकारी तथा गैर सरकारी निकायहरु, संचालक समिति, लेखासुपरीवेक्षण समिति तथा अन्य उपसमितिहरु तथा कर्मचारीहरु लगायत तपाई सम्पूर्ण शेयर सदस्यहरु सबैलाई धन्यवाद दिन चाहान्छु र आगामी दिनहरुमा पनि सहयोगको अपेक्षा राख्दछु । साथै नेपालीहरुको दोस्रो ठुलो चाड शुभ दिपावलीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद । जय सहकारी ॥ जय जनसचेतन ॥।

**गोपालध्वज श्रेष्ठ**
**कार्यबाहक अध्यक्ष**

## कार्यालय समय सम्बन्धी जानकारी

| कार्यालय समय | अवधि |
|---|---|
| विहान ९:३० बजेदेखि ५:३० बजेसम्म | माघ १६ देखि कार्तिक १५ गतेसम्म |
| विहान ९:३० बजेदेखि ४:३० बजेसम्म | कार्तिक १६ देखि माघ १५ गतेसम्म |
| बिहानी काउन्टर सेवा | |
| विहान ७:०० बजेदेखि ९:३० बजेसम्म | वर्ष भरिनै कार्यालय खुल्ला हुने दिन |
| शनिबार तथा बिदाको दिन काउन्टर सेवा | |
| विहान ७:०० बजेदेखि १२:०० बजेसम्म | मुख्य कार्यालयबाट मात्र |

## कार्यालय विदा रहने दिनहरूः

| विदा | दिन |
|---|---|
| नियमित बिदा | हरेक हप्ताको शनिबार |
| दशैं बिदा | फूलपातीदेखि द्वादशीसम्म |
| तिहार बिदा | लक्ष्मीपूजा देखि भाइटीकाको भोलिपल्टसम्म |
| अन्य सार्वजनिक बिदा | नयाँ वर्ष, गणतन्त्र दिवस, बुद्धजयन्ती, श्रमिक दिवस, जनै पूर्णिमा, हरितालिका तीज, संविधान दिवस, माघे सक्रान्ती, सोनाम ल्होसार (ल्होसार मनाउने कर्मचारीको लागी मात्र), महाशिवरात्री, फागुपूर्णिमा, राष्ट्रिय सहकारी दिवस, संस्था स्थापना दिवस |

# जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि.

वैतेश्वर-५, काब्रे, दोलखा

## ऋण उपसमितिको प्रतिवेदन

एकाईगत सभाका सभाध्यक्षज्यू, संस्थाको निमन्त्रणलाई स्वीकार गरि पाल्नु भएका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, मञ्चमा आसिन अतिथिज्यूहरु, पत्रकारज्यूहरु, एवं उपस्थित सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा न्यानो सहकारी अभिवादन व्यक्त गर्दछु । साथै नेपालीहरुको दोस्रो ठुलो चाड शुभ दिपावलीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

बचत तथा ऋण सहकारी संस्था नामैले बचत तथा ऋणको काम गर्ने अधिकार पाएका संस्थाहरु हुन् । आम्दानीको प्रमुख श्रोत भनेकै ऋण लगानीबाट प्राप्त हुने ब्याज भएकाले यो संस्थाको मेरुदण्डको रुपमा रहेको हुन्छ । यस संस्थाले स्थानीयस्तरमा छरिएर रहेको स-सानो रकमलाई बचतको माध्यमबाट एकीकृत गरी सो रकमलाई सदस्यहरु माफ ऋणको रुपमा परिचालन गरी सदस्यहरूको आर्थिक, सामाजिक र साँस्कृतिक अवस्थामा सुधार गरि उद्यमशील, स्वावलम्बी र आत्मनिर्भर बनाउन निरन्तर रुपमा लागिरहेको व्यहोरा अवगत नै छ । संस्थामा बचतको निरन्तर आगमन भइ रहन्छ तर त्यसलाई सही ऋणी पहिचान गरी ऋण लगानी गर्न चुनौति पूर्ण काम हो । बचत सदस्यहरुको अधिकार हो भने ऋण सदस्यलाई दिइने सुविधा वा सहुलियत मात्र हो । यो सबैले पाउँनै पर्छ भन्ने हुँदैन । ऋण लगानी गर्दा त्यसको असुली सुरक्षित तवरले गर्न सकिन्छ कि, सकिदैन ? भन्नेमा विशेष चासो लिई लगानी गर्नु पर्ने हुन्छ । कुनै पनि वित्तीय संस्थाको मेरूदण्ड भनेको पूँजीको संरचना हो, वित्तीय संरचनालाई आधार मानेर पूँजीको श्रोत जुटाई ऋण लगानी र असुलीको सन्तुलन तथा उचित व्यवस्थापनका लागि संस्थाले ऋण लगानी गर्दा जहिले पनि ५ सिको अवधारणालाई अंगीकार गरि संस्थागत धितो मूल्याङ्कन गराई सुरक्षित तवरले ऋण लगानी गर्ने गरिएको छ । संस्थाले सहकारी सिद्वान्तलाई आधार मानेर आफ्ना सदस्यहरूलाई वित्तीय तथा गैह्रवित्तीय सेवा दिँदै आएको छ । हाल संस्थाले आफ्ना सेवाहरूबाट सदस्यहरुको सुरक्षाको लागि **सहकारी ऐन**, २०७४ **तथा नियमावली**, २०७५ संस्थाको **बचत तथा ऋण नीति**, २०७८ **र बचत संकलन**, **ऋण लगानी तथा असुली कार्यविधि**, २०७८, को अधिनमा रही, ऋण माग गर्ने सदस्यको व्यवसाय विस्तारका लागि नवीनतम् उद्यमशीलतामा जोड दिँदै ऋणको उद्देश्य र ऋण मापन गरी स्थलगत निरीक्षणका आधारमा ऋण लगानी गर्दै आइरहेको छ ।

आदरणीय शेयर सदस्य महानुभावहरू अब, म संस्थाको ऋण लगानी तथा असुली सम्बन्धमा विद्यमान नीतिगत व्यवस्था, ऋणको सीमा, जोखिम कोषको व्यवस्था, हामीले गरेका नवीनतम् प्रयास लगायतका व्यवस्था प्रस्तुत गर्न चाहन्छु ।

१. **नीतिगत व्यवस्था**: संस्थाले आफ्ना सेवाहरूबाट सदस्यहरूको सुरक्षाको लागि, **मौजुदा विनियम**, **बचत तथा ऋण नीति**, २०७८ **र बचत संकलन**, **ऋण लगानी तथा असुली कार्यविधि**, २०७८, **सहकारी विभागको निर्देशन तथा मापदण्ड**को अधीनमा रही ऋण माग गर्ने सदस्यको व्यवसायको विस्तारका लागि नवीनतम्

उद्यमशीलतामा जोड दिँदै ऋणको उद्देश्य र ऋण मापन गरी संस्थामा भएको तरलता र सदस्यहरूले माग गरेको रकम र स्थलगत निरीक्षणका आधारमा ऋण लगानी गर्दै आएका छौं। सदस्यहरूलाई व्यावसायिक बनाउनको लागि सीपमूलक तालिमको व्यवस्था गरिएको छ, यस क्रमलाई वार्षिक कार्यक्रम अनुसार निरन्तरता दिइएको छ। ऋणका उद्देश्यहरूलाई विविधीकरण गरिएको छ, कृषि व्यवसाय गर्ने कृषक सदस्यलाई दिँदै आएको ऋणको ब्याजदरमा केहि थप सहुलियत उपलब्ध गराई त्यसलाई निरन्तरता दिँदै आएका छौं।

२. **उत्पादनमुलक क्षेत्रमा ऋण सेवा वृद्धिको योजनाः** संस्थाले विगत वर्षहरूमा अपनाएको विधिलाई यस वर्षदेखि पूर्ण रूपमा लागु हुने गरी "**ऋण मार्फत उद्यमशीलता, उद्यमशीलता मार्फत स्वरोजगारी र स्वरोजगारी मार्फत आत्मनिर्भरता**" लाई आत्मसात् गरिएको छ। सदस्यहरूको आर्थिकस्तर, उद्यमशिल क्षमता, कामप्रतिको रूची र अनुभव, वित्तीय बुझाई र अनुशासन जस्ता कुराहरूको आधारमा **हुँदा खाने** वर्गका **सदस्यहरूलाई हुने खाने र हुने खाने वर्गका सदस्यहरूलाई समृद्ध** बनाउने गरी ऋण सेवाहरूको विकास गर्दै वास्तविक पूँजीको अभावमा उद्यमशील बन्नबाट रोकिएका सदस्यहरूको उत्थानका लागि ऋण सेवाका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

३. **ऋणको सिमाः** संस्थाको **बचत तथा ऋण नीति, २०७८** को अधिनमा रहि संस्थामा भएको तरलता र वित्तीय बजारमा भएको उतार-चढावलाई अध्ययन गर्दा ऋण लगानीको सीमालाई अधिकतम रू.१,७५,००,०००।०० कायम गरिएको छ, भने ऋण लगानी प्रक्रियालाई सरल, सहज, छिटो र प्रभाकारी बनाउन देहाय बमोजिम ऋण सिफारिस र स्वीकृति सीमा कायम गरिएको छ।

| ऋण रकम | स्वीकृत गर्ने निकाय | ऋण स्वीकृत हुन लाग्ने समय |
|---|---|---|
| बचत बराबरको ऋण | व्यवस्थापन | कार्यालयमा उपस्थित भएको आधा घण्टा भित्र |
| ५ लाखसम्म | व्यवस्थापन | कागजातहरु पुरा भएको मितिले बढीमा ७ दिन भित्र लगानी गर्ने गरिएको छ। |
| ५ देखि ५० लाखसम्म | ऋण उपसमिति | कागजात लगायत प्रकृयाहरु पुरा भएको मितिले बढीमा १५ दिन भित्र वित्तीय सक्षमताको आधारमा लगानी गर्ने गरिएको छ। |
| ५० लाखदेखि माथि | सञ्चालक समिति | कागजात लगायत प्रकृयाहरु पुरा भएको मितिले बढीमा ३० दिन भित्र वित्तीय सक्षमताको आधारमा लगानी गर्ने गरिएको छ। |

४. **आ.व. २०८०/०८१ को कार्य सम्पादनः** गत आ.व. २०८०/०८१ मा आन्तरिक ऋण व्यवस्थापन समितिको बैंठक २९५ पटक, ऋण उपसमितिको बैठक ३४ पटक, सञ्चालक समितिको बैंठक १० पटक बसी ऋण लगानीका लागि सिफारिस तथा स्वीकृत गरिएको छ। विश्लेषणको आधारमा सिफारिस भएका ऋणहरु स्वीकृत भए पश्चात लगानी गर्ने गरिएको छ। ऋण लगानी प्रक्रियालाई सहज र छिटो छरितो बनाउने उद्देश्यले सेवाकेन्द्र व्यवस्थापन उपसमिति र ऋण उपसमितिको बैंठक आवश्यकता अनुरुप बस्ने व्यवस्था मिलाईएको छ।

५. **उत्पादनमूलक क्षेत्रमा लगानी गरिएको ऋण रकमः**

| क्र.सं. | ऋण शिर्षक | ऋण रकम | क्षेत्र/प्रतिशत |
|---|---|---|---|
| १. | व्यापार व्यवसाय ऋण | ५३,१४,४४,२१५।४४ | उत्पादन मूलक क्षेत्र ५३.६९ प्रतिशत |
| २. | कृषि ऋण | ६,४७,७३,५९९।२५ | |
| ३. | पशुपालन ऋण | २,१८,५७,८९१।२४ | |
| ४. | वैदेशिक रोजगार ऋण | ५,५०,२४,१३१।७९ | |
| ५. | औधोगिक ऋण | ५,०४,७९,७४७।२० | |
| ६. | शैक्षिक ऋण | ९९,४१,६८९ | |
| ७. | समुह ऋण | ५,१७,८१,०८६।९५ | |
| ८. | विशेष व्यवसाय ऋण | ५,४२,८९,३५१ | |
| ९. | उच्च शिक्षा ऋण | ६,७५,९८,६८२।३९ | |

६. **अनुत्पादक क्षेत्रमा लगानी गरिएको ऋण रकमः**

| क्र.सं | ऋण शिर्षक | ऋण रकम | क्षेत्र/प्रतिशत |
|---|---|---|---|
| १. | उपकरण खरिद ऋण | १,३५,०५९।०० | अनुउत्पादक क्षेत्र ४६.३१ प्रतिशत |
| २. | घर निर्माण ऋण | ३०,७२,२०,१३२।४९ | |
| ३. | जग्गा खरिद ऋण | २८,७९,३३,१९१।७९ | |
| ४. | हायर पर्चेज ऋण | १४७,५६,००६।०६ | |
| ५. | शेयर खरिद ऋण | १,९८,३२६।०० | |
| ६. | मासिक बचत धितो ऋण | २२,१३,९७०।०८ | |
| ७. | आवधिक बचत धितो ऋण | २,५३,१४,९२६।७२ | |
| ८. | बचत धितो ऋण | १४,३६,९२,१८७।६७ | |
| ९. | कर्मचारी हायर पर्चेज ऋण | ८,७५,५०१।०० | |

आ.व. २०८०/८१ को अन्त्यसम्ममा ३४२३ जना सदस्यहरुलाई जम्मा रु.**१,६८,९५,२९,६९५।०७** (अक्षरेपी एक अर्ब अठसठ्ठी करोड पञ्चानब्बे लाख उनन्तिस हजार छ सय पञ्चानब्बे रुपैंया सात पैसा मात्र) ऋण लगानीमा रहेको ऋण रहेको छ। प्रतिव्यक्ति औषत ऋण रकम रु.४,९२,५८१।५६ रहेको छ।

७. **ब्याजदर परिमार्जनः** बजार विश्लेषणको आधारमा सञ्चालक समितिबाट ऋणको ब्याजदर समय सापेक्ष रूपमा समायोजन गर्ने गरिएको छ।

८. **ऋण असुली कार्यलाई प्रभावकारी बनाउन गरिएका प्रयासहरूः**

१. विश्वव्यापी आर्थिक मन्दीका कारणले सदस्यहरुको आय आर्जन र रोजगारीमा परेको प्रभावलाई मध्यनजर गर्दै ऋण भुक्तानी अवधि थपका साथै ब्याज रकममा नियमित अवस्था भन्दा थप छुट तथा सहुलियत प्रदान गरिएको छ।

२. हरेक दिन भोलिपल्ट ऋणको किस्ता पर्ने सदस्यलाई टेलिफोन तथा SMS बाट जानकारी गराउने व्यवस्था गरिएको साथै कर्मचारीहरु र सञ्चालक समितिबाट ऋणी सदस्य भेटघाट गर्ने गरिएको।

३. ऋणको साँवा र ब्याज नियमित बुझाउने सदस्यहरू मध्येबाट उत्कृष्ट ऋणी छनौट गरी संस्थाको वार्षिक साधारण सभा तथा स्थापना दिवसको अवसरमा असल ऋणी सदस्यलाई सम्मान तथा पुरस्कार प्रदान गर्ने गरिएको ।

४. ऋण लगानीका लागि प्राप्त फाईलहरूलाई नियमित रूपमा ऋण उपसमितिबाट निरीक्षण गर्ने गरिएको छ भने आवश्यकता अनुसारको ऋण उपसमितिको बैठक बसी ऋण लगानीलाई सहज र व्यवस्थित गरिएको छ।

५. यस आर्थिक वर्ष २०८०/०८१ मा समग्र लगानी मध्येबाट अनुत्पादक ऋण लगानी भन्दा उत्पादक क्षेत्रको ऋण लगानीमा जोड दिइएको छ।

६. ऋण लगानी कार्यलाई समयानुकूल व्यवस्थित र बैज्ञानिक बनाउनका लागि बचत तथा ऋण नीति, तथा कार्यविधीलाई समय समयमा परिवर्तन गर्ने गरिएको छ।

७. लामो समयसम्म भाखा नघाउने ऋणी सदस्यहरुलाई पटक पटक तर-ताकेता गर्दा पनि कारोबारलाई नियमित गराउन वेवास्ता गर्ने ऋणी सदस्यहरुको नामावली ऋण तिर्न आउने बारेको ३५ दिने सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्ने गरिएको ।

८. ऋण तिर्न आउने बारेको ३५ दिने सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्दा समेत अटेर गर्ने सदस्यहरुको ऋण असुलीका लागी धितो लिलामीको अभ्यास समेत अवलम्बन गरिएको ।

९. धितो लिलामीबाट संस्थाको सम्पूर्ण लेना रकम असुल नभएमा थप रकम असुलीको लागि कानूनी प्रक्रियालाई अवलम्बन गर्दै मुद्धा मार्फत असुली प्रक्रिया अगाडि बढाइएको ।

१०. सदस्यता विस्तारित मञ्च तथा वित्तीय साक्षरता कक्षाहरुको माध्यमबाट समेत ऋणको माग, सदुपयोगिता, भुक्तानी विधि र समयमै भुक्तानी नगर्दा हुने हानी नोक्सानीको बारेमा जानकारी गराउने गरिएको ।

९. **ऋण असुली कार्यलाई प्रभावकारी बनाउन आगामी आ.व. मा गरिने प्रयासहरूः**

१. सदस्यहरुको नियमित आय स्रोतका आधारमा दैनिक, मासिक र त्रैमासिक किस्ता प्रणालीको व्यवस्था गरिनेछ।

२. नियमित किस्ता, ब्याज नबुझाउने र लिएको ऋणको दुरुपयोग गर्ने सदस्यहरुलाई उच्च हर्जनाको दर कायम गरिने छ र ऋण असुलीमा तर-ताकेता गरिनेछ।

३. मिति २०८१ असार मसान्तसम्म किस्ता, ब्याज नबुझाएका र संस्थाको सम्पर्कमा नआई ऋण तिर्न, बुझाउन आलटाल गर्ने सदस्यहरुको यसै वर्षभित्र संस्थालाई लेखि लेखाई दिएको र संस्थाको नाममा रोक्का रहेको अचल सम्पत्ति लिलाम विक्री गरी असुल गर्न सञ्चालक समितिलाई अनुरोध गरिनेछ।

**अन्तमा**, यस संस्थाको वृद्धि र विकासमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण शेयर सदस्यज्यूहरु, सञ्चालक समिति, उपसमितिहरु, सल्लाहकारहरु, धितो मूल्याङ्कनकर्ता र लगानी तथा असुली कार्यमा अहोरात्र खटिने सम्पूर्ण व्यवस्थापनका साथीहरु लगायत सम्पूर्ण शुभचिन्तकहरूमा हार्दिक आभार तथा सहकारी अभिवादन सहित धन्यवाद व्यक्त गर्न चाहन्छौं । आगामी दिनहरुमा थप सहयोगको अपेक्षा गरेका छौं ।

**जय सहकारी, जय जनसचेतन।**

**संयोजकः भरत के.सी.**
**सदस्यः सिताराम न्यौपाने**

# सहकारी मापदण्ड २०६८ को (दफा ११ (४) सँग सम्बन्धित)

## लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन

## आ.व.२०८०/०८१

**३१औं वार्षिक साधारण सभाका एकाइगत सभाध्यक्षज्यू,**

प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, मञ्चमा आसिन अतिथिगण, विभिन्न संघ/संस्थाहरुबाट प्रतिनिधित्व गर्नु हुने अतिथि वर्ग, सञ्चालक समिति तथा अन्य उपसमिति, कर्मचारीहरु र संस्थामा भए गरेका वार्षिक कार्यक्रमहरुको बारेमा बुझेर संस्थालाई आफ्नो लक्ष्यमा पुऱ्याउन रणनीतिक व्यवसायिक योजनाहरु तय गर्नको लागि र आफ्नो अमुल्य सुझाव दिन उपस्थित हुनु भएका सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा लेखा सुपरीवेक्षण समितिको तर्फबाट हार्दिक स्वागत तथा न्यानो सहकारी अभिवादन व्यक्त गर्दछु। संस्थाको ३१औं वार्षिक साधारण सभामा आ.व.२०८०/०८१ मा लेखा सुपरीवेक्षण समितिको ४ वटा बैठक बसी संस्थामा भए गरेका कार्यक्रमहरुको अध्ययन र विश्लेषण गरी नेपालको प्रचलित सहकारी ऐन, नियमावली, मापदण्ड, निर्देशिका, संस्थाको विनियम, नीति, कार्यविधि अनुसार भए/नभएको अवस्थालाई सारांशमा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**अध्ययन/परीक्षण अवधिः २०८०/०४/०१ देखि २०८१/०३/३१**

**१. अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयनको अवस्थाः**

**आ.व.२०८०/०८१ को वार्षिक कार्ययोजना तथा बजेटलाई अध्ययन गर्दा निम्न अनुसार रहेको पाइयो।**

| क्र.सं. | विवरण | लक्ष्य | उपलब्धी | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १ | सदस्यता | ३९४०८ | ३८६३५ | लक्ष्य अनुसार नभएको। |
| २ | शेयर पूँजी | १६,६९,२४,९००।०० | १५,९३,०१,४००।०० | लक्ष्य अनुसार नभएको। |
| ३ | जगेडा तथा अन्य कोषहरु | २८,५५,९८,५३०।९० | २०,३२,४१,०७७।३८ | लक्ष्य अनुसार नभएको। |
| ४ | बचत निक्षेप | १,७८,१४,७५,१२८।६० | १,९५,२६,९६,७५२।९२ | लक्ष्यभन्दा बढि भएको। |
| ५ | ऋण लगानी | १,९५,४८,७६,५६०।१७ | १,६८,९५,२९,६९५।०७ | लक्ष्य अनुसार नभएको। |
| ६ | वित्तीय लगानी | १०,५८,९०,५०६।५३ | ३,१८,७७,६००।०० | लक्ष्य अनुसार नभएको। |
| ७ | भाखा नाघेको ऋण र जोखिम कोषको व्यवस्था | धितो लिलामलाई अगाडी बढाउँदै भाखा नाघेको ऋण न्यूनिकरण गर्ने र पर्याप्त मात्रामा ऋण जोखिम कोषको व्यवस्था गर्ने। | | कानूनी प्रक्रिया अवलम्वन नगरिएको साथै पर्याप्त ऋण जोखिम कोषको व्यवस्था हुन नसकेको। |
| ८ | लाभांश | प्रतिस्पर्धी र बजारदर अनुसार कायम गर्ने। | | |

| | | | | |
|---|---|---|---|---|
| ९ | **आय–व्यय हिसाब** | | | |
| ९.१ | सञ्चालन आम्दानी | ३४,१०,१५,२२२।७७ | २२,६६,८०,४५३।९८ | लक्ष्य अनुसार नभएको । |
| ९.२ | कुल सञ्चालन खर्च | २८,५३,९०,७३४।९४ | २२,०२,१६,३७७।८० | लक्ष्य अनुसार नभएको । |
| ९.३ | खुद सञ्चालन बचत | ५,८५,५२,०९२।४५ | ६४,६४,०७६।१८ | लक्ष्य अनुसार नभएको । |
| १० | मानव संशाधनको व्यवस्थापन | ११ जना कर्मचारी थप गरी व्यवस्थापन गर्ने | ५ जना कर्मचारी थप | लक्ष्य अनुसार नभएको । |
| ११ | संरक्षित पूँजी फिर्ता कोषको रकम | नीति अनुसार संरक्षित पूँजी फिर्ता गरिने | | |
| १२ | सेवाकेन्द्र र संकलनकेन्द्रको सवलीकरण तथा सुदृढिकरण | सेवाकेन्द्र र संकलनकेन्द्रको सुदृढिकरण गर्ने | आवश्यकता अनुसार भएको । | आवश्यकता अनुसार भएको । |
| १३ | एक्सेस कार्यक्रम | निरन्तरता दिइनेछ । | निरन्तरता दिएको । | निरन्तरता दिएको । |
| १४ | विनियम, नीति, निर्देशिका तथा कार्यविधिको अद्यावधिक | आवश्यकता अनुसार थप गर्दै समयानुकुल अद्यावधिक गरिने । | भएको । | भएको । |
| १५ | सदस्यहरुको सन्तुष्टी | सदस्यहरुको सुझाव संकलन गरिने । | वित्तीय साक्षरता तथा शिक्षा शिविर मार्फत आंशिक कार्य भएको | योजना बनाई लक्ष्य अनुसार नभएको । |
| १६ | उद्यमशीलता अभिवृद्धि | उद्यमशीलता अभिवृद्धि गर्ने । | कार्यान्वयन नभएको | लक्ष्य प्राप्तीमा प्रयास नभएको । |
| १७ | सदस्यहरुको KYM | निरन्तरता दिइने । | निरन्तरता भएको । | ७८.७९% KYM अद्यावधिक भएको । |
| १८ | बजार विश्लेषण तथा ब्याजदर | वित्तीय बजारको आधारमा सर्वेक्षण तथा अध्ययन गरी सञ्चालक समितिले परिमार्जन गर्ने । | | भएको । |
| १९ | साकोस एकरुपता प्रणाली र स्थिरीकरण कोषमा सहभागिता | साकोस एकरुपता प्रणाली तथा स्थिरीकरण कोषमा सहभागिता निरन्तरता दिइने । | | भएको । |
| २० | सहकारी अध्ययन अवलोकन भ्रमण | सञ्चालक समिति, उपसमिति, कर्मचारी तथा अगुवा सदस्यहरु सम्मिलित समूहलाई भ्रमणमा सहभागी गराइने । | | जेष्ठ सदस्य र सञ्चालक तथा उच्च व्यवस्थापनको भ्रमण गराइएको । |

| | | | |
|---|---|---|---|
| २१ | तालिम तथा विकासका कार्यक्रम । | सिकाई सम्वृद्धिका लागि सञ्चालक समिति, कर्मचारीका लागि विभिन्न प्रकारका तालिम तथा विकासका कार्यक्रमहरुको व्यवस्था गरिने । | तालिममा समिति र कर्मचारीहरुले समयानुसार Virtual तथा भौतिक विधिबाट तालिममा सहभागिता जनाइएको । |
| २२ | वस्तु तथा सेवा विस्तार | सदस्यको सन्तुष्टि सर्वेक्षण गरी वस्तु तथा सेवा विस्तार गरिने । | सेवा थप नगरिएको । |
| २३ | सुशासनको परिक्षण | संस्थाको वित्तीय विवरण मासिक रुपमा सार्वजनिक गर्ने, हरेक वर्ष संस्थाबाट प्रवाह गरिने वस्तु तथा सेवाको बारेमा सुशासन परिक्षण गर्ने र सहकारी विभागबाट जारी भएको सदस्यता केन्द्रित सूचकांकको परिक्षण गर्ने । | निरन्तर भई रहेको । |
| २४ | एकिकरण | संस्थाको कार्यक्षेत्रभित्रका विभिन्न उद्देश्यका सहकारी संस्थाहरु बीच एकिकरणको कार्यलाई अगाडि बढाइने । | विभिन्न सहकारीहरुसँग एकिकरण गर्ने प्रयास गरिएतापनि सफल नभएको । |
| **२५** | **सदस्य सुविधाका कार्यक्रमहरुः**<br>यस शीर्षक अन्तर्गतका निरन्तर कार्यक्रम बाहेक थप नयाँ कार्यक्रमहरु कार्यान्वयन हुन नसकेको । | | |

२. आ.व. २०८०/८१ **मा विभिन्न समिति, उपसमितिका बैठक संख्या, निर्णयहरु र कार्यान्वयनको अवस्थाः**

| क्र.सं. | समिति तथा उपसमितिहरु | बैठक संख्या | निर्णय संख्या |
|---|---|---|---|
| १ | सञ्चालक समिति | १० | ११७ |
| २ | ऋण उपसमिति | ३४ | ३४ |
| ३ | आन्तरिक ऋण व्यवस्थापन उपसमिति (कर्मचारीहरुको) | २९५ | २९५ |
| ४ | शिक्षा उपसमिति | १ | ६ |
| ५ | खरिद उपसमिति | ८ | १६ |
| ६ | मानव संसाधन व्यवस्थापन उपसमिति | १ | १ |
| ७ | मानव संसाधन व्यवस्थापन कार्यदल (कर्मचारीहरुको) | २ | ४ |
| ८ | कर्मचारीको बैठक (सेवाकेन्द्र प्रमुख सहितको) | ४ | २७ |

सबै समिति, उपसमिति तथा कर्मचारीहरुको बैठकमा भएका निर्णयहरु अधिकांश कार्यान्वयन भएको पाइयो ।

३. **ऋण लगानीको प्रक्रिया, ऋण बापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्थाः**

**क. ऋण लगानीको प्रक्रिया निम्न अनुसार निरन्तरता दिइएको पाइयो।**

३.१. बचत जमानतको ऋण कार्यालय प्रमुखले बचतको ८०% सम्म लगानी गर्ने।

३.२. रु.५ लाख सम्मको ऋण व्यवस्थापनले स्वीकृत गरि लगानी गर्ने।

३.३. रु.५० लाख सम्मको ऋण, ऋण उपसमितिको स्वीकृतिमा व्यवस्थापनले लगानी गर्ने ।

३.४. रु.५० लाख भन्दा माथिको ऋण, ऋण उपसमितिको सिफारिसमा सञ्चालक समितिको निर्णय अनुसार व्यवस्थापनले लगानी गर्ने।

**ख. ऋण बापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था निम्न अनुसार गरेको पाइयो।**

३.५. रु.५ लाखसम्म धितो रोक्का गर्ने गरिएको।

३.६. रु.५ लाख भन्दा माथिको हकमा धितो दृष्टिबन्धक गर्ने गरिएको।

३.७. रु.१० लाखसम्मको संस्थाका कर्मचारीबाट र सो भन्दा माथिको ऋणको हकमा संस्थागत धितो मूल्याङ्कनकर्ताबाट धितो मूल्याङ्कन भई मूल्याङ्कनको ५०% प्रतिशतसम्म ऋण लगानी गर्ने गरिएको।

३.८. १२ महिना भन्दा बढी भाखा नाघेको ऋणको लागि २८.४८% मात्र सुरक्षणको व्यवस्था गरिएको।

३.९. १ महिनादेखि १२ महिनासम्म भाखा नाघेको ऋणको लागि ३५% सुरक्षणको व्यवस्था गर्नुपर्नेमा नगरिएको।

३.१०. असल ऋणको लागि १% सुरक्षणको व्यवस्था गर्नुपर्नेमा नगरिएको।

३.११. ऋणीको वर्गीकरण गरी ऋण प्रवाहमा प्राथमिकिकरण गरिएको।

३.१२. ऋण भुक्तानीको लागि मासिक किस्ताको अतिरिक्त त्रैमासिक किस्ताको व्यवस्था गरिएको।

३.१३. 5C विश्लेषणको आधारमा ऋण लगानी गर्ने गरिएको।

४. **सहकारी विभागबाट जारी गरिएका मापदण्ड तथा निर्देशनहरुको पालना सम्बन्धी संक्षिप्त विवरणः**

सहकारी विभागबाट जारी गरिएका मापदण्ड तथा निर्देशनहरुको पालना कार्ययोजना निर्माण गरि कार्यान्वयन गर्ने गरिएको पाईयो।

५. **सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन तथा सुझावहरु कार्यान्वयन सम्बन्धी विवरणहरुः**

- ✓ सहकारी विभागबाट शाखा अधिकृत श्री प्रेम कुमार श्रेष्ठकको नेतृत्वको टोलिले अनुगमन गरेको पाइयो।
- ✓ सहकारी विभाग, सम्बन्धित संघहरुले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरु कार्यान्वयन गर्दै आएको पाईयो।
- ✓ यस आ.व. २०८०/८१ मा संस्थाको अवलोकन राष्ट्रिय सभा तथा प्रतिनिधि सभा सदस्य, बागमती प्रदेश मन्त्रीस्तर, जिल्ला अदालत, दोलखा, स्थानीय सरकार, नेपाल पत्रकार समाज, दोलखा जिल्लामा पत्रकारिता गर्ने पत्रकारहरु र र **NEFSCUN** बाट गरी जम्मा ११ पटक भएको पाइयो। साथै १० वटा प्रारम्भिक संस्थाहरुबाट अध्ययन अवलोकन गरेको पाइयो।

६. **पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरणः**

६.१. **पारिश्रमिकः** समितिका पदाधिकारी तथा सदस्यहरुले कुनैपनि पारिश्रमिक नलिएको पाइयो ।

६.२. **बैठक भत्ताः** आ.व. २०८०/८१ मा समिति र उपसमितिहरुले कुनैपनि भत्ताहरु नलिएको पाइयो ।

६.३. **अन्य सुविधाहरुः** आ.व. २०८०/८१ मा सञ्चालकहरुले अन्य कुनैपनि सेवा सुविधाहरु नलिएको पाइयो ।

६.४. **दैनिक भ्रमण भत्ताः** संस्थाको कामको सिलसिलामा सञ्चालक समितिहरु जिल्ला भित्र र बाहिर जाँदा तथा कर्मचारीहरु जिल्ला बाहिर गई कार्य सम्पादन गर्दा कुनैपनि सेवा सुविधा नलिएको पाइयो ।

७. **कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरुः**

७.१. साधारण सभाबाट पारित मानव संशाधन तथा व्यवस्थापन नीति प्रयोगमा रहेको ।

७.२. कर्मचारी भर्ना प्रक्रिया पारदर्शिता र प्रतिस्पर्धी भएको । मानव संशाधन तथा व्यवस्थापन नीति अनुसार कर्मचारी छनौट उपसमितिले परीक्षा लिई सिफारिस गरे अनुसार कर्मचारी भर्ना गरेको ।

७.३. कार्यरत कर्मचारीहरु र कार्यबोझ बीच तादम्यता रहेको ।

७.४. व्यवस्थापन प्रमुखको योग्यता र क्षमता सम्बन्धी विवरण ।

योग्यता **BBA, BI** अनुभव सहकारी सेवा ९ वर्ष ।

७.५. कर्मचारीहरुको संख्याः

| सि.नं. | रोजगारीको प्रकार | पुरुष कर्मचारी | महिला कर्मचारी | जम्मा |
|---|---|---|---|---|
| १. | नियमित रोजगारी | ९ | २० | २९ |
| २. | समयगत रोजगारी | २० | १६ | ३६ |
| **जम्मा** | | २९ | ३६ | ६५ |

८. **लेखा सुपरीवेक्षण समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरुको कार्यान्वयनको अवस्थाः**

| क्र.सं. | सुझावहरु | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | योजना बनाई सदस्यहरुलाई उद्यमशिलता अभिवृद्धि तथा व्यवसायिकता विकासको तालिम दिनुपर्ने । | कृषि/पशु प्राविधिकको व्यवस्थापन भएको तर तालिमहरु आयोजना नगरिएको । |
| २ | निष्कृय उपसमितिहरुलाई सक्रिय बनाई संस्थाको लक्ष्य प्राप्तीमा सहयोगी बनाउनु पर्ने । | उपसमितिहरु थप निकृष्य नै रहेको । |
| ३ | भाखा नाघेको ऋण नियन्त्रणको लागी खराब ऋणहरुमा कानूनी प्रक्रिया अवलम्वन गर्नुपर्ने । | कानूनी प्रक्रिया अवलम्वन नगरिएको । |
| ४ | स-सानो र छोटो अवधीको ऋण लगानीलाई प्राथमिकता दिनुपर्ने । | सुरक्षित ऋण लगानीलाई योजना बनाई प्राथमिकता दिएको । |
| ५ | ऋण लगानी गर्दा ऋण तिर्ने स्रोतको पहिचान गरी लगानी गर्ने कार्यलाई निरन्तरता दिनुपर्ने । | निरन्तरता दिएको । |

| क्र.सं. | सुझावहरु | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ६ | लगानी भएका ऋणहरुको ग्रेस अवधि भित्र सदुपयोगिता अनुगमन गरी सोको प्रतिवेदन सम्बन्धित ऋणीको फाइलमा संलग्न गर्नुपर्ने । | गरेको पाइएन । |
| ७ | संस्थाले सदस्यहरुको आर्थिक तथा सामाजिक जीवनस्तरमा पारेको प्रभावको मुल्याङ्कन गर्नुपर्ने । | सामाजिक परीक्षण मार्फत गर्नुपर्नेमा नगरेको । |
| ८ | सदस्य सन्तुष्टि मूल्याङ्कनलाई वार्षिक रुपमा अनिवार्य कार्यान्वयन गर्नुपर्ने । | गरिएको भएता पनि प्रभावकारी नभएको, धेरै सदस्यहरुको सहभागिता सुनिश्चित गर्नुपर्ने । |
| ९ | सदस्यहरुको लागी सहकारी तथा वित्तीय साक्षरता शिक्षामा जोड दिनुपर्ने । | विस्तारित मञ्च र शिक्षा शिविरका कार्यक्रमहरु गरिएको तर पर्याप्त नभएको । |
| १० | संस्थाका वित्तीय सूचकहरुलाई पर्ल्स मापदण्ड भित्र कायम गर्नुपर्ने । | भाखा नाघेको ऋणलाई व्यवस्थापन गर्न नसक्दा मापदण्ड अनुसार पूर्ण कार्यान्वयन नभएको । |
| ११ | संस्थाले नियन्त्रणमा लिएका सवारी साधन व्यवस्थापनमा जोड दिनुपर्ने । | कार्यान्वियन गर्न नसकेको । |
| १२ | संस्थाले सञ्चालनमा ल्याएका सेवाकेन्द्रहरु मध्ये दिगो रुपमा व्यवस्थापन गर्न र सेवाकेन्द्रको सम्पूर्ण खर्च व्यवस्थापन गर्न नसकिने सेवाकेन्द्रहरुलाई संकलन केन्द्रको रुपमा सञ्चालन गर्नुपर्ने । | केही सेवाकेन्द्रहरुलाई संकलनकेन्द्रको रुपमा सञ्चालन गर्ने कार्यको थालनी गरिएको । (मिर्गे, नाम्दु, मार्बु, बाघखोर, बाबरे, साङ्बा र जगत) |
| १३ | संस्थामा कार्यरत कर्मचारीहरुलाई सबै विभाग तथा शाखाहरुमा काम गर्ने अवसर प्रदान गर्नको लागी हरेक २/२ वर्षमा सरुवा गर्ने नीति अवलम्वन गर्नुपर्ने । | नीतिगत व्यवस्था भएको तर कार्यान्वियन हुन नसकेको । |
| १४ | सदस्यता त्याग गर्ने सदस्यहरुको कारण पत्ता लगाई रोकथामका उपायहरु अवलम्वन गर्नुपर्ने । | लामो समयदेखि (५/३/२ वर्ष) अनियमित बचत गर्ने सदस्यहरुको सदस्यता खारेज गर्ने रणनिती अवलम्वन गरेको । |
| १५ | प्रयोगमा नआएका संस्थाका अचल सम्पत्तिहरु विक्रि गरी नगदमा परिणत गर्नुपर्ने । | रु.८९,२७०.०० बराबरको सामाग्रीहरुको विक्रि वितरण गरिएको । |

९. **लेखा सुपरीवेक्षण समितिले आ.व.२०८०/०८१ मा संस्थाले गरेको कारोबारमा पाइएका विशेषताहरु निम्न अनुसार रहेका छन् ।**

९.१. गत वर्ष सदस्यता वृद्धिदर ४.६६ रहेकामा यस वर्ष १.८३ प्रतिशतले वृद्धि भएको देखिन्छ ।

९.२. गत वर्ष शेयर पूँजी २.३४ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष २.२२ प्रतिशतले कमि भएको देखिन्छ ।

९.३. गत वर्ष संस्थागत पूँजी कोष २.६३ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष ७.०७ प्रतिशतले वृद्धि भएको देखिन्छ।

९.४. गत वर्ष बचत निक्षेप १६.२१ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष १९.७३ प्रतिशतले वृद्धि भएको देखिन्छ।

९.५. गत वर्ष ऋण लगानी ३.८५ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष ७.३१ प्रतिशतले कमी भएको देखिन्छ।

९.६. गत वर्षको तुलनामा १५.१५ प्रतिशतले कमि भई आम्दानी रु.२२,६६,८०,४५३।९८ भएको र खर्च तर्फ ११.६७ प्रतिशतले कमि भई रु.२२,०२,१६,३७७।८० भई खुद बचत रु.६४,६४,०७६।१८ मात्र भएको देखिन्छ।

९.७. गत वर्ष संस्थाको कुल सम्पतिमा २.४५ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष ३.९२ प्रतिशतले मात्र वृद्धि भएको देखिन्छ।

९.८. **संस्थाले गरेका उल्लेख्य कार्यहरुः**

- वित्तीय बजारको सर्वेक्षण गरी ब्याजदर समायोजन गरेको।
- सञ्चालक समितिको हरेक बैठकमा PEARLS विश्लेषण र वित्तीय बजारको विश्लेषण गर्ने गरेको।
- वित्तीय साक्षरता र सदस्यता विस्तारित मञ्चका कार्यक्रमहरू सञ्चालन गरेको।
- समिति, उपसमितिहरुले कुनैपनि सेवा सुविधाहरु (बैठक भत्ता, सञ्चार खर्च, भ्रमण भत्ता) नलिई स्वयंमसेवी रुपमा कार्य सञ्चालन गरेको।
- बाह्य ऋणलाई शुन्यान्तर गर्नुका साथै जोखिममा रहेका केहि ऋणहरुको असुली भएको।
- सदस्यहरुको सुझाव तथा गुनासाहरुको सम्बोधनको लागी गुनासो सुनुवाई अधिकारीको व्यवस्थापन गरेको।

## १०. लेखा सुपरीवेक्षण समितिका सुझावहरुः

१०.१. उद्यमशिलता अभिवृद्धि तथा व्यवसायिकता विकासको लागि तालिमहरुको आयोजनामा जोड दिनुपर्ने।

१०.२. उपसमितिहरुको सक्रियता अनुसार प्रत्येक २/२ वर्षमा पुर्नगठन गरि संस्थाको लक्ष्य प्राप्तीमा सहयोगी बनाउनु पर्ने।

१०.३. भाखा नाघेको ऋण नियन्त्रणको लागी ठोस योजना बनाई कानूनी प्रक्रिया समेत अवलम्वन गर्नुपर्ने।

१०.४. ऋण तिर्न सक्ने क्षमतामा आधारित स-सानो र छोटो अवधीको ऋण लगानीलाई प्राथमिकता दिनुपर्ने।

१०.५. लगानी भएका ऋणहरुको ग्रेस अवधि भित्र सदुपयोगिता अनुगमन गरी सोको प्रतिवेदन सम्बन्धित ऋणीको फाइलमा संलग्न गर्नुपर्ने।

१०.६. आन्तरिक लेखापरीक्षक, बाह्य लेखापरीक्षक, छाता संगठन र नियामक निकायबाट प्राप्त भएका कैफियत र सुझावहरुको कार्यान्वयनमा जोड दिनुपर्ने ।

१०.७. शेयर सदस्य तथा समुदायमा संस्थाले पारेको प्रभावको मुल्याङ्कन सामाजिक परीक्षण मार्फत गर्नुपर्ने ।

१०.८. शेयर सदस्य तथा कर्मचारीहरुको सन्तुष्टि मूल्याङ्कनलाई वार्षिक रुपमा अनिवार्य कार्यान्वयन गर्नुपर्ने ।

१०.९. सदस्यहरुको लागी सहकारी तथा वित्तीय साक्षरता शिक्षामा निरन्तरता दिनुपर्ने ।

१०.१०. सञ्चालनमा रहेका सेवाकेन्द्र तथा संकलनकेन्द्रहरुको प्रगति प्रतिवेदनको आधारमा स्थायीत्व र सुदृढिकरणको योजना बनाउनुपर्ने ।

१०.११. संस्थामा आबद्ध युवा तथा महिलाहरुको नेतृत्व विकास तथा उद्यमशिलता अभिवृद्धि गर्न तालिमहरुको व्यवस्थापनमा जोड दिनुपर्ने ।

१०.१२. वित्तीय साक्षरता तथा सदस्यहरुको भेटघाटमा प्राप्त सुझावहरुलाई वार्षिक नीति तथा कार्यक्रमहरुमा समावेश तथा नीति परिमार्जनमा संलग्न गर्नुपर्ने ।

१०.१३. संस्थामा कार्यरत कर्मचारीहरुलाई सबै विभाग तथा शाखाहरुमा काम गर्ने अवसर प्रदान गर्नको लागि हरेक २-२ वर्षमा सरुवा गर्ने नीति अवलम्वन गर्नुपर्ने ।

१०.१४. सदस्यता त्याग गर्ने सदस्यहरुको कारण पत्ता लगाई रोकथामका उपायहरु अवलम्वन गर्नुपर्ने ।

१०.१५. प्रयोगमा नआएका संस्थाका अचल सम्पत्तिहरु विक्री गरी नगदमा परिणत गर्नुपर्ने ।

१०.१६. सदस्यहरुको संख्या र कार्यरत कर्मचारीहरुको कार्यबोझ मूल्याङ्कन गरी कर्मचारीहरुको संख्यामा थपघट गर्नुपर्ने ।

**अन्त्यमा,**

संस्था सहकारी ऐन, नियमावली, नीति, मापदण्ड, विनियम, विधि अनुरुप, नीति र कार्यविधि निर्माण गरी संचालित छ । संस्था प्रविधि मैत्री रहेको छ । शेयर सदस्य, सञ्चालक समिति, अन्य उपसमितिहरु, व्यवस्थापनको टिम, आन्तरिक तथा बाह्य लेखापरिक्षक सबैमा संस्था स्वस्थ, सुरक्षित र गतिशिल बनाउन गरिएको प्रयत्न प्रति आभार व्यक्त गर्दछु । यहाँहरुको निरन्तर सहयोग र सदभावको अपेक्षा राख्दै अमुल्य सुझाव सहित यो प्रतिवेदन पारित गरिदिनु हुन अनुरोध गर्दछौं ।

**धन्यवाद, जय सहकारी, जय जनसचेतन ।**

**संयोजकः** मिन प्रसाद दहाल

**सदस्यः** फुलकाजी तमाङ लामा

**सदस्यः** सुशीला न्यौपाने

Raj Kumar Phuyal
Membership No.893, COP No.688, Firm No.591
☐ 9851203839
PAN No. 603766271

# R.K. PHUYAL & ASSOCIATES

Chartered Accountants
Member of the Institute of Chartered Accountants of Nepal (ICAN)

**स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन**

श्री शेयर सदस्य महानुभावहरु,
जनसचेतन बचत तथा ऋण सहकारी संस्था लिमिटेड,
वैतेश्वर गाउँपालिका-५, काभ्रे, दोलखा ।

**आ.व. २०८०/८१ को वित्तीय विवरण उपर प्रतिवेदन**

**कैफियत सहितको राय :**

हामीले यसै साथ संलग्न **जनसचेतन बचत तथा ऋण सहकारी संस्था लिमिटेड को** ३१ असार २०८१ को वित्तीय अवस्थाको विवरण (वासलात) र सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा/नोक्सान हिसाब, अन्य विस्तृत आम्दानीको विवरण, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र प्रमुख लेखा नीतिहंरु तथा टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

तल बुदा नं. १ देखि ३ सम्म लेखिएका कुराहरु तथा त्यसबाट वित्तीय विवरणहरुमा पर्ने असर बाहेक हाम्रो रायमा, संलग्न वित्तीय विवरणहरु लेखासँग सम्बन्धित टिप्पणीहरुका साथ अध्ययन गर्दा, ३१ असार २०८१ को आर्थिक स्थिति तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्षको संचालन नतिजा नेपाल वित्तीय प्रतिवेदनमान **(NFRS)** अनुरुप तथा अन्य कानुनी आवश्यकता बमोजिम समुचित तथा यथार्थ चित्रण गर्दछ ।

१ **NFRS बमोजिमको ऋण नोक्सानी व्यवस्था गणना गर्न पर्याप्त तथ्याङ्क नभएकाले सहकारीले विभागद्वारा निर्देशन भए बमोजिम ऋण नोक्सानी व्यवस्था गर्ने नीति लिएको छ । संस्थाले आ.व. २०८०/८१ को मसान्तमा रु. ७१,०६,३९,५०५।६२ ऋण नोक्सानी व्यवस्था गर्नुपर्नेमा रु. ८,२६,६३,८८१।०० मात्र व्यवस्था गरेको पाइयो । यसले गर्दा संस्थाको नाफा रु. ६२,७९,७५,६२४।६२ ले ज्यादा देखिन्छ ।**

**कैफियत सहितको रायका आधारहरु,**

हामीले नेपाल लेखापरीक्षण मान अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौं । यसै प्रतिवेदनको लेखापरीक्षकको जिम्मेवारी खण्डमा ति लेखापरीक्षण मान अनुसार हाम्रो जिम्मवारीको थप वर्णन गरिएको छ । हामीले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जारी भएको लेखा व्यवसायीहरुको आचार संहिता तथा नेपालमा वित्तीय लेखापरीक्षणका लागि सान्दर्भिक आचरणको प्रावधान अनुसार हामी वित्तीय विवरणहरुको लेखापरीक्षण गर्न स्वतन्त्र छौं र हामीले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जारी भएको आचार संहिताहरुका अन्य प्रावधानहरुको पालना गरेका छौं । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपर्युक्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

Kathmandu, Nepal  carajkumarphuyal@gmail.com

**लेखापरीक्षणका मुख्य मामिलाहरु (Key Audit Matters) :**

लेखापरीक्षणका मुख्य मामिला ती विषयहरु हुन् जुन हाम्रो व्यवसायीक निर्णयमा हालको अवधिको वित्तीय विवरणहरुको लेखापरीक्षणमा सबैभन्दा महत्वको विषय रहेको हुन्छ। उक्त मामिलाहरु वित्तीय विवरणहरुको लेखापरीक्षणको क्रममा तथा राय व्यक्त गर्ने क्रममा सम्बोधन गरिएका छन् तथा त्यसमा हाम्रो राय व्यक्त गर्दा, सो मामलामा अलग राय व्यक्त गरिएको छैन। हामीले तल उल्लेखित व्यहोराहरुलाई निर्धारण गरि मुख्य लेखापरीक्षण व्यहोराहरूको रुपमा सूचित गर्न यस प्रतिवेदनमा समावेश गरेका छौं :

| | | |
|---|---|---|
| १ | **सूचना प्रविधि प्रणाली**<br>संस्थाको प्राय सबै कारोबारहरु सूचना प्रविधि मार्फत संचालन हुने तथा डिजिटल भण्डारण हुने भएकोले र कुनै पनि नियन्त्रण त्रुटी, प्रमाणीकरण विफलता, गलत इनपुट डाटा तथा डाटाको गलत प्रयोग हुन सक्ने सम्भावनाले हामीले पहिचान गरेको व्यवस्थापन र नियामकहरुलाई डाटाको गलत रिपोटिङ्ग हुन सक्ने उच्च सम्भावनाको कारण हामीले सुचना प्रणालीलाई मुख्य लेखापरीक्षण व्यहोराहरूको रुपमा मानेका छौं। | **लेखापरीक्षकको सम्बोधन**<br>Data Backup को लागी संस्थाले अनुसरण गरेको नीति जाँच गरियो। हामीले सुचना प्रणाली तथा सोको नियन्त्रण प्रणालीहरु पर्याप्त रहेको पायौं तथापी समयानुकुल सुधार गर्दै जानुपर्ने ठान्यौं। हामीले नमूनाको आधारमा ऋणको ब्याज आम्दानी र निक्षेपको ब्याज खर्चको जाँच गर्यौं। संस्थाको कारोवारको परिमाणलाई मध्येनजर गर्दा संस्थाले सुचना प्रणाली व्यवस्थापन नीति समय सापेक्ष तयार गरि अद्यावधिक गर्नुपर्ने ठान्यौ। |
| २ | **आय कर व्यवस्था**<br>संस्थाको मुख्य कार्यालय गाउँपालिकामा भए पनि कारोबार भने महानगरपालिका र नगरपालिकामा समेत भएकाले महानगरपालिका र नगरपालिकाको कारोवारमा कर व्यवस्था छुट्न सक्ने उच्च सम्भावनाको कारण हामीले आय कर व्यवस्थालाई मुख्य लेखापरीक्षण व्यहोराहरूको रुपमा मानेका छौं। | **लेखापरीक्षकको सम्बोधन**<br>आय कर ऐन, २०५८ र आय कर नियमावली, २०५९ मा भएको व्यवस्था हेरियो। संस्थाले सम्पूर्ण कारोबारमा नगरपालिकामा लाग्ने करको दरले आय कर व्यवस्था गरेको पाइयो। संस्थाले आय करको विषयमा विभागबाट Advance Ruling लिन पर्ने ठान्यौ। |
| ३ | **कानुनी अनुपालना**<br>सहकारीले सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, नियामक निकायको निर्देशन र अन्य ऐनहरुको अनुपालना गर्नुपर्ने हुन्छ। ऐन, नियमावली र निर्देशनको अनुपालना नहुँदा जरिवाना र दण्ड सजाय हुने हुँदा कानुनी अनुपालनालाई मुख्य लेखापरीक्षण व्यहोराहरूको रुपमा मानेका छौं। | **लेखापरीक्षकको सम्बोधन**<br>सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, नियामक निकायको निर्देशन, आय कर ऐन २०५८, आय कर नियमावली, सम्पत्ति शुद्धिकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन/नियमावली/निर्देशन, र श्रम ऐन/नियमावलीको अनुपालना जाँच गरियो। नियामक निकायमा पेश गरिएको विवरणहरु जाँच गरियो।<br>संस्थाले कानुनी अनुपालनामा अझै केही कुराहरु कार्यान्वयन गर्नुपर्ने ठान्यौ। |

**अन्य जानकारी**

अन्य जानकारीहरु व्यवस्थापनको जिम्मेवारी हो । अन्य जानकारीमा वार्षिक विवरणसँगै प्रस्तुत गरिने वित्तीय विवरण तथा हाम्रो लेखापरीक्षकको प्रतिवेदन बाहेकको सञ्चालक समिति अध्यक्ष, कोषाध्यक्ष र लेखा सुपरिवेक्षण समितिका संयोजकको प्रतिवेदनहरु पर्दछन् । त्यस्ता प्रतिवेदनहरु यस लेखापरीक्षण प्रतिवेदनको मिति पश्चात प्राप्त हुने अपेक्षा गरेका छौं ।

वार्षिक वित्तीय विवरण माथिको हाम्रो रायले अन्य जानकारीलाई समेट्दैन तथा यस्ता अन्य जानकारीका सम्बन्धमा हामी कुनै पनि प्रकारको आश्वासन निचोड व्यक्त गर्दैनौं ।

वित्तीय विवरणको हाम्रो लेखापरीक्षणको सन्दर्भमा, हाम्रो जिम्मेवारी अन्य जानकारी पढी त्यस्ता जानकारीहरु वित्तीय विवरण वा हामीले लेखापरीक्षणको क्रममा प्राप्त गरेका ज्ञानहरुसँग सारभूत रुपमा असंगत रहे वा नरहेको वा अन्य कुनै पनि कारणले सारभूत रुपमा गलत वर्णन देखिने वा नदेखिने सम्बन्धमा विचार गर्नु हो । हामीले गरेको कार्यहरुको आधारमा, यदि अन्य जानकारीहरु सारभुत रुपमा गलत वर्णन गरिएको निष्कर्ष निस्किएमा, त्यस्ता तथ्यहरुको प्रतिवेदन दिनु हाम्रो जिम्मेवारी हो । यस सम्बन्धमा हामीले प्रतिवेदन दिनुपर्ने कुनै तथ्यहरु छैन ।

**आर्थिक विवरण र सुशासनप्रति व्यवस्थापनको जिम्मेवारी**

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत वित्तीय विवरण गलत आँकडा, जालसाजी वा त्रुटीको कारण रहित छ भनी तयारी र प्रस्तुतिकरण गर्ने कार्यसँग सम्बन्धित नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागू गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखानीतिको छनौट गर्ने र लागू गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरू गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरण तयार गर्दा संस्थाले अविच्छन्नता **(Going Concern)** कायम गर्न सक्ने नसक्ने कुराको पहिचान गर्न व्यवस्थापन जिम्मेवार हुनेछ । साथै संस्था वा संस्थाको कारोबारहरू बन्द हुने अवस्थामा नजाँदासम्म अविच्छन्नताका आधारमा लेखा सिद्धान्तको प्रयोग तथा त्यसको खुलासा गर्न व्यवस्थापन पूर्ण रूपमा जिम्मेवार रहन्छ ।

सुशासनसँग सम्बन्धित व्यक्तिहरू संस्थाको वित्तीय प्रतिवेदन प्रक्रियाको नियमन गर्न जिम्मेवार हुन्छन् ।

**लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्यहरू समग्रमा वित्तीय विवरणहरू जालसाजी वा त्रुटिको कारणले हुने सारभुत गलत आंकडा रहित छ कि छैन भन्ने बारे उचित आश्वासन प्राप्त गर्नु हो, र हाम्रो राय समावेश गर्ने लेखापरीक्षकको प्रतिवेदन जारी गर्नु हो । उचित आश्वासन एक उच्चस्तरको आश्वासन हो, तर यो प्रत्याभुति (Guarantee) छैन कि लेखापरीक्षण मान अनुसार सम्पन्न गरिएको लेखापरीक्षणले जहिले पनि सारभुत गलत आंकडा पत्ता लगाउँदछ । गलत आंकडाहरू जालसाजी वा त्रुटिबाट उत्पन्न हुन सक्दछन् र त्यसले, एकल वा समष्टिमा, यदी प्रयोगकर्ताहरूको आर्थिक निर्णयमा प्रभाव पार्ने भएमा मात्र सारभूत रुपमा गलत रहेको मानिन्छ ।

हामीले नेपाल लेखापरीक्षण मान अनुसार लेखापरीक्षण कार्य गर्दा लेखापरीक्षण अवधिभर पेशागत विवेक (Professional Judgment) र व्यवसायिक सन्देह (Professional Skepticism) कायम गरेका छौं ।

यस क्रममा, हामीले :

| टावर बहाल आम्दानी | ११८,८००.०० | १०८,४८०.०१ |
| अन्य आम्दानी | - | १४१,१५८.०० |
| पट्टा समाप्तीमा भएको आम्दानी | २५९,०८२.८२ | - |
| जम्मा | १,१३६,५८८.८२ | ३९०,७९६.०१ |

सञ्चालन आयसँग प्रत्यक्ष सम्बन्ध नभएका आयहरू यस शीर्षक अन्तर्गत प्रस्तुत गरिन्छ ।

### ३४ गैर सञ्चालन खर्च

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| ऋण अपलेखन | ३६७,०८८.०० | ८५०,७९३.०० |
| अन्य खर्च | - | - |
| जम्मा | ३६७,०८८.०० | ८५०,७९३.०० |

सञ्चालन खर्चसँग प्रत्यक्ष सम्बन्ध नभएका खर्चहरू यस शीर्षक अन्तर्गत प्रस्तुत गरिन्छ ।

R.K. Phuyal & Associates
Kathmandu
Chartered Accountants

# जनसचेतन बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**वैतेश्वर गाउँपालिका वार्ड नं. ५, काभ्रे, दोलखा**

**३५ आयकर खर्च**

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| **हालको कर खर्च** | ३९५,३८६.६७ | ७६०,२३०.५४ |
| यस वर्ष | ३९५,३८६.६७ | ७६०,२३०.५४ |
| गत वर्षको लागि समायोजन | | - |
| **स्थगन कर खर्च** | (१७१,७६४.२१) | १,५८३,४३४.२४ |
| अल्पकालिन भिन्नताहरुको शुरुवात र रिभर्सल | (१७१,७६४.२१) | १,५८३,४३४.२४ |
| पहिले लेखाङ्कन नगरिएको कर नोक्सानी | | |
| **जम्मा आयकर खर्च** | २२३,६२२.४६ | २,३४३,६६४.७८ |

R.K. Phuyal & Associates
Kathmandu
Chartered Accountants

## जनसचेतन बचत तथा ऋण सहकारी संस्था लिमिटेड
**वैतेश्वर गाउँपालिका वार्ड नं. ५, काब्रे, दोलखा**

**अन्य थप खुलासा**

३६ **सम्बन्धित व्यक्तिसँगको कारोवार :**

प्रत्येक सम्भावित सम्बन्धित पक्षको सम्बन्ध ध्यानमा राख्दा, कानुनी आधार भन्दा सम्बन्धको महत्व र प्रभावलाई प्राथमिकता दिइन्छ । यस लेखापरीक्षणको अवधिमा देहायका व्यक्तिहरु यस संस्थासँग सम्बन्धित रहेका छन् । संस्थाका सञ्चालक तथा प्रबन्धकलाई सम्बद्ध व्यक्तिको रूपमा लिइएको छ । आर्थिक वर्ष २०८०/२०८१ मा सम्बद्ध व्यक्तिहरूको विवरण निम्न बमोजिम रहेको छ ।

| क.सं | नाम | पद |
|---|---|---|
| १ | हेमन्त कुमार चौलागाई | अध्यक्ष |
| २ | गोपालध्वज श्रेष्ठ | वरिष्ठ उपाध्यक्ष |
| ३ | स्वस्थानी कुँवर | महिला उपाध्यक्ष |
| ४ | कमल बहादुर दहाल | सचिव |
| ५ | शिवराम ढकाल | सह-सचिव |
| ६ | भरत के.सी. | कोषाध्यक्ष |
| ७ | शरदचन्द्र सापकोटा | सञ्चालक समिति सदस्य |
| ८ | टंक बहादुर सुनुवार | सञ्चालक समिति सदस्य |
| ९ | सुमिता शिवाकोटी | सञ्चालक समिति सदस्य |
| १० | हरि बहादुर पाण्डे | सञ्चालक समिति सदस्य |
| ११ | लिला बहादुर थामी | सञ्चालक समिति सदस्य |
| १२ | जानुका शिवाकोटी | सञ्चालक समिति सदस्य |
| १३ | ज्ञान बहादुर तामाङ | सञ्चालक समिति सदस्य |
| १४ | नवराज दहाल | प्रमुख कार्यकारी अधिकृत |

सञ्चालक र लेखा समिति सदस्यलाई गरिएको भुक्तानीको विवरण निम्न बमोजिम रहेको छ ।

| खर्च शीर्षक | रकम (रु.) |
|---|---|
| बैठक भत्ता | - |
| संचार भत्ता | - |

मुख्य व्यवस्थापकीय जिम्मेवारी पाएको व्यक्ति प्रमुख कार्यकारी अधिकृत, मुख्य प्रबन्धक तथा प्रबन्धकले यस आ.व. मा प्राप्त गरेको तलब भत्ता तथा सुविधाको रकम देहाय बमोजिम रहेको छ ।

| पद | नाम | तलब तथा भत्ता रकम (रु.) |
|---|---|---|
| प्रमुख कार्यकारी अधिकृत | नवराज दहाल | २०,२४,५८४.४० |

R.K. Phyual & Associates Kathmandu Chartered Accountants

२४ **भुक्तानी हुन बाँकी लाभांश**

यस आर्थिक वर्षको अन्त्य सम्ममा गत वर्षहरुको भुक्तानी हुन बाँकी लाभांश रकम रहेको छैन ।

२७ **औसत ब्याजदर**

संस्थाको लिने दिने ब्याजदर बीचको औसत फरक (**Spread**) ४.५२% रहेको छ ।

२८ **वित्तीय विवरणको अन्त्य मिति पछिको घटनाहरु**

वित्तीय विवरणको अन्त्य मिति पछिको घटनाहरु त्यस्ता घटनाहरु हुन जुन उचित तथा अनुचित हुन सक्छन् जुन वित्तीय विवरणको अन्त्य मिति र वित्तीय विवरण जारी गर्नलाई आधिकारिक गरेको मिति बिच घटेको हुन्छ । वित्तीय विवरणको अन्त्य मिति पछि यस्तो कुनै पनि घटना घटेको छैन जसको समायोजन वा खुलासा वित्तीय विवरणमा आवश्यक छ ।

२९ **जोखिम व्यवस्थापन सम्बन्धमा**

संस्थामा विद्यमान जोखिमहरु पहिचान गरी त्यस सम्बन्धमा आवश्यक रणनितीहरु तयार गरी कार्यन्वयन गर्ने जिम्मेवारी सञ्चालक समितिमा निहित रहेको छ ।

२९.१ **जोखिम सुशासन (Risk Governance)**

संस्थाले उत्पन्न हुने जोखिम न्यूनीकरण गर्न नीति र प्रक्रियाहरू तयार गरी कार्यान्वयन गरेको छ । कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने स्पष्ट जिम्मेवारी र उपयुक्त संस्कृतिको विकास गर्ने लगायतका विषयहरुमा संस्थाले कर्मचारीहरुलाई प्रशिक्षित गरेको छ । संस्थामा ऋण, बजार र तरलता जोखिमहरू कुशलतापूर्वक व्यवस्थित गर्न, जोखिम सम्बन्धी नीतिको स्थापना, पूँजी व्यवस्थापन र तरलता, पूँजी पर्याप्तता र संरचना, ब्याजदर जोखिम र कर जोखिमको व्यवस्थापन सहित जोखिम व्यवस्थापनको नीतिहरुको स्थापना र अनुपालनको लागी सञ्चालक समिति जिम्मेवार छ ।

संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता सम्बन्धमा सञ्चालक समिति, लेखा समिति, व्यवस्थापन र बाह्य लेखापरीक्षकद्वारा नियमित समीक्षा गरिन्छ । लेखा समितिले नीति र मापदण्डको अनुपालन र नियमित लेखापरीक्षण, विशेष लेखापरीक्षण, सूचना प्रणालीको लेखापरीक्षण साथै जोखिममा आधारित आन्तरिक लेखापरीक्षण मार्फत संस्थामा आन्तरिक नियन्त्रण प्रणाली र संरचनाहरूको प्रभावकारिताको अनुगमन गर्दछ । लेखापरीक्षण दौरानमा देखिएका कैफियतहरु तत्काल सुधारात्मक उपायहरू आरम्भ गर्नका लागि सुझाव सहित प्रमुख कार्यकारी अधिकृतलाई रिपोर्ट गरिन्छ ।

R.K. Phuyal & Associates
Kathmandu
Chartered Accountants

२९.२ **आन्तरिक नियन्त्रण प्रणाली**

संस्थामा रणनीति र उद्देश्यहरू अनुरुपको उपलब्धि हासिल गर्ने गरी उचित आन्तरिक नियन्त्रण प्रणाली सुनिश्चित गर्ने जिम्मेवारी सञ्चालक समितिको हुन्छ । संस्थाको व्यवसायको विस्तार र वृद्धिको क्रममा लाभदायक व्यवसायका अवसरहरू उपयोग गर्न, क्षति निम्त्याउन सक्ने जोखिमलाई हटाउन वा घटाउन उचित नियन्त्रण संयन्त्र भएको सुनिश्चत गर्ने अभिभारा सञ्चालक समितिको हुन्छ । सञ्चालक समितिले संस्थामा जोखिम लेखाङ्कन, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण र नियन्त्रण र अनुगमनको नीति र प्रक्रियाहरू व्यवस्था गरेको छ ।

२९.२ **ऋण जोखिम**

ऋण जोखिम भनेको ऋण प्रवाहका शर्तहरू बमोजिम संस्थालाई भुक्तानी गर्ने दायित्व पूरा गर्न ऋणी असक्षम हुने जोखिम हो । संस्थाले उपयुक्त उपायहरु अवलम्बन गरी ऋण जोखिम न्यूनीकरणको लागि कार्यान्वयन गरेको छ । ऋण जोखिमको प्रभावकारी व्यवस्थापनका लागि संस्थाले विभिन्न नीतिहरू, प्रक्रियाहरू, दिशानिर्देशहरू तयार गरी कार्यान्वयन गरेको छ । संस्थाले ऋण जोखिम आंकलन गर्न हरेक ऋणिको अनौपचारिक रुपमा आन्तरिक Rating गर्दछ जसले संस्थालाई समग्र पोर्टफोलियोको जोखिम व्यवस्थापन गर्न मद्दत गर्दछ । संस्थाले व्यापारिक ऋण लिनेहरू ऋणीहरुको व्यवसाय अवलोकनको माध्यमबाट अनुगमन गर्दछ र व्यक्तिगत ऋणहरूको हकमा उहाँहरुको दायित्व वहन क्षमता नियमित रूपमा अपडेट गर्ने व्यवस्था कार्यान्वयनमा ल्याएको छ ।

ऋण स्वीकृत गर्नुपुर्व धितो, जमानी आदिको पर्याप्तता यकिन गर्ने सम्बन्धमा ग्राहकसँग समन्यय गर्न संस्थामा छुट्टै कर्जा विभाग रहेको छ । साथै, संस्थामा सञ्चालक समितिका सदस्य संलग्न भएको ऋण उपसमिति रहेको छ जसले धितो मुल्याङ्कन, ऋणको जोखिमको अध्ययन गरी रु ५०,००,००० भन्दा माथिको ऋण संचालक समितिमा स्वीकृतीका लागि सिफारिस गर्दछ ।

विद्यमान आर्थिक मन्दि र समग्र आर्थिक स्थितीको कारण सहकारी संस्थाहरुको संकटोन्मुख भइरहेको अवस्थामा संस्थामा समेत सो आवस्था आउन सक्ने जोखिमलाई मध्यनजर गदै सो सम्बन्धमा ऋण र समस्याग्रस्त ऋण व्यवस्थापनका लागि उपचारात्मक कदम चाल्न संस्थासग उपयुक्त कानुनी कदम चाल्ने लगायतका प्रभावकारी प्रक्रिया र कार्यविधिहरु छन् । यो बाहेक संस्थासँग ऋण जोखिम मूल्याङ्कन नीति, प्रक्रियाहरू र नियन्त्रण प्रणाली कार्यान्वयनमा छन् ।

२९.३ **बजार जोखिम**

संस्थाको वासलातमा रहेको सम्पत्ति वा दायित्वको मूल्यमा बजार मूल्यमा हुने घटबढले हुने जोखिमलाई बजार जोखिम भनी परिभाषित गरिएको छ । बजार जोखिम त्यस्तो जोखिम हो जसका कारण वित्तीय उपकरणको भविष्यमा नगद प्रवाह घटबढ हुन्छ । बजार जोखिमले तीन प्रकारका जोखिमलाई जनाउँदछ : (क) मुद्रा जोखिम (ख) बजार ब्याजदर (ब्याजदर जोखिम) र (ग) बजार मूल्य (मूल्य जोखिम) ।

R.K. Phuyal & Associates
Kathmandu
Chartered Accountants

**क** विदेशी मुद्राको सटही जोखिमको कारण संस्थाको सम्पत्तिमा आउन सक्ने ह्रासको जोखिमलाई मुद्रा जोखिम भनिन्छ । संस्थाले विदेशी मुद्रामा कारोवार गर्न नमिल्ने कारण मुद्रा जोखिम अत्यन्त न्यून रहेको छ ।

**ख** ब्याजदर जोखिम ब्याजदर जोखिम त्यो जोखिम हो, जसका कारण वित्तीय उपकरणको भविष्यमा हुने नगद प्रवाह बजार ब्याजदरका कारण तलमाथि हुन्छ ।

**ग** मूल्य जोखिम भन्नाले सम्पत्तिको मूल्यमा आउने ह्रासका कारण संस्थालाई हुने हानीसँग सम्बन्धित छ ।

**२९.४ तरलता जोखिम**

नगद वा अन्य वित्तीय सम्पत्ति प्रदान गरेर वित्तीय दायित्वसँग सम्बन्धित दायित्वहरु पूरा गर्न संस्थाले कठिनाई भोग्न सक्ने जोखिमलाई तरलता जोखिम भनी परिभाषित गरिएको छ । सामान्य र असामान्य दुवै परिस्थितिमा नगद प्रवाहको समय नमिल्दा संस्थाले भुक्तानी योग्य दायित्वहरु पूरा गर्न असमर्थ हुन सक्ने सम्भावनाको कारण तरलता जोखिम उत्पन्न हुन सक्छ ।

यो जोखिमलाई कम गर्न व्यवस्थापनले मूल निक्षेप बाहेक विभिन्न स्रोतहरुको व्यवस्था गरेको छ र तरलतालाई विचार गरी सम्पत्ति व्यवस्थापन गर्ने र भविष्यमा नगद प्रवाह र तरलतालाई दैनिक रुपमा अनुगमन गर्ने नीति अपनाएको छ ।

R.K. Phuyal & Associates
Kathmandu
Chartered Accountants

## वित्तीय विवरण सम्बन्धित नीति तथा टिप्पणीहरु
## २०८१ साल असार मसान्तको

### १ सामान्य जानकारी

जनसचेतन बचत तथा ऋण सहकारी संस्था लिमिटेडले छरिएर रहेका स-साना रकमलाई सहकारीको माध्यमबाट बचत गर्ने बानी बसाली त्यस्ता रकमलाई आय आर्जन गर्ने क्षेत्रमा लगानी गरी आफ्ना सदस्यहरुको आर्थिक विकासमा टेवा पुऱ्याउने मूख्य उदेश्यले सहकारी ऐन, २०७४ अनुसार मिति २०५०/०८/०१ मा तत्कालिन जिल्ला सहकारी कार्यालय, काभ्रेपलाञ्चोकमा दर्ता नम्बर ८१/०५०/०५१ मा दर्ता भई वित्तीय कारोवार संचालन गर्दै आइरहेको छ । संस्थाले मिति २०६५।०९।२० मा आन्तिरिक राजस्व विभागमा दर्ता गरी **३०३२१०६०५** स्थायी लेखा नम्बर प्राप्त गरेको छ । संस्थाको कार्यालय वैतेश्वर गाउँपालिका-५, काब्रे, दोलखा (साबिकको, काब्रे गा.वि.स-३, दोलखा) मा रहेको छ । संस्थाको कार्यक्षेत्र तत्कालिन सहकारी कार्यालय, दोलखाको पत्र संख्या ०६९।७० को चलानी नम्बर १५८ अनुसार दोलखा जिल्ला भर रहेकोमा भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय बाग्मती प्रदेश, सहकारी महाशाखाको पत्र संख्या ०७७/७८ को चलानी नम्बर ७०९ अनुसार बागमती प्रदेशको दोलखा, काभ्रेपलाञ्चोक, भक्तपुर, काठमाण्डौं जिल्लाभर र ललितपुर जिल्लाको ललितपुर महानगरपालिका रहेको छ । संस्थाले ACCU द्वारा प्रतिपादित र नेफस्कून मार्फत सञ्चालित एक्सेस ब्रान्डिङ्ग कार्यक्रममा (ACCESS– A1 Competitive Choice for Excellence in Service and Soundness) सहभागी भएको छ ।

संस्थाको प्रमुख गतिविधिहरुमा बचत सकंलन, ऋण लगानी आदि पर्दछन् । यी सेवाहरु संस्थाले आफनो कार्य क्षेत्र भित्रका शेयर सदस्यहरुलाई प्रदान गर्दै आएको छ ।

### २ वित्तीय विवरण तयारीका आधारहरु

### २.१ अनुपालन सम्बन्धी उद्घोषण

संस्थाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक वित्तीय विवरणहरु नेपाल लेखामान बोर्ड **(Accounting Standards Board, Nepal- ASBN)** बाट जारी भई नेपाल चार्टड एकाउन्टेन्ट्स संस्था **(Institute of Chartered Accountants of Nepal- ICAN)** द्वारा अनुपालनको लागि सुचित गरिएका नेपाल वित्तीय प्रतिवेदन मानमा **(Nepal Financial Reporting Standard-NFRS)** भएका व्यवस्था अनुसार तयार गरिएका छन् । उक्त वार्षिक वित्तीय विवरणहरु सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा सहकारी विभागबाट जारी गरिएको निर्देशकहरुका अधिनमा रही तयार पारिएका छन् ।

वार्षिक विवरण तयार गर्दा अपनाईएका प्रमुख नीतिहरु बुँदा नं ३ मा प्रस्तुत गरिएका छन् ।

### २.१.१ Reporting Pronouncement

वार्षिक वित्तीय प्रतिवेदन नेपाल वित्तीय प्रतिवेदन मान **(NFRS)** मा भएका प्रावधान बमोजिम तयार गरिएको छ । अर्न्तराष्ट्रिय लेखामान बोर्डले जारी गरेको अन्तराष्ट्रिय वित्तीय

R.K. Phuyal & Associates Kathmandu Chartered Accountants

प्रतिवेदन मान (IFRS) मा आधारित रहेर नेपाल लेखामान बोर्डले नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) जारी गरेको हो । नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाले वित्तीय प्रतिवेदन तयार गर्दा **NFRS** बमोजिम तयार गर्नुपर्ने सूचना जारी गरेको छ । प्रस्तुत वार्षिक वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदन मान बमोजिम तयार गरिएका छन् ।

**२.१.२ नेपाल वित्तीय प्रतिवेदन मान अनुपालनको सम्बन्धमा जारी वैकल्पिक व्यवस्था**

नेपाल लेखामान बोर्डको सिफारिसमा नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाले नेपाल वित्तीय प्रतिवेदन मानमा भएको प्रावधान बमोजिम आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन तयार गर्दा तल उल्लिखित केही वैकल्पिक व्यवस्था (Carve Out) अपनाउन सकिने गरी बैंक तथा वित्तीय संस्थाहरु को लागि मात्र व्यवस्था गरिएता पनि यस सहकारी संस्थाले व्यवहारिक कठिनाई र Materiality लाई मध्ये नजर राख्दै नेपाल वित्तीय प्रतिवेदन मान अनुपालनको लागि निम्न लिखित वैकल्पिक व्यवस्था अनुसार आफ्नो वित्तीय प्रतिवेदन तयार पारेको छ ।

**क) NFRS 9 - वित्तीय उपकरणः पहिचान, लेखाङ्कन तथा मापन (ऋण नोक्सानी व्यवस्था सम्बन्धी)**

**NFRS 9** को Para 5.5 को व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाहरुले ऋणनोक्सानी व्यवस्था (Loan Loss Provision) कायम गर्दा "Expected Credit Loss Model" अपनाएर गनुपर्ने प्रावधान अनुसार गर्न नसकिने अवस्था हुँदा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ । यो अनिवार्य व्यवस्था अनुसार संस्थाले नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन बमोजिम आएको ऋण नोक्सानी व्यवस्था वा NFRS 9 को 5.5 बमोजिम आएको ऋण नोक्सानी व्यवस्था मध्य जुन बढी हुन्छ सोलाई ऋण नोक्सानी व्यवस्था गरी लेखाङ्कन गर्नुपर्ने प्रावधान रहेको छ । तर सहकारी संस्था नेपाल राष्ट्र बैंकको नियमन भन्दा बाहिर हुने कारणले यस संस्थाले सहकारी विभागद्वारा जारी निर्देशन बमोजिम आएको ऋण नोक्सानी व्यवस्था वा **NFRS 9** बमोजिम आएको ऋण नोक्सानी व्यवस्था मध्ये जुन बढी हुन्छ सोलाई ऋण नोक्सानी व्यवस्था गरी लेखाङ्कन गरेको छ ।

**ख) NFRS 9- वित्तीय उपकरण- पहिचान तथा मापन (प्रभावकारी ब्याज दर-Effective Interest Rate सम्बन्धी)**

NFRS 9 को Para 5.4 व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाहरुले ऋण लगानीबाट हुने ब्याज आम्दानी गणना गर्दा सेवा शुल्क र कमिशनलाई समेत समायोजन गरी हुन आउने प्रभावकारी ब्याजदर **(Effective Interest Rate)** मा गणना गर्ने व्यवस्था रहेकोमा सो गर्न अव्यवहारिक भएको अवस्थामा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने छ ।

वैकल्पिक व्यवस्था बमोजिम ऋणलगानी गर्दा प्राप्त हुने सेवा शुल्क तथा कमिशनलाई ऋणबाट प्राप्त ब्याज आम्दानी लेखाङ्कनको लागि समायोजित ब्याज दरमा समायोजन नगरी प्रोदभावी **(Accrual Basis)** लेखाङ्कनका आधारमा सो सेवा शुल्क तथा कमिशन आम्दानी पाकेकै वर्ष लेखाङ्कन गर्न सकिने छ । सहकारीले उपरोक्त वैकल्पिक व्यवस्था अवलम्बन गरेको छ ।

R.K. Phuyal & Associates, Kathmandu, Chartered Accountants

२.१.३ **प्रतिवेदनको समयावधि तथा वित्तीय विवरणको स्वीकृति**

संलग्न वित्तीय विवरणले मिति ०१ श्रावण २०८० देखि मिति ३१ असार २०८१ को अवधिलाई समेटि मिति ३१ असार २०८१ को वित्तीय अवस्था प्रस्तुत गरेको छ । उक्त वित्तीय विवरण र सो को ३१ असार २०८० को वित्तीय अवस्थासँगको तुलनात्मक स्थितिको अवस्थाको प्रकाशन तथा वार्षिक साधारण सभामा स्वीकृतीको लागि पेश गर्न सञ्चालक समितिको बैठकबाट स्वीकृत भएको छ ।

२.२ **वित्तीय विवरणको उत्तरदायित्व**

संस्थाको वित्तीय विवरण तयार पार्ने उत्तरदायित्व सञ्चालक समितिमा निहित रहेको छ । समितिले उक्त उत्तरदायित्वलाई वार्षिक प्रतिवेदनमा उल्लेख गरेबमोजिम स्वीकार गर्दछ । वित्तीय विवरणमा निम्न विवरणहरु समावेश गरिएका छन् ।

(क) संस्थाको असार मसान्त, २०८१ मा कायम वित्तीय अवस्थाको जानकारी प्रदान गर्ने वित्तीय अवस्थाको विवरण (Statement of Financial Position)

(ख) संस्थाको आर्थिक वर्ष २०८०/८१ को वित्तीय प्रगतिको जानकारी प्रदान गर्ने नाफा नोक्सान हिसाब तथा अन्य विस्तृत आयको विवरण (Statement of Profit or Loss and Statement of Other Comprehensive Income)

(ग) संस्थाको आर्थिक वर्ष २०८०/८१ को नगद प्रवाहको जानकारी प्रदान गर्ने नगद प्रवाह विवरण (Statement of Cash Flows),

(घ) संस्थाको आर्थिक वर्ष २०८०/८१ मा जेथामा भएको परिर्वतनको जानकारी प्रदान गर्ने ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण (Statement of Change In Equity),

(ङ) संस्थाको वित्तीय विवरण तयार गर्दा अवलम्बन गरिएको प्रमुख लेखा नीतिहरु र वित्तीय विवरणसँग सम्बन्धित अन्य सान्दर्भिक जानकारीहरु समेटिएको लेखा सम्बन्धी टिप्पणीहरु ।

२.३. **कार्यात्मक तथा प्रस्तुतीकरण मुद्रा**

संलग्न वित्तीय विवरणहरु निकटतम रुपैयाँमा प्रस्तुत गरिएको छ । आर्थिक विवरणमा देखाईएका सम्पत्ति तथा दायित्वहरु नेपाली रुपैंयामा लेखिएका छन् जुन संस्थाको कार्यात्मक मुद्रा पनि हो ।

२.४. **महत्वपूर्ण लेखांकन निर्णय र अनुमान**

NFRS को प्रावधान बमोजिम लेखा नीति अपनाएर वित्तीय प्रतिवेदन तयार गर्दा NFRS ले निर्दिष्ट गरे बमोजिम उपयुक्त तथा समुचित अनुमान (Estimate), धारणा (Assumption), तथा स्वविवेक (Judgement) हरुलाई आधार बनाईएको हुन्छ । सहकारीको व्यवस्थापनले उक्त अनुमान, धारणा तथा स्वविवेकको समय अनुकुल

R.K. Phuyal & Associates Kathmandu Chartered Accountants

पुनरावलोकन गरी आवश्यक भएको अवस्थामा NFRS ले निर्दिष्ट गरे अनुसार समायोजन गर्ने गरेको छ ।

वित्तीय विवरणको तयारीमा निम्न क्षेत्रको अनुमान, धारणा तथा स्वविवेकको प्रयोगले महत्वपूर्ण भूमिका खेलेको हुन्छ :

- ✓ वित्तीय उपकरणको बजार मूल्य निर्धारण (Fair Value of Financial Instruments)
- ✓ वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण (Classification of Financial Assets and Financial Liabilities)
- ✓ वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था निर्धारण (Impairment losses on Financial Assets)
- ✓ गैर वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था निर्धारण (Impairment losses on Non-Financial Assets)
- ✓ स्थिर सम्पत्ति तथा कार्यलय उपकरणको उपयोग अवधि निर्धारण (Useful Economic Life of Property and Equipment)
- ✓ आयकर तथा स्थगन कर निर्धारण (Taxation and Deferred Tax)
- ✓ परिभाषित लाभ दायित्व निर्धारण (Defined Benefit Obligations)
- ✓ सम्भावित दायित्व निर्धारण (Provision for Liabilities, Commitments and Contingencies)
- ✓ लगानी सम्पत्तिको वर्गिकरण (Classification of Investment Property)

**२.४.१ वित्तीय उपकरणको बजार मूल्य निर्धारण (Fair Value of Financial Instrument)**

वित्तीय सम्पत्ति तथा दायित्वको बजार मूल्य निर्धारण बुँदा नं ५.१ मा उल्लिखित मुल्याङ्कन तालिका अनुसार निर्धारण गरिन्छ र सो क्रममा विभिन्न मूल्याङ्कन विधि तथा statistical Models को प्रयोग गरिन्छ ।

**२.४.२ वित्तीय सम्पत्ति तथा दायित्वको वर्गिकरण (Classification of Financial Asset and Liabilities)**

वित्तीय सम्पत्ति तथा दायित्वको प्रस्तुती र मापन Amortized Cost (परीशोधित मुल्य) अथवा बजार मूल्य मध्ये कुनै एकमा आधारित मूल्यॉकन विधिका अनुसार गरी निम्न वर्गहरुमा वर्गीकृत गरिएको छ :

- ✓ Amortized Cost (परीशोधित मुल्य) मा वर्गिकरण गरिएका,
- ✓ Fair Value Through Profit or Loss (FVTPL) मा वर्गिकरण गरिएका,
- ✓ Fair Value Through Other Comprehensive Income (FVTOCI) मा वर्गिकरण गरिएका

R.K. Phuyal & Associates
Kathmandu
Chartered Accountants

वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण अनुसार मूल्याँकन र लेखाङ्कन फरक पर्ने हुन सक्छ । सहकारीले सम्पत्ति तथा दायित्वको प्रस्तुती तथा मूल्याँकनलाई उपयुक्त लेखा नीति अवलम्बन गरी वर्गिकरण गर्ने गरेको छ ।

**२.४.३ वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था (Impairment Losses on Financial Assets)**

वित्तीय सम्पत्तिमा भएको नोक्सानीको व्यवस्था सहकारी विभागले जारी गरेको सहकारी संघसंस्थामा सुशासन प्रवर्द्धनको लागि एकीकृत निर्देशन २०७९ को बुँदा नं २० बमोजिन वा NFRS 9 को Para 5.5 को 'Expected Credit Model' मध्ये जुन रकम बढी हुन्छ सो रकमलाई नोक्सानी व्यवस्थाको लागि छुट्याईएको छ ।

NFRS 9 को Para 5.5 बमोजिम Amortized Cost मा वर्गीकरण गरिएका वित्तीय सम्पत्तिमा नोक्सानी व्यवस्था गर्न निम्न लिखित बुँदाहरुमा उपयुक्त स्वविवेक, अनुमान र धारणाहरु अवलम्बन गरेको छ :

- ✓ नोक्सानी व्यवस्था मूल्याङ्कनको लागि उपयुक्त पद्धतिको छनौट
- ✓ एकल रुपमा महत्व राख्ने वित्तीय सम्पत्तिको परिभाषा
- ✓ नोक्सानी व्यवस्थाको मूल्याङ्कनगर्ने प्रश्नहरु
- ✓ भविष्यमा वित्तीय सम्पत्तिबाट हुन सक्ने नगद प्रवाहको अनुमान
- ✓ आर्थिक अवस्था तथा पोर्टफोलियोका कारणहरुलाई समावेश गर्न गरिएको Historical Data को विश्लेषणको परिणामलाई समायोजन गरिएको ।

नोक्सानी व्यवस्थाको मूल्याङ्कनको प्रक्रियामा व्यवस्थापनले अवलम्बन गर्ने स्वविवेक उक्त मूल्याङ्कनको अभिन्न अंग हुन्छ र यसरी मूल्याङ्कन गर्दा व्यवस्थापनले उपलब्ध तथ्याङ्क औचित्यताका आधारमा समायोजन गर्ने गरेको छ ।

**२.४.४ गैर वित्तीय सम्पत्तिको नोक्सानीको व्यवस्था**

सहकारीले आवधिक रुपमा गैर वित्तीय सम्पत्तिमा गर्नु पर्ने नोक्सानी व्यवस्थाको परिक्षण गरी रहेको हुन्छ । यस्तो सम्पत्तिको नोक्सानी व्यवस्थाको लागि व्यवस्थाको उक्त सम्पत्तिबाट भविष्यमा हुन सक्ने नगद प्रवाहको अनुमान गरी सो लाई उपयुक्त Discount दरले आजको मूल्यमा ल्याई "Value in Use" मापन गर्नु पर्ने हुन्छ ।

**२.४.५ स्थिर सम्पत्तिको उपयुक्त प्रयोग अवधि**

सहकारीले उपयुक्त अनुमान, धारणा तथा स्वविवेकको आधारमा आवधिक रुपमा स्थिर सम्पत्ति तथा कार्यलय उपकरणको ह्रासकट्टीको विधि, उपयुक्त प्रयोग अवधि तथा उक्त अवधिको अन्त्यमा बाँकी रहने मूल्य (Residual Value) पुनरावलोकन गर्ने गरेको छ ।

**२.४.६ कर तथा स्थगन कर**

आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आयमा सो समेत समावेश गरिन्छ ।

R.K. Phuyal & Associates
Kathmandu
Chartered Accountants

**चालु कर**

चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजश्व विभागलाई तिर्नु पर्ने आयकर रकम हो । आयकर गणना गर्ने प्रयोजनको लागि उपयोग हुने करका दर (तथा कर सम्बन्धी कानून) वित्तीय स्थितिको विवरण मितिमा लागू भएका दर हुन् । सोही अनुरुप चालु आयकरको गणना गर्दा आयकर ऐन २०५८ (संसोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधार मानी गणना गरिन्छ ।

**स्थगन कर**

सम्पत्ति तथा दायित्वहरको वित्तीय विवरणमा गणना गरिएको रकम तथा कर कानुनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नतालाई वित्तीय विवरणमा स्थगन कर सम्पत्ति ( वा स्थगन कर दायित्व) का रुपमा लेखाङ्कन गरिन्छ । स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिन पर्याप्त विस्वसनीय आधार नभएसम्म सम्पत्तिको रुपमा पहिचान गरिँदैन ।

### २.४.७ सम्भावित दायित्वको लागि व्यवस्था

सम्भावित दायित्वहरुमा विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता दायित्वहरु जसको अस्तित्व तथा परिणाम भविष्यका एक वा एक भन्दा बढी तथा सहकारीको नियन्त्रण भन्दा बाहिर रहने अनिश्चित घटना क्रमहरुले निर्क्यौल गर्ने तथा विगतका घटना क्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखांकन नगरिएको दायित्वहरु पर्दछन् ।

- ✓ दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको अथवा
- ✓ दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको ।

### २.४.९ लगानी सम्पत्तीको वर्गिकरण

कुनै सम्पत्ति लगानी सम्पत्तिको रुपमा वर्गिकरण गर्न योग्य भए वा नभएको निर्धारण गर्नको लागि व्यवस्थापनको स्वविवेक आवश्यक पर्दछ । सहकारीले यी स्वविवेकको एकनास रुपले प्रयोग गर्न मापदण्डहरुको विकास गरेको छ । कुनै सम्पत्ति जुन भाडा वापत कमाउन वा पूँजीको मूल्यवृद्धिको लागि राखिएको छ वा दुबै उद्देश्यको लागि धारण गरिएको छ र त्यो सम्पत्तिले सहकारीले अन्य सम्पत्तिहरु भन्दा स्वतन्त्र रुपमा नगद प्रवाह उत्पन्न गर्न सक्दछ भने त्यो सम्पत्तिलाई लगानी सम्पत्तिको रुपमा वर्गिकरण गरिन्छ । त्यसैगरी कुनै सम्पत्ति जुन संचालनका लागि वा सेवा प्रदान गर्नका लागि वा प्रशासनिक उद्देश्यका लागि प्रयोग गरिन्छ र त्यो सम्पत्तिले एकल रुपमा प्रत्यक्ष नगद प्रवाहहरु उत्पन्न गर्न सक्दैन भने त्यस्ता सम्पत्तिलाई सम्पत्ति, प्लान्ट तथा उपकरणको रुपमा वर्गिकरण गरिन्छ । सहकारीले वार्षिक रुपमा आफ्ना सम्पत्तिहरुको वर्तमान उपयोगलाई ध्यानमा राखि सम्पत्तिको वर्गीकरण गर्दछ ।

R.K. Phuyal & Associates
Kathmandu
Chartered Accountants

२.५ **लेखा नीतिमा परिवर्तन**

संलग्न वित्तीय प्रतिवेदनहरु पहिलो पटक NFRS को अनुपालनमा बनाईएका वार्षिक वित्तीय प्रतिवेदनहरु हुन् । पहिलो पटक NFRS बमोजिम वित्तीय प्रतिवेदनहरु तयार गर्दा NFRS 1 मा भएको व्यवस्था बमोजिम बिगतमा NFRS लागु हुनु अघिको GAAP बमोजिम तयार गरिएका वित्तीय विवरणहरुलाई NFRS अनुसार पूनरलेखन गर्नु पर्दा सो को वित्तीय स्थिति विवरण, नाफा नोक्सान हिसाब विवरण, नगद प्रवाह विवरणमा पर्न जाने प्रभावको बारे बुँदा नं ५.८ मा प्रस्तुत गरिएको छ ।

२.६ **जारी भई बाध्यकारी नभएका नेपाल वित्तीय प्रतिवेदन मानहरु**

वित्तीय उपकरणको रिपोर्टिङको लागि, NAS 32 वित्तीय उपकरण, प्रस्तुतिकरण, NAS 39 वित्तीय उपकरण लेखाङ्कन र मापन र NFRS 7 बमोजिमको वित्तीय उपकरण प्रकटिकरण लागू गरिएको छ । वित्तीय उपकरणहरुको वर्गीकरणको लागि NFRS 9 अनुपालना गरिएको छ ।

NFRS को विभिन्न मितिमा उद्घोषण पछि IASB बाट केही नयाँ लेखामान र वर्तमान लेखामानमा संशोधन र व्याख्य जारी भएको छ । एएसबी नेपालले यसलाई NFRS सँग समावेश गराएपछि यी लागू गरिएको छ । ICAN ले NFRS 2018 घोषणा गरी लागू गरेकोछ ।

२.७ **संस्थाको निरन्तरता/अविछिन्नतामा आधारित लेखा नीति (Going Concern)**

संस्थाको व्यवस्थापनले आफनो व्यवसाय निरन्तर रुपमा (Going Concern Basis) चलिरहन्छ भन्ने क्षमताको समीक्षा गरेको छ । संस्थाको व्यवसाय भविष्यमा अनवरत रुपमा चलिरहनको लागि व्यवस्थापनसंग पर्याप्त स्रोतहरु छन् भनी विश्वस्त छ । यसका लागि सञ्चालक समितिले नाफा, नगद प्रवाह, पूँजीगत स्रोतहरु जस्ता अवस्थाहरुको भविष्यको प्रक्षेपण गर्नका साथै हाल र भविष्यको अवस्थाहरु विश्लेष्ण गरेको छ ।

२.८ **तुलनात्मक जानकारी**

लेखा नीतिहरु सबै अवधिमा समान रुपले अवलम्बन गरिएको छ । गत आर्थिक वर्षका वित्तीय रकमहरुलाई आवश्यकता अनुसार पूर्नवर्गीकरण गरिएका छन् ।

२.९ **वित्तीय स्थितीको विवरण मिति पश्चातका घटनाहरु**

आर्थिक वर्षको अन्त्य देखि वार्षिक वित्तीय विवरण (मिति असाढ ३१, २०८१ को वित्तीय अवस्था दर्शाउने वित्तीय विवरणहरु) प्रकाशन वा जारी गर्न स्वीकृत नहुन्जेलको समयावधीमा सो विवरणले पेश गरेको वित्तीय अवस्था सम्बन्धी थप जानकारी दिने वा उल्लेख्य असर पार्ने कुनै पनि अनुकुल वा प्रतिकुल घटनाहरुलाई वित्तीय स्थितिको विवरणको मिति पश्चात्तका घटनाहरु भन्ने गरिन्छ । यस सम्बन्धी थप जानकारी NAS 10 "Events after reporting date" भनी बुँदा नं ५.४ मा प्रस्तुत गरिएको छ ।

R.K. Phuyal & Associates
Kathmandu
Chartered Accountants

## ३ प्रमुख लेखा नीतिहरु

### ३.१ मापनको आधार

प्रस्तुत वित्तीय विवरण तल उल्लेखित अवस्थामा बाहेक ऐतिहासिक मूल्यका आधारमा तयार गरिएको छ ।

- ✓ अन्य व्यापारिक लगानी तथा लगानी सेक्युरिटिज (इक्वीटी शेयर) मा गरेको लगानीलाई NFRS 9 बमोजिम उचित मूल्यमा मापन गरिएको छ ।
- ✓ परिशोधित लागत (Amortized Cost) मा मापन गरेको वित्तीय सम्पत्ति तथा वित्तीय दायित्वलाई करिबी प्रभावकारी व्याज दरको आधारमा मापन गरिएको छ ।

### ३.२ नगद र नगद समान

नगद तथा नगद समान अन्तर्गत नगद मौज्दात, बैंकमा तथा वित्तीय संस्थमा रहेको मौज्दात र माग, तिन महिना वा सोभन्दा कम अवधि भएका अत्याधिक तरल वित्तीय सम्पत्ति तथा अल्प सुचनामा प्राप्त हुने रकम पर्दछ । यस्ता नगद तथा नगद समानहरूको उचित मूल्यमा हुने परिवर्तनको जोखिम एकदमै कम हुन्छन् र सहकारीले यी सम्पत्तिहरूको प्रयोग अल्पकालिन प्रतिवद्धता पुरा गर्न गर्दछ ।

वित्तीय स्थितिको विवरणमा नगद तथा नगद समान परिषोधित लागत (Amortized Cost) मा मापन गरिएको छ ।

### ३.३ वित्तीय सम्पत्ति तथा वित्तीय दायित्व

**क) प्रारम्भिक पहिचान तथा लेखाङ्कन**

सहकारीले प्रारम्भिक रुपमा आफ्नो वित्तीय अवस्थाको विवरणमा वित्तीय सम्पत्ति वा दायित्वलाई तब मात्रै लेखाङ्कन गरिन्छ जब यो उपकरणको अनुबन्धन व्यवस्थाको पक्ष (Party to Contractual Provision) हुन्छ ।

सहकारीले सुरुमा ऋण र सापटी, निक्षेप र सहायक दायित्वहरू उनीहरूको उत्पत्ति भएको मितिमा लेखाङ्कन गर्दछ जुनबेला सहकारी उपकरणको अनुबन्धन व्यवस्थाको पक्ष बन्छ । ईक्विटी उपकरणमा लगानीलाई व्यापारको मितिमा लेखाङ्कन गरिन्छ । वित्तीय सम्पत्तिको नियमित हुने खरिद र बिक्रीलाई चुक्ता हुने मितिमा लेखाङ्कन गरिन्छ ।

**ख) वित्तीय सम्पत्तिको वर्गीकरण तथा तत्पश्चात्को मापन**

वित्तीय सम्पत्ति तथा दायित्वको पहिचान भईसके पश्चात् सो को मापन उक्त वित्तीय उपकरणको वर्गीकरणले निर्क्योल गर्ने गर्दछ । सुरुवातमा पहिचान गर्दा वित्तीय सम्पत्तिलाई निम्न दुई वर्गमा वर्गीकरण गरिएको छ :

- ✓ परिशोधित मूल्य (Amortized Cost) मा मापन गरिएका वित्तीय सम्पत्ति
- ✓ बजार मूल्यमा (Fair Value) मा मापन गरिएका वित्तीय सम्पत्ति

R.K. Phuyal & Associates, Chartered Accountants, Kathmandu

उक्त वर्गीकरण तथा तत्पश्चात्को मापन निम्न दुई मापदण्डहरुको आधारमा गरिन्छ :

- ✓ वित्तीय सम्पत्तिलाई व्यवस्थापन गर्न अपनाईएको व्यवसायिक मोडेल **(Business Model)**
- ✓ वित्तीय सम्पत्तिबाट प्राप्त हुने नगद प्रवाहको प्रकृति

**३.३.१ परिशोधित मूल्य (Amortized Cost) मा मापन गरिएका वित्तीय सम्पत्ति**

निम्न लिखित दुवै मापदण्डहरु पुरा हुँदाको अवस्थामा वित्तीय सम्पत्तिलाई परिशोधित मूल्यमा वर्गिकरण गरी मापन गरिन्छ ।

**१. Business Model परिक्षण :**

कुनै वित्तीय सम्पत्ति प्राप्ति गर्दा सो लाई पुरै करार अवधि सम्मै निसर्ग धारण गरी करार अनुसार नगद प्रवाह संकलन गर्ने उद्धेश्य भएको ।

**२. नगद प्रवाहको प्रकृति र विशेषताको परिक्षण**

सम्झौता गरिएको शर्त नामामा उल्लेख गरे बमोजिम तोकिएको मितिमा बाँकी रहेको साँवा तथा त्यसमा पाकेको ब्याजको भुक्तानीको लागि मात्र नगद प्रवाह हुने ।

यस परिक्षणको लागि ब्याज भन्नाले तोकिएको अवधिको वक्यौता साँवामा निहित Credit Risk र सो को Time Value of Money को लागि भुक्तानी हुने ब्याजलाई मात्र बुझिन्छ । Fair Value Through Profit or Loss (FVTPL) मा वर्गिकरण गरिएको बाहेक उपरोक्त दुवै मापदण्ड पुरा गर्ने सवै ऋणपत्र उपकरणहरु (Debt Instrument) प्रभावकारी ब्याज दर (Effective Interest Rate) को करिबी दर प्रयोग गरी परिषोधित मूल्यमा हानी घटाएर मापन गरिएको छ ।

Amortized Cost मा मापन भई Hedging को लागि प्रयोग नभएका वित्तीय सम्पत्ति निसर्ग हुँदा वा क्षिण हुँदा वा बजार मूल्यमा पुनर्वर्गीकृत हुँदा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाउने गरिएको छ ।

**३.३.२ बजार मूल्यमा (Fair Value) मापन गरिएका वित्तीय सम्पत्ति**

Amortized Cost मा मापन गरिएका बाहेकका वित्तीय सम्पत्तिहरु बजार मूल्यमा वर्गीकरण तथा मापन गरिन्छन् । बजार मूल्य भित्र निम्न दुई उपवर्ग रहेको छन् :

१. नाफ नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति (Fair Value Through Profit or Loss),

२. अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति (Fair Value Through Other Comprehensive Income)

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिहरुलाई उक्त सम्पत्ति प्राप्ति गर्दाको समयमा नै छोटो समयमा खरिद बिक्री गरी नाफा गर्दै जाने भन्ने

R.K. Phuyal & Associates Kathmandu Chartered Accountants

उद्धेश्यले प्राप्ति गरिएको हुन्छ । तसर्थ, नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिहरुको आवधिक मूल्याङ्कन गरिन्छ तथा यसरी मूल्याङ्कन गर्दा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाईन्छ ।

**३.३.३ अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिको ईक्विटी शेयरमा लगानी भई सिर्जीत वित्तीय सम्पत्ति (FVTOCI)**

छोटो समयमा खरिद बिक्री गरी फाईदा आर्जन गर्ने उद्धेश्य राखी लगानी गरिएका बाहेक ईक्विटी शेयरमा गरिएका लगानीलाई अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिमा वर्गीकरण र मापन गरिएको छ । यो वर्गमा वर्गीकरण गर्दा सो निर्णय अपरिवर्तनीय हुने गर्छ । यो वर्गमा वर्गिकृत ईक्विटी शेयरमा लगानी भएको वित्तीय सम्पत्तिबाट आर्जन हुने लाभांश आम्दानी सो पाकेको वर्ष नाफा नोक्सान खातामा देखाउने गरिन्छ ।

यस्ता वित्तीय सम्पत्तिको आवधिक पुनरमूल्याङ्कन गर्दा बजार मूल्यमा भएको परिवर्तनले हुने फाईदा वा घाटालाई अन्य विस्तृत आयमा देखाई जेथा (Equity) मा भएको परिर्वतन सम्बन्धिको विवरणमा प्रस्तुत गर्ने गरिएको हुन्छ । उक्त वित्तीय सम्पत्ति निसर्ग गर्दा हुने सञ्चित नाफालाई Equity मा भएको परिर्वतन सम्बन्धिको विवरणबाट सोझै सञ्चित मुनाफामा रकामन्तर गरिन्छ, तथापि सञ्चित नाफा मध्ये विक्री/निसर्ग गरिएको आ.व. सँग सम्बन्धित नाफालाई उक्त आ.व को नाफा नोक्सान खातामा प्रस्तुत गरिएको छ ।

तथापी सो नाफाको कारणले उत्पन्न हुने कर्मचारी बोनस तथा करको खर्चलाई नाफा नोक्सान खातामा नै देखाईएको छ । अन्य विस्तृत आयमा बजार मूल्यमा समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भई सिर्जीत वित्तीय सम्पत्तिको थप विवरण बुँदा ५.१ मा प्रस्तुत गरिएको छ ।

**ग) वित्तीय दायित्वका दायित्वको वर्गीकरण तथा मापन**

NFRS 9 – "वित्तीय उपकरण" (Financial Instruments) अनुसार वित्तीय दायित्वलाई सोको वर्गीकरणका आधारमा मापन गर्ने गरिन्छ । वित्तीय दायित्वहरुलाई निम्न दुई वर्गमा वर्गीकरण गरिएको छः

- ✓ नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व
- ✓ Amortized Cost मा वर्गीकृत वित्तीय दायित्व

**३.३.४ नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व**

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरुलाई उक्त दायित्व सृजना हुँदा छोटो समयमा खरिद बिक्री गरी नाफा गर्दै जाने भन्ने उद्देश्यले सृजित भएको हुन्छ । तसर्थ, नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरुको आवधिक मूल्याङ्कन गरिन्छ तथा यसरी मूल्याङ्कन गर्दा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाइन्छ । प्रस्तुत वित्तीय प्रतिवेदनमा नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका कुनै पनि वित्तीय दायित्व रहेको छैन ।

R.K. Phuyal & Associates Kathmandu Chartered Accountants

३.३.५ Amortized Cost मा मापन गरिएका वित्तीय दायित्व

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व बाहेक अन्य सबै वित्तीय दायित्वलाई Amortized Cost मा वर्गिकृत गरिएको छ । शुरुवाती मापन पश्चात्त परिषेधित लागतमा लेखाङ्कन गरिएका वित्तीय दायित्वलाई करिबी प्रभावकारी व्याजदर को प्रयोगबाट मापन गरिएको छ । सो वित्तीय दायित्वको परिशोधन खर्च तथा दायित्व निसर्ग हुँदाको समयको फाईदा वा घाटालाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

घ) **वित्तीय सम्पत्ति तथा दायित्वको पूनरवर्गीकरण**

वित्तीय सम्पत्ति तथा दायित्वको पूनरवर्गीकरण व्यवस्थापनको छनौटमा उपकरण अनुसार फरक हुन सक्छ । वित्तीय सम्पत्तिको पूनरवर्गीकरण सो सम्पत्ति प्राप्त गर्दाको समयमा व्यवस्थापनले छनौट गरेको व्यावसायिक Model मा परिवर्तन भएको अवस्थामा मात्र गर्न सकिन्छ । NFRS 9 ले अन्य विस्तृत नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भई सृजित सम्पत्तिलाई पूनरवर्गीकरण गर्न बन्देज लगाएको छ ।

व्यवस्थापनको अवधारणामा कुनै वित्तीय सम्पत्ति वा दायित्वको पूनरवर्गीकरण गर्नु जरुरी देखिएमा यस्तो पूनरवर्गीकरणबाट लेखामा हुने प्रभाव तथा समायोजनहरु सो पूनरवर्गीकरणको मितिमा तथा सो मिति पश्चात मात्र लागू हुन्छ । सो मिति अघिका कुनै पनि वित्तीय विवरणलाई पूनरलेखन गरिँदैन ।

कुनै वित्तीय सम्पत्ति नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुनै प्रकृतिका वित्तीय सम्पत्ति वर्गमा पूनरवर्गीकरण गरिँदा सो गर्दाको मितिको बजार मूल्यमा मापन र लेखाङ्कन गरिन्छ । यसरी मापन गर्दा उक्त वित्तीय सम्पत्तिको पूनरवर्गीकरण हुनु अघिको किताबी मूल्य र पूर्नवर्गीकरण गर्दाको बजार मूल्यमा हुने फरकलाई नाफा नोक्सान खातामा समायोजन गरिन्छ ।

ङ) **वित्तीय सम्पत्ति तथा दायित्वको निसर्ग**

३.३.६ **वित्तीय सम्पत्तिको निसर्ग**

निम्न उल्लेखित कुनै पनि अवस्थामा संस्था को वित्तीय सम्पत्ति पुर्ण वा आंशिक रूपमा निसर्ग भएको स्थिति हुन आउँछः

- ✓ सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार समाप्त हुँदा
- ✓ सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार हस्तान्तरण गरिएमा सो सँग जोडिएको सम्पूर्ण जोखिम तथा प्रतिफल पनि हस्तान्तरण हुँदा
- ✓ यसरी निसर्ग भएको वित्तीय सम्पत्ति निसर्ग हुँदा रहेको किताबी मूल्य र सो निसर्गबाट प्राप्त जम्मा मूल्य तथा सो सँग सम्बन्धित अन्य विस्तृत नाफा नोक्सान खातामा रहेको सञ्चित फाईदा वा घाटाको योगमा फरक भएमा सो फरक रकमलाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

R.K. Phuyal & Associates Kathmandu Chartered Accountants

### ३.३.७ वित्तीय दायित्वको निसर्ग

कुनै वित्तीय दायित्वसँग जोडिएको दायित्वहरु समाप्त भएको अवस्थामा सो दायित्व निसर्ग भएको मानिन्छ । यसरी निसर्ग हुँदा उक्त वित्तीय दायित्वको किताबी मूल्य र निसर्ग हुँदा तिरेको मूल्यमा हुने फरकलाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

### च) वित्तीय सम्पत्ति तथा दायित्वको फेयर भ्यालु निर्धारण

तरल बजारमा कारोवार हुने वित्तीय उपकरण (डेरिभेटिभ उपकरण सहित) को फेयर भ्यालु वासालातको मितिको बिड (Bid) अथवा प्रस्तावित अन्तिम मूल्य (Closing Price) हो । सक्रिय बजार नहुने वित्तीय उपकरणहरुको फेयर भ्यालु विभिन्न मूल्य निर्धारण विधिहरु ( गणितीय विधि) प्रयोग गरी निर्धारण गरिन्छ । यो विधिहरुलाई चाहिने निवेशहरु (inputs) सम्भव भएसम्म अवलोकन गर्न सकिने बजार तथ्याङ्कबाट लिइन्छ । फेयर भ्यालु विभिन्न मूल्य निर्धारण विधिहरुको प्रयोग गरी मापन गरिन्छ । यस प्रकृया अर्न्तगत भविष्यमा अपेक्षित नगद प्रवाह निर्धारण गर्ने र वासालात मितिसम्म "डिस्काउन्ट"(छुट) गर्नु पर्दछ । यी उपकरणहरुको लागि अनुमान गरिएको भविष्यमा अपेक्षित नगद प्रवाह मार्केट(बजार) तथ्याङ्कको धारणा (assumption) मा भर पर्दछ । त्यसैले फेयर भ्यालुको अनुमान फरक पर्ने हुँदा बजारबाट प्राप्त (realizable) नहुन सक्दछ । विभिन्न बजार धारणाहरु (assumptions) अन्तर्गत मानहरु पनि महत्वपूर्ण रुपले (Significantly) फरक पर्न सक्दछ ।

संस्थाले निम्न फेयर भ्यालु पदानुक्रम अनुसार फेयर भ्यालु मापन गरेको छ । यसले मापन गर्न प्रयोग हुने निवेश (inputs) को महत्वलाई झल्काउँदछ ।

स्तर-१:- समान उपकरणका लागि सक्रिय बजारमा उद्धृत बजार मूल्यहरु (Unadjusted)।

स्तर-२:- अवलोकन योग्य निवेशहरु (observable inputs) को आधारमा या त सिधै ( मूल्यको रुपमा) वा अप्रत्यक्ष रुपमा (मूल्यबाट प्राप्त) मूल्य निर्धारण विधि । यस वर्ग अन्तर्गत उपकरणहरुको मूल्य निम्न तरिकाहरु प्रयोग गरी निर्धारण गरिन्छ -

(क) समान उपकरणका लागि सक्रिय बजारमा उद्धृत बजार मूल्य वा

(ख) सक्रिय बजार भन्दा कम मानिने बजारहरुमा समान उपकरणका लागि उद्धृत मूल्य वा

(ग) अन्य मूल्य निर्धारण विधिहरु जहाँ सबै महत्पूर्ण निवेशहरु (inputs) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा बजार तथ्याङ्कबाट निरीक्षण गर्न सकिन्छ ।

स्तर-३:- निरीक्षण गर्न नसकिने महत्वपूर्ण निवेशहरु (signficant unobservable inputs) प्रयोग गरिने मूल्य निर्धारण विधि । यस वर्ग अर्न्तगत समान उपकरणहरुको उद्धृत मूल्यलाई आधार मानी मूल्य निर्धारण गरिने उपकरणहरु पर्दछन् । यसरी मूल्याङ्कन गर्दा महत्वपूर्ण निरीक्षण गर्न नसकिने समायोजन (significant unobservable adjustments) वा धारणाहरु (assumptions) तय गर्नै आवश्यक पर्दछ ।

R.K. Phuyal & Associates
Kathmandu
Chartered Accountants

संलग्न वित्तीय प्रतिवेदनमा भएका सम्पत्ति तथा दायित्वको बजार मूल्यको निर्क्योल गर्न अपनाइएको पद्धतिको बारे थप जानकारी बुँदा नं. ५.१ मा प्रस्तुत गरिएको छ ।

छ) **वित्तीय सम्पत्तिमा हुने नोक्सानी**

संस्थाले वित्तीय विवरण बनाउँदा कुनै पनि वित्तीय सम्पत्तिमा नोक्सान भए नभएको बारे प्रमाण सहित आंकलन गर्ने गरेको हुन्छ । उक्त प्रमाणले त्यस्तो सम्पत्तिबाट भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई नकारात्मक असर गरेको दर्शाएमा सो वित्तीय सम्पत्ति नोक्सान भएको ठहर गरी त्यसमा नोक्सानी व्यवस्था गर्ने गरिएको हुन्छ ।

यस्तो नोक्सानी रहेको छ भन्ने अवस्थाको उजागर कुनै एक प्रमाणबाट मात्र नभई प्रमाणहरुको सामुहिक आंकलनबाट पनि गर्नुपर्ने हुन्छ । यस्तो नोक्सानी व्यवस्था उजागर गर्ने केही प्रमाणहरु यस प्रकार रहेका छन्:

✓ खराब वित्तीय अवस्था
✓ सम्झौताका शर्तहरुको उल्लङ्घन गरेको जस्तै ब्याज तथा साँवा भुक्तानीमा अनियमितता
✓ ऋणी टाट पल्टिन सक्ने सम्भावना रहेका
✓ वत्तीय सम्पत्तिबाट सुरुवातमा भविष्यमा प्राप्त हुन सक्ने भनी आंकलन गरिएको नगद प्रवाह भन्दा हाल गरिएको आंकलन कम भएमा

**३.४.८.१ नोक्सानी व्यवस्था/नोक्सानी व्यवस्था फिर्ता तथा अपलेखन**

वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था मापन गर्दाको किताबी मूल्य तथा सो सम्पत्तिबाट भविष्यमा प्राप्त हुन सक्ने भनि आंकलन गरिएको नगद प्रवाहलाई उक्त सम्पत्तिको पहिलो पटक पहिचान र लेखाङ्कन गर्दा प्रयोग गरिएको समायोजित ब्याज दरले **Discounting** गर्दा हुनआउने रकम बीचको फरकलाई जनाईन्छ । यस्तो नोक्सानी व्यवस्थालाई नाफा नोक्सान खातामा खर्च जनाइन्छ र वित्तीय सम्पत्तिको किताबी मूल्यबाट उक्त नोक्सानी बराबरको रकम घटाएर प्रस्तुत गरिन्छ ।

नोक्सानी व्यवस्था गर्नु पर्ने भनी उजागर गर्ने प्रमाणहरुले दर्शाएको अवस्थामा सुधार हुँदा सो सम्पत्तिमा पहिले गरिएको नोक्सानी व्यवस्थालाई फिर्ता गरी नाफा नोक्सान खातामा आम्दानी जनाइन्छ तथा यसरी पहिले गरिएको नोक्सानी व्यवस्थाबाट फिर्ता गर्दा सो सम्पत्तिको किताबी मूल्यलाई फिर्ता भए बराबरको रकमले बढाएर देखाइन्छ ।

**३.४.८.२ एकल ऋर्णको नोक्सानी व्यवस्था**

एकल रुपमा महत्वपूर्ण ऋणको नोक्सानी व्यवस्था गर्न निम्न आधारहरुलाई मध्यनजर गरिएको हुन्छ:

✓ सो एकल ग्राहक समूहमा प्रवाहित सम्पूर्ण ऋण रकम
✓ ग्राहकको व्यापारको सम्भाव्यता तथा ऋण भुक्तानी गर्न सक्ने क्षमता
✓ भुक्तानी तथा असुलीको अनुमानित रकम र भुक्तानी मिति
✓ धितोबाट उठ्न सक्ने अनुमानित रकम

R.K. Phuyal & Associates Kathmandu Chartered Accountants

### ३.४.८.३ सामुहिक ऋण नोक्सानी व्यवस्था

उस्तै प्रकृतिका ऋणहरुलाई समूहमा वर्गीकरण गरिन्छ । सामुहिक ऋण नोक्सानी व्यवस्थाको आंकलन साँख्यिकीय (Statistical) पद्धतिको माध्यमबाट गरिन्छ । यस्तो सामुहिक ऋणमा बिगतमा भएको नोक्सानी दरलाई "Net Flow Rate" विधिबाट निर्धारण गरिन्छ । यस विधि अनुसार विगतमा प्रवाहित ऋणहरुलाई समूह अनुसार भाखा नाघेको आधारमा विभिन्न अवधिमा वर्गीकरण गरी सो समूहको 'Default' को सम्भाव्यता अनुमान गरिन्छ । उक्त सम्भाव्यतालाई आवधिक रुपमा पूनरावलोकन गर्ने गरिन्छ ।

### ३.४.८.४ पूनरसंरचना र पूनरतालिकीकरण भएका ऋणको नोक्सानी व्यवस्था

संस्थाले सम्भव भएसम्म ऋणको धितो अधिग्रहण गर्नु भन्दा सम्भाव्यताको आंकलन गरी त्यस्ता ऋणलाई पूनरतालिकीकरण अथवा पूनरसंरचना गरिएको हुन्छ । यसरी पूनरतालिकीकरण वा पूनर्संरचनाको लागि संस्था तथा ऋणी दुवै पक्ष सहमत भए पश्चात् सो ऋणमा गर्नु पर्ने ऋण नोक्सानी व्यवस्था सो ऋणको सुरुवातको समायोजित ब्याज दरकै आधारमा गरिन्छ । यसरी ऋण नोक्सानी व्यवस्था गरे पश्चात सो ऋणलाई भाखा नाघेको ऋणको रुपमा गणना गरिंदैन । यस्ता ऋणलाई एकल रुपमा महत्वपूर्ण राख्ने वा सामुहिकृत ऋणमा वर्गीकरण गरी ऋण नोक्सानी व्यवस्थाको आंकलन गर्ने गरिन्छ ।

### ३.४.८.५ NFRS 9 - वित्तीय उपकरण - पहिचान, लेखाङ्कन तथा मापन (ऋण नोक्सानी व्यवस्था सम्बन्धी)

प्रस्तुत वित्तीय विवरण तयार गर्दा बुँदा २.१.२(क) मा प्रस्तुत गरिएको वैकल्पीक व्यवस्थाको उपयोग गरिएको छ । तदअनुरुप, संस्थाले ऋण लगानीमा रु. ८,२६,६३,८८१।०० कर्जा नोक्सानी व्यवस्था गरेको छ । यस आर्थिक वर्षमा थप व्यवस्था गरिएको छैन ।

### ३.४.९ प्रचलित ब्याज दर भन्दा कममा कर्मचारीलाई प्रवाहित सापटी

संस्थाले आफ्ना कर्मचारीहरुलाई मानव संशाधन व्यवस्थापन नियमावलीको प्रावधान भित्र रही सहुलियत ब्याज दरमा ऋण सापटी प्रवाह गर्ने गरेको छ । कर्मचारीबाट ऋण सापटीको भूक्तानीका लागि भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई सोही प्रकृतिका ऋणको बजारमा प्रचलित ब्याज दरले Discounting गरी सो ऋणको बजार मूल्य निर्धारण गरिन्छ । ऋणको शुरुवाती Transaction Price तथा उक्त बजार मूल्यको फरक कर्मचारी सुविधाको रुपमा र बाँकी रकमलाई वित्तीय सम्पत्तिको रुपमा Amortised Cost मा मापन गर्ने गरी लेखाङ्कन गरिएकोछ ।

कर्मचारीलाई प्रवाहित ऋण सापटीसँग सम्बन्धित अग्रिम भुक्तानी भएको कर्मचारी सुविधालाई उक्त ऋण सापटीको अवधिमा परिशोधन गरी खर्च लेख्ने गरिन्छ । सो ऋणको बजार मूल्यमा समायोजित ब्याज दर अनुसार हुने ब्याज आम्दानीको फरकलाई परिशोधन खर्चको रुपमा उक्त अग्रिम भुक्तानी भएको कर्मचारी सुविधाबाट परिशोधन गर्दै लेखाङ्कन गरिएको छ ।

R.K. Phuyal & Associates
Kathmandu
Chartered Accountants

### ३.४.१० Amortized Cost को मापन

कुनै वित्तीय सम्पत्ति तथा दायित्वको **Amortized Cost** को रुपमा सो को सुरुवाती किताबी मूल्यमा साँवा भुक्तानीको रकम, संचित परिशोधन खर्च तथा संचित नोक्सानी व्यवस्थाको रकम समायोजन गरे पछिको रकमलाई जनाईन्छ ।

कुनै पनि वित्तीय सम्पत्तिबाट भविष्यमा प्राप्त हुने वा वित्तीय दायित्वको लागि भविष्यमा भुक्तानी हुने रकमलाई **Discount** गर्दा हुन आउने मूल्य सो वित्तीय सम्पत्ति तथा दायित्वको आजको किताबी मूल्य बराबर हुन्छ भने, यसरी भविष्यमा प्राप्त हुने वा भुक्तानी हुने रकमलाई **Discount** गर्न प्रयोग भएको उक्त ब्याज दरलाई समायोजित ब्याजदर भनिएको छ । संस्थाले समायोजित ब्याज दरका आधारमा वित्तीय सम्पत्ति तथा दायित्वको **Amortized Cost** मापन गर्ने गरेको छ ।

### ३.४ लगानी सम्पत्ति (Investment Properties)

एनएफआएस १६ (सम्पत्ति तथा उपकरण) बमोजिम वर्गीकरण गरिएको सम्पत्ति तथा उपकरण र एनएफआएस ५ (विक्रीका लागि उपलब्ध गैर अचल सम्पत्ति र बन्द गरिएको संचालन) बमोजिम वर्गीकरण गरिएको बाहेक जग्गा वा भवन वा दुबै लगानी सम्पत्ति हुन् । संस्थाले गैर बैंकिङ्ग सम्पत्तिको रुपमा प्राप्त गरेको जग्गा वा भवन वा दुबैलाई लगानी सम्पत्तिको रुपमा वर्गीकरण गरेको छ । संस्थाले लगानी सम्पत्तिलाई NAS 16 अनुसार ऐतिहासिक मुल्यमा लेखाङ्कन गर्ने नीति लिएको छ र उक्त लगानी सम्पत्ति अन्तर्गतको भवनको ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयिकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ ।

### ३.५ सम्पत्ति तथा उपकरण

सहकारीले **NAS 16 – "Property, Plant & Equipment"** को व्यवस्था अनुसार आफ्ना स्थिर सम्पत्ति र कार्यालय उपकरणहरुको पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ ।

संस्थालाई स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोगबाट भविष्यमा अवश्यम्भावी आर्थिक लाभ हुने सम्भावना रहेको तथा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागत मापन गर्न सकिएको अवस्थामा मात्र त्यस्ता स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको पहिचान गर्ने गरिन्छ । संस्थाले NFRS 16 पट्टा (Lease) को प्रावधान अनुसार **आर.ओ.यू सम्पत्ति** लाई समेत सम्पत्ति तथा उपकरण अन्तर्गत नै प्रस्तुत गर्ने नीति लिएको छ ।

पहिचान भएका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागतलाई मापन गरी लेखाङ्कन गरिन्छ । लागत मापन गर्दा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरण प्राप्ति वा निर्माणका लागि भएका पूँजीकृत गर्न मिल्ने सबै खर्चलाई सो सम्पत्तिको लागतको रुपमा लेखाङ्कन गरिन्छ । उक्त प्रकृति बाहेकका अन्य खर्चहरुलाई खर्च भएकै अवधिमा प्रोदभावी आधारमा नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

R.K. Phuyal & Associates Kathmandu Chartered Accountants

स्थर सम्पत्ति तथा कार्यालय उपकरणलाई “Cost Model” मा लेखाङ्कन तथा प्रस्तुत गर्ने संस्थाको लेखा नीति रहेकोछ । यस Model अनुसार स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयिकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ ।

संस्थाले आफ्नो कुनै पनि वर्गका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणका लागि पूनरमूल्याङ्कन Model अपनाएको छैन ।

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण बिक्री गरिएमा अथवा सो को प्रयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था आंकलन भएमा, सो सम्पत्तिको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी निसर्ग गरिँदा सोमा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

**ह्रासकट्टी**

संस्थाले स्थिर सम्पत्ति तथा कार्यालय उपकरण उपयोगको लागि उपलब्ध भएपछि निसर्ग हुने समयसम्मको अवधिमा ह्रासकट्टी गर्ने गरेको छ । लिजहोल्ड सम्पत्ति र आर.ओ.यू सम्पत्ति बाहेक, संस्थाले स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको अनुमानित प्रयोग अवधिको आधारमा समदर ह्रासकट्टी प्रणाली (Straight Line Method) अनुसार ह्रासकट्टी गर्ने गरेको छ भने लिजहोल्ड र आर.ओ.यू सम्पत्तिलाई भने पट्टा अवधिमा अपलेखन हुने गरी परिशोधन नीति अपनाइएको छ । सहकारीका विभिन्न प्रकृतिका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको अनुमानित उपयोग अवधि निम्न बमोजिम छ ।

| सम्पत्तिको प्रकृति | अनुमानित उपयोग अवधि |
|---|---|
| भवन | ५० वर्ष |
| कार्यालय उपकरण | १० वर्ष |
| परिवहन साधन | १० वर्ष |
| फर्निचर तथा फिक्सर | १० वर्ष |
| अन्य सम्पत्ति | १० वर्ष |
| आर.ओ.यू सम्पत्ति | पट्टाको अवधि |
| लीज होल्ड सम्पत्ति | ५ वर्ष |
| अदृश्य सम्पत्ति | ५ वर्ष |

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण निसर्ग वा विक्रीको लागि वर्गीकृत (Held for Sale) भएमा ह्रासकट्टी स्थगित गरिन्छ । यस्ता सम्पत्ति सक्रिय प्रयोगबाट निष्क्रिय नहुन्जेल, सोमा ह्रासकट्टी गरी राखिन्छ । ह्रासकट्टीको पद्दति, अनुमानित उपयोग अवधि तथा सो

R.K. Phuyal & Associates Kathmandu Chartered Accountants

अवधि पश्चात बाँकी रहने मूल्य (Residual Value) को आवधिक रुपमा पूनरावलोकन तथा उचित समायोजन गर्ने गरिन्छ ।

सम्पत्तिको बाँकी रहने मूल्य, अनुमानित उपयोग अवधि तथा ह्रासकट्टीको विधिहरु समय सापेक्ष राख्न नियमित रुपमा पूनरावलोकन तथा उचित समायोजन गर्ने गरिन्छ ।

**३.६ अदृश्य/अमूर्त सम्पत्ति**

खरिद गरिएको कम्प्यूटर सफ्टवेयर लाइसेन्सहरुको खरिद गर्न र प्रयोग गर्न सकिने अवस्थामा ल्याउनको निम्ति लागेको लागतलाई पूँजीकृत गरिन्छ । कम्प्यूटर सफ्टवेयर लागतलाई अपेक्षित उपयोगी अवधिको आधारमा परिशोधन गरिन्छ । सफ्टवेयर चालु अवस्थामा राख्न लाग्ने रकमलाई खर्चको रूपमा मान्यता दिइन्छ ।

सफ्टवेयरलाई प्रयोगको लागि उपलब्ध मिति देखि समादर विधिमा, अनुमानित उपयोगी अवधिमा नाफा वा नोक्सान हिसाबमा यसको परिशोधन गरिन्छ । हालको र तुलनात्मक अवधिको लागि सफ्टवेयरको अनुमानित उपयोगी अवधि **५ वर्ष** हो ।

अभौतिक सम्पत्ति बिक्री गरिएमा अथवा सोको उपयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था भएमा सोको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी अभौतिक सम्पत्ति निसर्ग गरिँदा सो मा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

**३.७ आयकर**

संस्थाले आयकर लेखाङ्कन **NAS 12 – Income Tax** को प्रावधान बमोजिम गर्ने गरेको छ । आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ ।

**क) चालु कर**

चालु कर भनेको यस वर्षको नाफा वा नोक्सानमा हुने अपेक्षित तिर्नु पर्ने वा पाउनु पर्ने करको रकम हो जुन रिर्पोटिङ्ग मितिमा लागू गरिएको वा ठोस रूपमा लागु गरिएको करका दरहरू प्रयोग गरी गणना गरिन्छ ।

**ख) स्थगन कर**

आर्थिक वर्षको अन्त्य मितिमा कर आधार र किताबी मूल्यको अस्थायी भिन्नताहरुमा स्थगन कर पहिचान गरिन्छ । स्थगन कर आर्थिक वर्षको अन्त्य मितिमा संस्थामा लागू हुने त्यो दर प्रयोग गरी निर्धारण गरिन्छ जुन सम्बन्धित स्थगन आय कर सम्पत्ति प्राप्त हुँदा वा स्थगन आयकर दायित्व समाप्त हुँदा लागू हुने अपेक्षा गरिएको हुन्छ । स्थगन कर सम्पतिहरू तब मात्र मापन गरिन्छ जब भविष्यमा अस्थायी भिन्नताहरूलाई अन्त्य गर्न करयोग्य मुनाफा उपलब्ध हुनेछ भनी अपेक्षा गर्न सकिन्छ ।

R.K. Phuyal & Associates
Kathmandu
Chartered Accountants

३.८ **पट्टा दायित्व**

संस्थाले पट्टा (Lease) को पहिचान, मापन तथा लेखाङ्कन NFRS 16 – Lease को प्रावधान बमोजिम गरेको छ । NFRS 16 अनुसार पट्टालाई सम्झौताको रुपमा परिभाषित गरिएको छ जस अनुसार कुनै पहिचान गरिएको सम्पत्ति कुनै मूल्यको बदलामा केही समय अवधिको लागि नियन्त्रण गर्ने अधिकार उक्त सम्झौताले प्रदान गर्छ । NFRS 16 अनुसार छोटो अवधि (१२ महिना भन्दा कम) को पट्टा तथा अंतर्निहित सम्पत्ति कम मूल्य भएको पट्टाको हकमा भाडा भुक्तानी खर्चको लेखाङ्कन पट्टा अवधि भर समदर (Straight Line Basis) गणना विधि अनुसार गरिएको छ भने अन्य पट्टाहरुको हकमा भने आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको रुपमा लेखाङ्कन गर्ने गरेको छ । यसरी पहिचान भएको आर.ओ.यू सम्पत्तिलाई सम्पत्ति अन्तर्गत प्रस्तुत गरी ह्रासकट्टी गरिएको छ भने पट्टा दायित्वमा लाग्ने वित्तीय खर्चलाई ब्याज खर्चमा देखाइएको छ ।

**पहिचान**

पट्टको प्रारम्भिक मितिमा संस्थाले आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको पहिचान गर्दछ । **NFRS 16** अनुसार पट्टामा लिने संस्थाले तल उल्लेखित पट्टाहरुको सन्दर्भमा छुटको सुविधा लिएको बाहेक अन्य सबै पट्टाहरुको लागि पट्टा अवधि भरी आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको पहिचान गर्नुपर्छ ।

**छुटको सुविधा लिन सकिने पट्टाहरु**

✓ छोटो अवधि (१२ महिना भन्दा कम) वा
✓ अंतर्निहित सम्पत्तिको मूल्य कम भएको

छोटो अवधि (१२ महिना भन्दा कम) को पट्टमा तिरेको भुक्तानीलाई सिधै अन्य सञ्चालन खर्च अन्तर्गत प्रस्तुत गरिएको छ ।

**प्रारम्भिक मापन**

**पट्टा दायित्वको मापन**

प्रारम्भिक मितिमा बाँकी रहेको पट्टा अवधि भरी भुक्तानी गर्नुपर्ने पट्टा रकमलाई पट्टमा निहित दर वा पट्टेदारको वृद्धिशील उधार दरले वर्तमान मूल्यमा मापन गर्नुपर्छ ।

संस्थाले पट्टादारको वृद्धिशील उधार दर १० प्रतिशत को दरले पट्टा दायित्वको मापन गरेको छ ।

**आर.ओ.यू सम्पत्ति**

आर.ओ.यू सम्पत्तिलाई शुरुमा लागतमा लेखाङ्कन गरिन्छ । आर.ओ.यू सम्पत्तिको लागतमा निम्न रकमहरु जोडिएका हुन्छन् ।

- आर.ओ.यू सम्पत्ति = प्रारम्भिक प्रत्यक्ष लागत + NAS 37 अनुसार स्थापित गर्न, हटाउन वा पुनर्स्थापना गर्न लाग्ने अनुमानित लागत + प्रिपेड लिज भुक्तानी –प्राप्त पट्ट प्रोत्साहन

R.K. Phuyal & Associates
Kathmandu
Chartered Accountants

## पछिको मापन (Subsequent Measurement)

### आर.ओ.यू सम्पत्ति

प्रारम्भिक मिति पश्चात्त, आर.ओ.यू सम्पत्तिलाई NAS 16 अन्तर्गत पुनर्मूल्याङ्कंन मोडल लागू नगरेको खण्डमा लागत मोडलमा मापन गरिन्छ ।

लागत मोडलमा मापन गरिएको आर.ओ.यू सम्पत्तिलाई त्यसको लागतमा संचित ह्रासकट्टि र संचित हानी नोक्सानी घटाई धारा ३४.३ मा निर्दिष्ट गरिएको पट्टा दायित्वको पुन मापन बापतको रकम समायोजन गरी देखाउने गरेको छ । संस्थाले लागत मोडलमा मापन गरिएको आर.ओ.यू सम्पत्तिलाई NAS 16 सम्पत्ति तथा उपकरणको प्रावधान अनुसार नै ह्रासकट्टिको लेखाङ्कन गर्ने गरिएको छ ।

### पट्टा दायित्व

पट्टा दायित्वलाई अन्य वित्तीय दायित्व सरह (जस्तै परिशोधित लागतको आधारमा) नै लेखाङ्कन गर्ने गरिन्छ । पट्टा दायित्वलाई प्रारम्भिक मिति पश्चात्त निम्न हिसाबले मापन गरिन्छ :

- ✓ पट्टा दायित्वमा प्रतिविम्वित हुने ब्याज खर्चले वृद्धि गर्ने
- ✓ पट्टा दायित्वको भुक्तानीलाई प्रतिविम्वित गर्ने रकमले कम गर्ने र
- ✓ कुनै प्रकारको पुनर्मूल्याङ्कन वा पट्टा संशोधन वा संशोधित फिक्स्ड लिज भुक्तानीको प्रतिविम्बित गर्ने खालको पुनः निर्धारित रकम

### खर्चको पहिचान र मापन

पट्टामा लिने पक्षले पट्टासँग सम्बन्धित निम्न खर्चहरुको पहिचान गर्ने गर्दछ ।

- ✓ आर.ओ.यू सम्पत्तिको ह्रासकट्टि
- ✓ पट्टा दायित्वमा ब्याज खर्च
- ✓ आर.ओ.यू सम्पत्तिको हानी
- ✓ परिर्वतनशिल पट्टा भुक्तानी रकम जुन पट्टा दायित्वमा समावेश गरिएको थिएन ।

आर.ओ.यू सम्पत्तिको ह्रासकट्टि खर्च र हानीलाई नाफा नोक्सान विवरणको ह्रास कट्टि र परिशोधन खर्च अन्तर्गत प्रस्तुत गरिएको छ भने पट्टा दायित्वमा ब्याज खर्चलाई नाफा नोक्सान विवरणमा प्रस्तुत गरिएको छ ।

### सम्भावित दायित्वहरु

संस्थाले सम्भावित दायित्वहरुको पहिचान तथा लेखाङ्कन **NAS 37 – Provisions, Contingent Liabilities & Contingent Assets** को प्रावधान बमोजिम गर्ने गरेको छ । सम्भावित दायित्वहरुमा देहाय बमोजिमका विषयहरु समावेश गरिएका छन्:

R.K. Phuyal & Associates Kathmandu Chartered Accountants

विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता सम्भावित दायित्वहरु जसको अस्तित्व संस्थाको नियन्त्रण भन्दा बाहिर रहेका भविष्यका एक वा एकभन्दा बढि अनिश्चित घटनाक्रमहरुले निर्क्यौल गर्दछ ।

विगतका घटनाक्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखाङ्कन नगरिएका दायित्वहरु

- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको

संस्थाको जानकारीमा आएको सम्पूर्ण सारभूत (Material) दायित्वको लागि पर्याप्त व्यवस्था गरिएको छ । सारभूत दायित्वको भविष्यमा उत्पन्न हुने परिणाम मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको खण्डमा त्यस्ता दायित्वलाई सम्भावित दायित्व अन्तर्गत देखाइन्छ ।

### ३.१० आयको पहिचान

अन्यथा उल्लेख भएकोमा बाहेक, संस्थाले आम्दानीलाई NFRS 15 – "Revenue from Contracts with Customers" को प्रावधान बमोजिम पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ ।

### ३.१०.१ ब्याज आम्दानी

ब्याज आम्दानीमा ऋण लगानी, नाफा-नोक्सानको माध्यमबाट Fair Value मा मापन गरिएका बाहेकका सुरक्षणपत्रमा गरिएको लगानी, नगद तथा नगद समान, बैंक तथा वित्तीय संस्थामा रहेको नगद, कर्मचारीलाई प्रदान गरेको ऋण सापटीमा प्राप्त ब्याज रकमहरु समावेश हुन्छ । यसरी ब्याज आम्दानी जनाउँदा संस्थाले माथि उल्लेखित बुंदा २.१.२ को (ख) अनुसार वैकल्पिक व्यवस्थालाई अवलम्बन गरेको छ ।

संस्थाले धितोको "खुद प्राप्ति मूल्य" जतिसुकै भए पनि उक्त ऋणमा उठ्नु पर्ने साँवा तथा ब्याज १२ महिना भन्दा बढी बक्यौता रहेको अवस्थामा, उपरोक्त ब्याजलाई ब्याज आम्दानी जनाउने गरेको छैन ।

### ३.१०.२ शुल्क तथा कमिशन आम्दानी

ऋण सेवाबाट प्राप्त हुने शुल्क तथा कमिशन, ऋण नवीकरण वा स्वीकृत भएपश्चात आम्दानीमा लेखाङ्कन गरिन्छ । ऋण सम्बन्धी अन्य सहायक सेवा तथा सदस्यलाई प्रदान गरिने अन्य सेवा सुविधा वापत प्राप्त हुने अन्य सबै शुल्कहरु सेवा प्रदान गरे पश्चात आम्दानीमा लेखाङ्कन गरिन्छ । यस सम्बन्धमा संस्थाले बुँदा २.१.२ (ख)मा उल्लेखित वैकल्पिक व्यवस्था अवलम्बन गरेको छ ।

R.K. Phuyal & Associates, Kathmandu, Chartered Accountants

### ३.१०.३ लाभांश आम्दानी

संस्थालाई शेयर लगानीबाट प्राप्त हुने नगद लाभांश सो लाभांश प्राप्त हुने अधिकार स्थापित भएको मितिमा आयमा लेखाङ्कन गरिन्छ ।

बासिन्दा कम्पनीले घोषणा गरेको नगद लाभांशलाई श्रोतमा करकट्टी गरिए पश्चात् बाँकी रहेको खुद रकमका आधारमा लेखाङ्कन गरिन्छ ।

### ३.१०.४ खुद व्यापारिक आम्दानी

संस्थाले व्यापारिक लगानी तथा दायित्वमा हुने ब्याज, लाभांश, तथा बजार मूल्यको उतारचढावले हुने आम्दानी वा खर्चलाई यस शिर्षक अन्तर्गत प्रस्तुत गरेको छ । हाल संस्था कुनै प्रकारको खुद व्यापारिक आम्दानी भने रहेको छैन ।

### ३.१०.५ अन्य सञ्चालन आम्दानी

ब्याज आम्दानी, शुल्क तथा कमिशन आम्दानी तथा व्यापारिक आम्दानी अन्तर्गत देखाइएका बाहेक अन्य प्रकृतिको आम्दानीलाई यस शिर्षक अन्तर्गत देखाइएको छ । विदेशी मुद्रा विनिमय दरमा भएको घटबढको कारणले हुने फाईदा वा घाटा, Equity शेयरमा भएको लगानीबाट हुने लाभांश आम्दानी, स्थिर सम्पत्ति तथा कार्यालय उपकरण वा लगानीको उद्देश्य भएका स्थिर सम्पत्तिको निसर्गबाट हुने आम्दानी आदिलाई यस शिर्षक अन्तर्गत प्रस्तुत गरिएको छ ।

## ३.११ खर्चको लेखाङ्कन

### ३.११.१ ब्याज खर्च

सदस्यहरुको निक्षेप खाता, संस्थाले प्राप्त गरेको अन्य सापटी र पट्टा दायित्वको ब्याजलाई पाकेको आधारमा (Accrual Accounting) लेखाङ्कन गरिन्छ । प्रभावकारी ब्याज दरको करिबी दर प्रयोग गरी ब्याज खर्च लेखाङ्कन गरिन्छ ।

### ३.११.२ कर्मचारी खर्च

कर्मचारी खर्चको पहिचान, मापन तथा लेखाङ्कनको लागि संस्थाले NAS 19 – "Employee Benefits" को प्रावधान बमोजिम गरेको छ ।

**क) अल्पकालीन कर्मचारी खर्चहहरु**

ज्याला, तलब, भत्ता, बिदा बापतको रकम भुक्तानी तथा प्रत्येक आर्थिक वर्ष समाप्त भएको १२ महिना भित्र भुक्तानी गरिने त्यस्ता सुविधाहरु (सवारी साधन सुविधा, सहुलियतपूर्ण ऋण) अल्पकालीन कर्मचारी खर्चहरुमा पर्दछन् । अल्पकालीन कर्मचारी खर्चको लेखाङ्कन कर्मचारीले सेवा प्रदान गरे पश्चात् वा सेवा प्रदान गरेको कारण क्षतिपूर्ति प्राप्त गर्ने अधिकार सिर्जना भए पश्चात गरिन्छ ।

अल्पकालीन कर्मचारी खर्चलाई Discount नगरी मापन गरिन्छ र सेवा प्रदान गरेको बखतनै खर्च जनाइन्छ ।

R.K. Phuyal & Associates Kathmandu Chartered Accountants

ख) **रोजगार पछिको सुविधा**

**NAS 19** (कर्मचारी सुविधा अनुसार परिभाषित योगदान योजना रोजगार पछि प्राप्त हुने लाभ योजना हो जसमा संस्थाले निश्चित रकम छुट्टै बैंक खाता/कोषमा योगदान गर्दछ र यदि कर्मचारीहरुको वर्तमान तथा पूर्व सेवा वापतको सम्पूर्ण कर्मचारी लाभ भुक्तानी गर्न यथेष्ट सम्पत्ति नभएको खण्डमा कुनै कानुनी र निर्मित दायित्व आउँदैन ।

परिभाषित योगदान योजनामा कर्मचारीले संस्थालाई दिएको सेवाको अनुपातमा रोजगारदाताले तिर्नु पर्ने योगदानलाई कर्मचारी खर्च भनेर **Due** भएको दिन खर्चमा लेखाङ्कन गरिन्छ । तिर्न बाँकी योगदानलाई दायित्वको रुपमा अन्य दायित्वमा देखाइन्छ । संस्थाले प्रशिक्षण अवधि पूरा भएका प्रत्येक कर्मचारीको तलबको २० प्रतिशत सामाजिक सुरक्षा कोषमा जम्मा गरेको छ । माथि उल्लेखित खर्चहरु NAS 19 बमोजिम परिभाषित योगदान योजना अन्तर्गत योगदान गरिएको भनेर पहिचान गरिएको छ ।

परिभाषित लाभ योजना भनेको परिभाषित योगदान योजना बाहेकका अन्य रोजगार पछिको सेवा सुविधा हो । यसर्थ NAS 19 बमोजिम कर्मचारी उपदानलाई परिभाषित लाभ योजना मानिएको छ । संस्थाले आफ्नो सबै कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा सुचिकृत गराई सकेको हुनाले कर्मचारी उपदान बापतको सेवा सुविधा रहेको छैन ।

**३.११.३ पट्टा खर्च**

संस्थाले पट्टा (Lease) को पहिचान, मापन तथा लेखाङ्कन NFRS 16 – Lease को प्रावधान बमोजिम गरेको छ । जस अनुसार छोटो अवधि (१२ महिना भन्दा कम) को पट्टा तथा अंतर्निहित सम्पत्ति कम मूल्य भएको पट्टाको हकमा भाडा भुक्तानी खर्चको लेखाङ्कन पट्टा अवधि भर समदर (Straight Line Basis) गणना विधि अनुसार गरिएको छ भने अन्य पट्टाहरुको हकमा भने आर.ओ.यू. सम्पत्ति र पट्टा दायित्वको रुपमा लेखाङ्कन गर्ने गरेकोछ । यसरी पहिचान भएको आर.ओ.यू. सम्पत्तिलाई सम्पत्ति तथा उपकरण अन्तर्गत प्रस्तुत गरी ह्रासकट्टी काटिएको छ भने पट्टा दायित्वमा लाग्ने वित्तीय खर्चलाई ब्याज खर्चमा देखाइएको छ ।

**३.१२ शेयर पूँजी**

शेयर पूँजीलाई चुक्ता मूल्यमा लेखाङ्कन गरिन्छ । शेयर सदस्यहरुलाई वार्षिक साधारण सभामा मत राख्न सक्ने र पारित लाभांश पाउने अधिकार हुन्छ । संस्थाको साधारण शेयर बाहेक अन्य कुनै प्रकृतिका शेयर रहेको छैन ।

**३.१३ कोषहरु**

**जगेडा कोष र अन्य कोष**

सहकारी ऐन, २०७४ को दफा ६८ मा भएको व्यवस्था अनुसार संस्थाले आर्थिक वर्षको खूद मुनाफा रकमको २५ प्रतिशत रकम साधारण जगेडा कोषमा रकमान्तर गरिन्छ । सहकारी ऐन, २०७४ को दफा ६९ र ७० मा भएको व्यवस्था अनुसार संस्थाले साधारण जगेडा कोष छुट्याई बाँकी रहेको रकमबाट संरक्षित पूँजी फिर्ता कोषमा २५% र सहकारी प्रवर्द्धन कोषमा ०.५% रकम रकमान्तर गरिन्छ । सहकारी ऐन, २०७४, सहकारी नियमावली २०७५ र

R.K. Phuyal & Associates Kathmandu Chartered Accountants

संस्थाको विनियम बमोजिम अन्य शिर्षकमा संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रर्वद्धन कोषमा नाफा बाँडफाँड पछीको नाफा बाँडफाँड गरिन्छ ।

**NFRS समायोजन कोष**

संस्थाले **NFRS** बमोजिमको लेखा नीति अपनाएर वित्तीय विवरण बनाउने क्रममा यस अघिको लेखा नीतिको तुलनामा भएको परिर्वतन र सोका कारण सम्पत्ति तथा दायित्वको मूल्याङ्कनमा देखिने भिन्नतालाई यस **NFRS समायोजन** कोष अन्तर्गत प्रस्तुत गर्ने नीति लिएको छ । यस कोष अन्तर्गत ब्याज मुल्तवीबाट जनाईएको ब्याज आम्दानी, स्थगन कर सम्पत्ति बराबरको रकम र एनएफआरएस बमोजिम जनाइएको ख्याति पर्दछन् ।

**३.१४ इकाई रिपोर्टिङ (Segment Reporting)**

संस्थाले रिपोर्टिङ इकाई **(Reporting Segment)** को पहिचान गरी **NFRS 8 – Operating Segments** बमोजिम रिपोर्टिङ इकाइको छुट्टै वित्तीय विवरण तयार गरी समष्टीगत वित्तीय विवरणसँग भिडान गरी प्रस्तुत गर्नुपर्ने हुन्छ । छुट्टै इकाई रिपोर्टिङ आवश्यक नभएकाले छुट्टै इकाई रिपोर्टिङ गरिएको छैन ।

R.K. Phuyal & Associates Kathmandu Chartered Accountants

# सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी वार्षिक प्रतिवेदन
## आ.व. २०८०/०८१

सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी सम्पत्ति शुद्धिकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी सहकारी संघ संस्थालाई जारी (तेस्रो संशोधन सहित) निर्देशन, २०७४ लाई प्रभावकारी रुपमा लागू गर्नको लागि संस्थाले सम्पत्ति शुद्धिकरण तथा जोखिम व्यवस्थापन नीति, २०७८ (पहिलो संशोधन २०८१ सहित) तयार पारी कार्यान्वयनमा ल्याएको छ। यसले सम्पत्ति शुद्धिकरण निवारण कार्यविधिको कार्यान्वयन गरी संस्था मार्फत गरिने वित्तीय कारोबारलाई स्वच्छता एवं पारदर्शिता कायम गर्दै संस्थामा जोखिम कम गर्दै आन्तरिक नियन्त्रण प्रणाली मजबुद बनाउँदै संस्थागत सुशासन तथा लक्ष्य प्राप्तिमा सहयोग पुग्ने गरी कार्य सम्पादन गर्न सहयोग पुग्नेछ।

संस्थाले सम्पत्ति शुद्धिकरण निवारण ऐनमा भएका व्यवस्थाहरुलाई पालना गर्दै आएको छ। संगठित अपराध, तथा राजश्व छलिबाट आर्जित सम्पत्तिको व्यवस्थापनमा संस्थालाई प्रयोग हुन नदिन आवश्यक सावधानीहरु अपनाइएको छ। संस्थाले ऋण लगानी गर्दा सदस्यहरुबाट आवश्यक धितो लिई ऋण उपभोग गर्नुको प्रयोजन समेत स्पष्ट खुलाई प्रचलित कानून अनुसार कारोबार गर्ने सदस्यहरुलाई मात्र ऋण दिने नीति लिएको छ। १० लाख भन्दा माथिको भुक्तानीलाई अनिवार्य एकाउन्ट पेयी चेक मार्फत भुक्तानी गर्ने गरिएको छ। बिलहरुको भुक्तानी गर्दा सम्बन्धित व्यक्ति, संस्था वा कम्पनीको नाममा चेक मार्फत भुक्तानी गर्ने गरिएको छ।

एक दिनमा एक पटक वा पटक-पटक गरी १० लाख भन्दा बढी नगद निक्षेप जम्मा गर्ने सदस्यहरुलाई रकमको स्रोत स्पष्ट खुलाई र सो कारोबारको प्रमाण देखिने कागजपत्र सहित निक्षेप लिने गरिएको छ। एक लाख भन्दा माथिको नगद जम्मा र भुक्तानी गर्दा सम्बन्धित व्यक्तिको आधिकारिक परिचय-पत्रको प्रतिलिपी राख्ने व्यवस्था गरिएको छ।

संस्थाको कार्यक्षेत्र भित्र स्थायी रुपमा बसोबास गरेको एकिन गरी बसोबास स्थान र पेशा सम्बन्धी पूर्ण जानकारी लिएर मात्र सदस्यता प्रदान गर्ने व्यवस्था गरिएको छ। कारोबारको स्रोतको जानकारी लिई सम्पत्ति शुद्धिकरण निवारण ऐन तथा नियमावलीमा भएका व्यवस्थाहरुलाई परिपालना गर्दै लगिएको छ।

तोकिएको सीमा भन्दा बढीको कारोबारको नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी इकाईमा नियमित प्रतिवेदन पठाउने गरिएको छ। सम्पत्ति शुद्धिकरण ऐन, नियमावली तथा वित्तीय जानकारी इकाईले समय-समयमा दिएको निर्देशन पालना तथा सहकारी विभागले सहकारी संघ/संस्थाहरुलाई जारी गरेको निर्देशन बमोजिम संस्थाले कार्यान्वयन अधिकारी नियुक्त गरेको छ।

संस्थाले संस्थामा कार्यरत कर्मचारीहरुलाई सम्पत्ति शुद्धिकरण तथा जोखिम न्यूनिकरण सम्बन्धी तालिम तथा गोष्ठीहरुमा सहभागि गराउँदै आएको छ। संस्थाले सूचना पाटी, रेडियो, समाजिक सञ्जाल तथा वेभसाइट मार्फत सूचना प्रकाशित गरी संस्थागत जानकारी तथा सदस्यहरुलाई आफ्नो विवरण अद्यावधिक गर्न सूचना तथा जानकारी प्रेषण गरिहेको छ। साथै आगामी दिनमा यसलाई थप व्यवस्थित गरी सदस्य तथा संस्थाको कारोबारमा हुन सक्ने जोखिमलाई न्यूनिकरण गर्दै लगिने छ।

## सम्पत्ति शुद्धिकरण तथा निवारण सम्बन्धी यस आ.व. मा सम्पन्न कार्यहरुः

१. **सीमा कारोबार प्रतिवेदन (Threshold Transaction Report -TTR ) सम्बन्धमाः** सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी सहकारी संघ/संस्थाहरुलाई जारी निर्देशन (तेस्रो संशोधन २०७९ सहित), २०७४ को दफा १९ अनुसार वित्तीय जानकारी इकाईमा अनुसूचि -४ बमोजिमको सीमा कारोबार प्रतिवेदन (Threshold Transaction Report) कार्यान्वयन अधिकारी मार्फत प्रत्येक १५-१५ दिनको कारोबार समय भुक्तान भएको भोलिपल्ट नियामक निकायमा पुग्ने गरी गत आ.व. मा २३ वटा सिमा कारोबार प्रतिवेदन पठाइएकोमा यस आ. व. मा वित्तीय जानकारी एकाईको निर्देशन अनुसार कारोबार भएको भोलीपल्ट XML ढाँचामा ७६ वटा प्रतिवेदनहरु पेश गरिएको छ।

२. सहकारी विभागको कोपोमिस पोर्टलमा यस आर्थिक वर्षसम्म २२००० सदस्यहरुको सदस्य पहिचान अद्यावधिक गरिएको छ साथै समष्टिगत विवरण, मासिक आर्थिक विवरण र सम्पत्ति शुद्धिकरण विबरणहरु नियमित रुपमा प्रविष्टि गर्ने गरिएको छ।

३. नियमनकारी निकायलाई पेश गर्नुपर्ने वार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, कर चुक्ता प्रमाण पत्र समयमानै पेश गर्ने गरिएको छ साथै संस्थाको कार्यक्षेत्रका स्थानीय तहहरुको सहकारी ऐन अनुसारको सूचिकरण हुने र प्रतिवेदन पेश गर्ने गरिएको छ।

४. सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी सहकारी संघ/संस्थाहरुलाई जारी निर्देशन, २०७४ अनुसार सदस्य पहिचान फारम, जम्मा भौचर, कोर बैकिङ प्रणाली, सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी विवरणहरु पहिचान गर्न सक्ने विद्युतीय प्रणाली (AML/CFT Software) सहित सम्बन्धित फारमहरु तथा अवयबहरु अद्यावधिक गरि कारोबार गर्ने गरिएको छ।

५. **goAML Software सम्बन्धमाः** सहकारी विभागको मिति २०७८ पौष २२ को परिपत्र अनुसार आ.व. २०७९/०८० पौष महिना देखि goAML (Production Environment) को मेसेज बक्स मार्फत सिमा कारोबार प्रतिवेदन प्रेषित गर्ने गरिएकोमा हाल XML Format मा Digital रिपोर्टिङ गर्ने गरिएको छ।

६. **जोखिम मुल्याँकन अध्यावधिक प्रतिवेदन सम्बन्धमाः** सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी सहकारी संघ/संस्थाहरुलाई जारी निर्देशन (तेस्रो संशोधन, २०७९ सहित), २०७४ को दफा १३ (२) र (३) मा उल्लेखित अनुसूचि - ३ बमोजिमको प्रतिवेदन सहकारी विभाग तथा संथाको नियमनकारी निकाय संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय, बागमती प्रदेश हेटौंडामा प्रेषित गर्ने गरिएको छ।

यस आ.व.को वार्षिक प्रतिवेदन अनुसार संस्थामा सम्पत्ति शुद्धिकरण तथा निवारण सम्बन्धी सदस्यहरुको विवरण यस प्रकार रहेको छ।

| विवरण | गत आ.व. २०७९/०८० सम्म | चालु आ.व. २०८०/०८१ |
|---|---|---|
| जम्मा शेयर सदस्य संख्या | २७६०८ | २७९२५ |
| क) सदस्य (१० लाखसम्म शेयर हुने) | २७६०५ | २७९२३ |
| ख) सदस्य (१० लाख भन्दा माथि शेयर हुने) | ३ | २ |
| ग) बचतकर्ता सदस्य (१० लाखसम्म) | २७४०९ | २७६५८ |
| घ) बचतकर्ता सदस्य (१० लाख भन्दा माथि) | १९९ | २६७ |
| ङ) ऋणी सदस्य (१० लाखसम्म) | ३३९० | ३०१६ |
| च) ऋणी सदस्य (१० लाख भन्दा माथि) | ४५५ | ४०७ |
| पहिचान अद्यावधिक भएका सदस्य संख्या | २१०१० | २२००० |
| पहिचान अद्यावधिक नभएका सदस्य संख्या | ६५९८ | ५९२५ |
| सीमा कारोबार प्रतिवेदनको संख्या | २३ | ७६ |
| विद्युतीय कारोबार गर्ने सदस्य (मोवाइल बैंकिङ प्रयोगकर्ता) | - | १८०० |
| विप्रेषण सेवा प्रयोग गर्ने सेवाग्राहि संख्या | - | ५५५७ जना सदस्य र १६३० जना गैर सदस्य गरी जम्मा ७१८७ जना |

७. **जोखिम मूल्याङ्कन सम्बन्धमा**: संस्थालाई आन्तरिक तथा बाह्य जोखिमबाट बचाउनको लागि सम्पत्ति शुद्धिकरण तथा जोखिम व्यवस्थापन नीति २०७८ (पहिलो संशोधन २०८१) मा उल्लेखित जोखिम मूल्याङ्कन गरी सञ्चालक समितिको नियमित बैठकमा छलफल गरिनुका साथै नियामक निकायमा प्रतिवेदन पेश गर्ने गरिएको छ। संस्थामा आवद्ध उच्च पदस्थ व्यक्तिहरुको रेकर्ड राखिएको छ र सदस्यले गर्ने बचत तथा ऋण कारोबारको आधारमा जोखिमको वर्गिकरण गरिएको छ।

**अन्त्यमा,**

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा हुने वित्तीय लगानी राष्ट्रिय समस्यको रुपमा रहेको छ। अपराधिक कार्यबाट आर्जित सम्पत्ति तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नयाँ प्रकृतिका आर्थिक अपराध हुन्। यस्ता अपराधहरु नियन्त्रण गर्न राष्ट्रिय रुपमा भएका साझा प्रयासहरु कार्यान्वयन गर्न संस्थागत जिम्मेवारी बहन गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं साथै यस प्रयोजनको लागि आवश्यक सहयोग गर्नुहुने सम्पूर्ण शेयर सदस्यज्यूहरु, सञ्चालक समिति, संस्था व्यवस्थापन एवं नियामक निकायलाई हार्दिक धन्यवाद दिन चाहान्छु।

जय सहकारी। जय जनसचेतन॥

**कार्यान्वयन अधिकारी**

## जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि.को पुनःलिखित विनियम, २०७८ को संसोधनको तीन महले विवरण

| क्र.सं. | दफा/उपदफा | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | थप गर्नुपर्ने वा संशोधन गर्नुपर्नेको कारण |
|---|---|---|---|---|
| १. | **परिच्छेद १ को दफा ४ को उपदफा (न)** | (न) प्राथमिक पूँजि भन्नाले संस्थाको शेयर पूँजि, बचत रकम तथा जगेडा कोषलाई सम्झनुपर्छ। | (न) प्राथमिक पूँजि कोष भन्नाले शेयर, जगेडा कोष र घाटापूर्ति कोषको योगलाई जनाउँदछ। | प्राथमिक पूँजि कोषको परिभाषा नमिलेको हुँदा थप मिलाई स्पष्ट पारिएको। |
| २. | **परिच्छेद २ को दफा ७ को उपदफा (ख)** | लघुवित्त कार्यक्रम सञ्चालन गरी दुर्गम तथा पिछडिएको क्षेत्रमा वित्तीय पहुँच पुऱ्याउने। | सामुहिक जमानीमा लगानी कार्यक्रम सञ्चालन गरी दुर्गम तथा पिछडिएको क्षेत्रमा वित्तीय पहुँच पुऱ्याउने। | सहकारी क्षेत्रमा लघुवित्त नाम दिई कार्यक्रम सञ्चालन गर्न नपाईने भनि संघिय सहकारी विभागको निर्देशन र राष्ट्र बैंकको निर्देशनको परिपालना गरिएको। |
| ३. | **परिच्छेद २ को दफा ८** | नरहेको | (१५) सदस्यहरुलाई समय सापेक्ष प्रविधिमैत्री सुविधाहरु उपलब्ध गराउने। | संस्थाले आफ्ना शेयर सदस्यहरुलाई समय सापेक्ष बजारमा उपलब्ध प्रविधिसँग सम्बन्धित कारोबारहरु सञ्चालन गर्दै आएको हुँदा बुँदा थप गुर्नेपर्ने। |
| ४. | **परिच्छेद ३ को दफा ९** | नरहेको | (ख) संस्थागत सदस्यताको लागि निवेदन र प्राप्ती नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई जारी गरेको एकिकृत निर्देशन, २०८० बमोजिम अनिवार्य गर्ने। | संस्थागत सदस्यको लागि सदस्यता प्राप्ती गर्दा संलग्न गर्नुपर्ने आवश्यक कागजात लिनुपर्ने विषय बुँदा थप गर्नुपर्ने। |
| ५. | **परिच्छेद ३ को दफा १३** | नरहेको | च) विना सूचना लगातार ३ पटक भन्दा बढी वार्षिक साधारण सभामा अनुपस्थित भएमा। | समय सापेक्ष अद्यावधिक गनुपर्ने भएकाले। |
| ६. | **परिच्छेद ५ को दफा २४ उपदफा (३)** | उपदफा (१) र उपदफा (२) बमोजिम वार्षिक साधारण सभा बोलाउँदा सभा हुने स्थान, समय र मिति तथा छलफलका विषयहरु समेत खुलेको विवरण कम्तिमा एक्काईस (२१) दिन अगावै सदस्यहरुलाई सार्वजनिक रुपमा सूचना दिनुपर्ने कर्तव्य सञ्चालक समितिले निर्वाह गर्नेछ। यस्तो सूचना स्थानीय पत्रिका वा रेडियो वा अनलाईन पत्रिका वा सामाजिक सञ्जाल मार्फत प्रकाशित गरिनेछ। सूचनाको प्रभावकारिताका लागि सञ्चारका विद्युतिय माध्यम समेत प्रयोग गर्न सकिनेछ। | उपदफा (१) र उपदफा (२) बमोजिम वार्षिक साधारण सभा बोलाउँदा सभा हुने स्थान, समय र मिति तथा छलफलका विषयहरु समेत खुलेको विवरण कम्तिमा तिस (३०) दिन अगावै सदस्यहरुलाई सार्वजनिक रुपमा सूचना दिनुपर्ने कर्तव्य सञ्चालक समितिले निर्वाह गर्नेछ। यस्तो सूचना स्थानीय पत्रिका वा रेडियो वा अनलाईन पत्रिका वा सामाजिक सञ्जाल मार्फत प्रकाशित गरिनेछ। सूचनाको प्रभावकारिताका लागि सञ्चारका विद्युतिय माध्यम समेत प्रयोग गर्न सकिनेछ। | संघिय सहकारी ऐन र प्रादेशिक सहकारी ऐनमा व्यवस्था भए बमोजिम साधारण सभा हुनु अगावै ३० दिनको समय सीमा राखी वार्षिक साधारण सभा हुने स्थान, मिति र समय तथा सदस्यहरुलाई सार्वजनिक रुपमा सूचना तथा छलफलको एजेण्डा सहितको विवरण सदस्यहरुलाई सार्वजनिक रुपमा सूचना दिनुपर्ने व्यवस्था भएकोले। |

| क्र.सं. | दफा / उपदफा | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | थप गर्नुपर्ने वा संशोधन गर्नुपर्नेको कारण |
|---|---|---|---|---|
| ७. | **परिच्छेद ५ को दफा २४ को उदफा** (६) | वार्षिक साधारण सभाको सभापतित्व समितिको अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा वरिष्ठ उपाध्यक्षले र निजको पनि अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफु मध्येबाट छानेको सदस्यले सभाको सभापतित्व गर्नेछ। | वार्षिक साधारण सभाको सभापतित्व समितिको अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा वरिष्ठ उपाध्यक्षले र निजको पनि अनुपस्थित भएमा जेष्ठ सदस्यले सभाको सभापतित्व गर्नेछ। | सहकारी ऐन र नियमावली अनुसार अद्यावधिक गर्नुपर्ने भएकाले। |
| ८. | **परिच्छेद ६ को दफा २७ को उपदफा** (१) | संस्थामा १५ जना सञ्चालकहरु रहेको एउटा सञ्चालक समिति रहनेछ । साधारण सदस्यहरु मध्येबाट प्रजातान्त्रिकक प्रक्रिया अनुरुप समावेशी मुल्य मान्यताका आधारमा महिला उपाध्यक्ष सहित सम्भव भएसम्म ३३ प्रतिशत महिलार दलित तथा जनजातिहरुको समेत प्रतिनिधित्व हुने गरी सञ्चालक समितिको निर्वाचन गराइनेछ। यस समितिमा एक जना अध्यक्ष, एक जना वरिष्ठ उपाध्यक्ष, एक जना महिला उपाध्यक्ष, एक जना सचिव, एक जना सहसचिव, एक जना कोषाध्यक्ष र बाँकी सदस्यहरु रहनेछन । सम्भव भएसम्म सञ्चालक समितिको स्वरुप समावेशी बनाइनेछ। | संस्थामा १५ जना सञ्चालकहरु रहेको एउटा सञ्चालक समिति रहनेछ । साधारण सदस्यहरु मध्येबाट प्रजातान्त्रिकक प्रक्रिया अनुरुप समावेशी मुल्य मान्यताका आधारमा महिला उपाध्यक्ष सहित सम्भव भएसम्म ३३ प्रतिशत महिला, दलित, जनजाति र युवाहरुको समेत प्रतिनिधित्व हुने गरी सञ्चालक समितिको निर्वाचन गराइनेछ। यस समितिमा एक जना अध्यक्ष, एक जना वरिष्ठ उपाध्यक्ष, एक जना महिला उपाध्यक्ष, एक जना सचिव, एक जना सहसचिव, एक जना कोषाध्यक्ष र बाँकी सदस्यहरुमा हनेछन । सम्भव भएसम्म सञ्चालक समितिको स्वरुप समावेशी बनाइनेछ।<br><br>सञ्चालक समितिमा युवाहरुको सहभागितालाई सूनिश्चित गर्न १८ वर्ष देखि ३५ वर्षसम्मको लागी १ सिट आरक्षण गरिनेछ। | सहकारी ऐन र नियमावली अनुसार अद्यावधिक गर्नुपर्ने भएकाले। |
| ९. | **परिच्छेद ६ को दफा २७ को उपदफा** (३) | नभएको | (३) **सञ्चालक हुनको लागी योग्यताहरु:**<br><br>क) संस्थाले सञ्चालन गरेको पूर्व नेतृत्व विकास तालिम वा छाता संगठनहरुबाट सञ्चालित सि.यु.डि.सि.सि. तालिम अनिवार्य लिएको हुनुपर्नेछ।<br><br>ख) फिट एण्ड प्रोपर टेस्ट फारम अनिवार्य भरेको हुनपर्नेछ। | सहकारी ऐन र नियमावली अनुसार अद्यावधिक गर्नुपर्ने भएकाले। |
| १०. | **परिच्छेद ६ को दफा २८** | नरहेको | (४) सञ्चालकहरु लगातार दुई कार्यकाल भन्दा बढी एकै पदमा उम्मेदवारी दिन पाउने छैनन् भने राष्ट्रसेवक कर्मचारी तथा पदाधिकारी सञ्चालक समिति हुन नपाउने। | एकै पदमा दुई कार्यकाल भन्दा बढी रही र हँदा सुशासनको दृष्टिकोणले नहुने र राष्ट्रसेवक कर्मचारी तथा पदाधिकारी सञ्चालकमा रहँदा पूर्ण रुपमा समय दिन नसक्ने भएकोले बुँदा थप गर्नुपर्ने। |

| क्र.सं. | दफा/उपदफा | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | थप गर्नुपर्ने वा संशोधन गर्नुपर्नेको कारण |
|---|---|---|---|---|
| ११. | **परिच्छेद ६ को दफा २९ को उपदफा** (२) | अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ । अध्यक्षको अनुपस्थितिमा वरिष्ठ उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ । | अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ। अध्यक्षको अनुपस्थितिमा वरिष्ठ उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ भने अध्यक्ष र उपाध्यक्षको अुपस्थित भएमा उमेरको आधारमा जेष्ठ सञ्चालक सदस्यले बैठकको अध्यक्षता गर्नेछ। | सहकारी ऐन र नियमावली अनुसार अद्यावधिक गर्नुपर्ने भएकाले । |
| १२. | **परिच्छेद ६ को दफा २९ को उपदफा** (४) | समितिका कम्तिमा २ जना सञ्चालकहरुले समितिको बैठक डाक्न अध्यक्षलाई लिखित सूचना गरेमा ७ दिन भित्र समितिको बैठक बस्ने व्यवस्था गरिनेछ । | समितिका कम्तिमा बहुमत सञ्चालकहरुले समितिको बैठक डाक्न अध्यक्षलाई लिखित सूचना गरेमा ७ दिन भित्र समितिको बैठक बस्ने व्यवस्था गरिनेछ । | सहकारी ऐन र नियमावली अनुसार अद्यावधिक गर्नुपर्ने भएकाले । |
| १३. | **परिच्छेद ६ को दफा ३० को उपदफा** (छ) | १ वर्ष भन्दा बढी अवधिका लागि निरन्तर बस्ने गरी विदेश गएमा | ६ महिना भन्दा बढी लगातार विदेश बस्ने गरी जाने भएमा। | सञ्चालक समितिको सक्रियता बढाई रिक्त पदपूर्तिका लागि अनुपस्थित हुने दर घटाउन । |
| १४. | **परिच्छेद ६ को दफा ३०** | नरहेको | (ट) सम्पत्ति शुद्धिकरण वा कुनै फौजदारी अभियोग लागि प्रमाणित भएमा ।<br>(ठ) कुनै संस्थामा रकम हिनामिना वा अपचलन गरेको विषय प्रमाणित भई अदालतबाट कसुर गरेको ठहरेमा ।<br>(ड) कुनै बैंक तथा वित्तीय संस्थाले कालोसूचिमा राखेको प्रमाणित भएमा ।<br>(ढ) कुनै बैंक तथा वित्तीय संस्थाले निज व्यक्तिकोृ नाम ऋणी वा जमानीको रुपमा राखी सार्वजनिक रुपमा धितो लिलामीको सूचना प्रकाशन गरेमा । | समय सान्दर्भिक विभिन्न घटनाहरु घट्ने क्रम बढ्दै गएको र सम्पत्ति शुद्धिकरण र फौजदारी अभियोगलाई समेत समेट्ने गरी बुँदा थप गर्न । |
| १५. | **परिच्छेद ६ को दफा ३२ उपदफा** (१) | नरहेको | (थ) निर्णायक मत दिने र कुनै पनि उपसमितिको संयोजक नबस्ने । | अध्यक्षको काम, कर्तव्य र अधिकारमा नयाँ बुँदा थप गर्न आवश्यक भएकाले । |
| १६. | **परिच्छेद ६ को दफा ३३ को उपदफा** (२) | सञ्चालक समितिका पदाधिकारी तथा सदस्यहरुको लागि उम्मेदवार हुन आवश्यक पर्ने योग्यता भएका शेयर सदस्यहरु लेखा सुपरिवेक्षण समितिमा उम्मेदवार बन्न पाउने छन् । तर सञ्चालक समितिका कुनै पदाधिकारी लेखा सुपरिवेक्षण समितिमा उम्मेदवार हुन पाउने छैन । | लेखा सुपरिवेक्षण समितिमा उम्मेदवार दिन सञ्चालक समितिका पदाधिकारी तथा सदस्यको लागि उम्मेदवार हुन आवश्यक पर्ने योग्यता भएका, सदस्यता प्राप्त गरेको कम्तिमा ३ वर्ष पुरा भएको र प्रविणता प्रमाणपत्र तह वा सो सरहको शैक्षिक योग्यता हासिल भएको हुनुपर्नेछ । | बागमती प्रदेश सहकारी नियामावलीको नियम १४ को उपनियम (३) बमोजिम गर्नुपर्ने भएकाले । |

| क्र.सं. | दफा/उपदफा | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | थप गर्नुपर्ने वा संशोधन गर्नुपर्नेको कारण |
|---|---|---|---|---|
| १७. | **परिच्छेद १० को दफा ४७** | नरहेको | १०. सदस्यहरुबाट आवधिक बचत संकलन गर्दा ३ वर्ष भन्दा बढीको स्वीकार गरिनेछैन। सदस्यको अभिभावकत्व संरक्षणमा बाल बचत खाता सञ्चालन गरिनेछ। | बचत संकलन गर्दा आवश्यक पर्ने नयाँ बुँदा थप गरिएको। |
| १८. | **परिच्छेद १० को दफा ४८ को उपदफा** (१) | कुनै सदस्यले संस्थाबाट ऋण लिनु पर्दा संस्थाले तोकेको ऋण निवेदन फारम भरी ऋण लगानी उपसमिति समक्ष पेश गर्नुपर्नेछ। | कुनै सदस्यले संस्थाबाट ऋण लिनु पर्दा संस्थामा सदस्यता प्राप्त गरेको ६ महिना पुरा भई संस्थाले तोकेको ऋण निवेदन फारम भरी सो फारामका साथ आवश्यक पर्ने कागजात संलग्न गरी ऋण लगानी उपसमिति समक्ष पेश गर्नुपर्नेछ। | सहकारी ऐनको कार्यान्वयन गर्न। |
| १९. | **परिच्छेद ११ को दफा ५७ को उपदफा** २(ज) | **कर्मचारी बोनस कोषः** सहकारी ऐन नियम अनुसार ३ महिनाको तलब भन्दा बढी नहुने गरी वितरण गर्ने गरी वा बोनस ऐनले तोके अनुसार | **कर्मचारी बोनस कोषः** सहकारी ऐन नियम र बोनस ऐनले तोके बमोजिम वितरण गरिनेछ। | बोनस ऐन आकर्षित हुने भएकाले सोहि अनुसार गर्नुपर्ने भएकाले। |
| २०. | **परिच्छेद ११ को दफा ५७ को उपदफा** (३) | संरक्षित पूँजि फिर्ताको रकम सदस्यहरुलाई बाँडफाँड गरी भुक्तानी गर्नका लागि संस्थासँग प्रत्येक सदस्यले गरेको कारोबारको आधारमा भुक्तानी गर्ने व्यवस्था सञ्चालक समितिले मिलाउनेछ। | संरक्षित पूँजि फिर्ताको रकम सदस्यहरुलाई ४० प्रतिशत बचतको कारोबारको आधारमा र ६० प्रतिशत ऋणको कारोबार को आधारमा बाँडफाँड गरी भुक्तानी गर्ने व्यवस्था सञ्चालक समितिले मिलाउनेछ भने भाखा नाघेको ऋणी सदस्यलाई भने यस्तो रकम वितरण गरिने छैन। | सहकारी ऐनको कार्यान्वयन गर्न। |
| २१. | **परिच्छेद ११ को दफा ५७ को उपदफा** (४) | शेयर लाभांश कोष र संरक्षित पूँजि फिर्ता कोषबाट रकम वितरण भई बाँकी हुन आउने रकम तथा खर्च गरी बाँकी रहेको अन्य कोषहरुमा भएको र कमलाई आर्थिक वर्षको अन्त्यमा जगेडा कोषमा रकमान्तर गरिनेछ। यसरी कोषहरुमा बाँकी रहे को रकम रकमान्तर गर्दा अन्य जोखिम कोषको र कम संस्थाले सञ्चालनमा ल्याएको सदस्य राहत कोषमा सञ्चालक समितिको निर्णय अनुसार सार्न सकिनेछ। | पूँजिगत अनुदानको रकमहरु जगेडा कोषमा सारिनेछ। शेयर लाभांश कोष र संरक्षित पूँजि फिर्ता कोषबाट रकम वितरण भई बाँकी हुन आउने रकम तथा खर्च गरी बाँकी रहेको अन्य को षहरुमा भएको रकमलाई आर्थिक वर्षको अन्त्यमा जगेडा को षमा रकमान्तर गरिनेछ। यसरी कोषहरुमा बाँकी रहेको रकम र कमान्तर गर्दा अन्य जोखिम कोषको रकम संस्थाले सञ्चालनमा ल्याएको सदस्य राहत कोषमा सञ्चालक समितिको निर्णय अनुसार सार्न सकिनेछ। जगेडा कोष भने अविभाज्य हुनेछ। | सहकारी ऐनको कार्यान्वयन गर्न। |
| २२. | **परिच्छेद ११ को दफा ६३** | परिच्छेद ११ को दफा ६३. घर जग्गा खरिद | परिच्छेद ११ को दफा ६३ (क) घर जग्गा खरिदः<br>परिच्छेद ११ को दफा ६३ (ख) स्वार्थ बाझिने निर्णयमा सहभागितामा प्रतिबन्धः | संस्थामा सुशासन कायम गर्न आवश्यक भएकाले। |
| २३. | **परिच्छेद ११ को दफा ६३** | नरहेको | (क) (७) संस्थालाई आवश्यक पर्ने घरजग्गा खरिद गर्नुपर्दा साधारण सभाको निर्णय अनिवार्य हुनेछ। | संस्थाको लागि आवश्यक पर्ने घर जग्गा खरिद गर्दा साधारण सभाको निर्णय आवश्यक भएकोले। |

| क्र.सं. | दफा/उपदफा | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | थप गर्नुपर्ने वा संशोधन गर्नुपर्नेको कारण |
|---|---|---|---|---|
| २४. | **परिच्छेद ११ को दफा ६३** | नरहेको | (ख) **स्वार्थ बाझिने निर्णयमा सहभागितामा प्रतिबन्ध :**<br>क) आफु र आफ्नो घरपरिवारले लिने ऋणको निर्णयमा सहभागी नहुने ।<br>ख) संस्थाको चल अचल सम्पत्ति खरिदमा आफु र आफ्नो घर परिवार सहभागि हुन नपाउने ।<br>ग) व्यवसायिक साझेदारहरुको कारणबाट वा अन्य कुनै सम्बन्धबाट स्वार्थ बाझिने भएमा स्व घोषणा गरि निर्णयमा सहभागी नहुने ।<br>घ) संस्थाले प्रदान गर्ने व्यवसायसँग स्वार्थ बाझिने गरि व्यवसाय गर्न नपाइने ।<br>ङ) संस्थालाइ आवश्यक वस्तु तथा सेवाको आपूर्तिमा आफ्नो व्यवसायबाट सामान आपूर्तिकर्ता हुन नपाइने ।<br>च) संस्थाको सेवा प्रवाह एवम परिक्षणसँग जोडिने सेवाहरु बाह्य लेखा परिक्षक आन्तरिक लेखा परिक्षक कानुनी सल्लाहकार, भ्यालुएटर एवम् अन्य सेवाहरु सञ्चालक समिति लेखा सुपरिवेक्षण समिति एवम् उच्च व्यवस्थापनको एकाघर बाट हुन सक्ने छैन । छ) संस्थाको सदस्य भएको व्यक्ती बाह्य लेखा परीक्षक नियुक्त हुन सक्नेछैन । | संस्थाको सुशासन कायम गर्न आवश्यक भएकाले । |
| २५. | **परिच्छेद १२ को दफा ६४ को उपदफा ३** | (३) सामान्यतया प्रबन्धक सञ्चालक परि कल्पना गरिनेछैन । यदि उपदफा (२) बमोजिम प्रमुख कार्यकारी अधिकृत नियुक्ती हुन नसके मा केही समयका लागि समितिले संस्थाको कुनै सञ्चालकलाई प्रबन्धक सञ्चालकको रुपमा कार्य गर्ने गरी तोक्न सक्नेछ । संस्थाको क्षमता र प्रचलनका आधारमा निजको पारिश्रमिक तोकिए बमोजिम हुनेछ । | (३) सामान्यतया प्रबन्धक सञ्चालक हुने छैनन् । यदि उपदफा (२) बमोजिम प्रमुख कार्यकारी अधिकृत नियुक्ती हुन नसकेको अवस्थामा वरिष्टतम कर्मचारीलाई जिम्मेवारी दिन सकिनेछ । संस्थाको क्षमता र प्रचलनका आधारमा निजको पारिश्रमिक तोकिए बमोजिम हुनेछ । | ऐन बमोजिम संस्था सञ्चालन गर्न आवश्यक भएकाले । |

| क्र.सं. | दफा/उपदफा | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | थप गर्नुपर्ने वा संशोधन गर्नुपर्नेको कारण |
| --- | --- | --- | --- | --- |
| २६. | **परिच्छेद १२ को दफा ७२** | नभएको। | (क) हरेक कारोबारको प्रचलित लेखामान अनुसार लेखा अभिलेख विद्युतिय माध्यमबाट राखिनेछ। यसरी अभिलेख राख्दा विद्युतिय अनुक्रमणीकामा आधारित भई कारोबारको अभिलेख राखिनेछ।<br>(ख) विद्युतीय प्रणालीको प्रयोगसँगै यसमा आउन सक्ने जो खिमहरुको विश्लेषण गरिनेछ। विद्युतीय अनुक्रमणीका अभिले खको सुरक्षाको लागि ब्याकअप लिने व्यवस्था मिलाइनेछ। तथ्यांक सुरक्षाको आवश्यक प्रबद्ध मिलाउन सञ्चालक समितिले व्यवस्थापनलाई आवश्यक निर्देशन दिनुपर्नेछ।<br>ग) प्रयोग गरिएका सूचना तथा प्रविधिको विश्वासनियता जाँच गर्न परामर्शदाता नियुक्त गरी जाँच गर्न सकिनेछ।<br>घ) संस्थाले गर्ने विद्युतीय कारोबार तथा अन्य कारोबारहरुको अभिलेख भौतिक रुपमा समेत राखिनेछ। ति कागजातहरुको सुरक्षाको आवश्यक प्रबन्ध मिलाउनुपर्नेछ। कागजातहरुको सुर क्षाको जिम्मेवारी सञ्चालक समितिले तोके अनुसार हुनेछ। | ऐन बमोजिम संस्था सञ्चालन गर्न आवश्यक भएकाले। |
| २७. | **परिच्छेद १४ को दफा ७५** | नरहेको | (३) सहकारी ऐन नियमावलीको अधिनमा रही एकिकरण प्रक्रिया अघि बढाउन सकिनेछ। कुल सदस्यको बहुमतले विभाजनको निर्णय गर्न सक्नेछ। | यो बुँदा नभएकोले थप गरिएको छ। |
| २८. | **परिच्छेद १४ को दफा ८०** | सदस्यहरुको हितलाई मध्येनजर गरी साधारण सभाबाट निर्णय गराई नियामक निकायको स्वीकृतिमा कार्यक्षेत्रभित्र सेवाकेन्द्र तथा सम्पर्क कार्यालयहरु स्थापना गरिदै लगिनेछ। यसरी स्थापित सेवाकेन्द्र तथा सम्पर्क कार्यालयहरुलाई स्थानीय तहको नियमानुसार सुचिकृत समेत गरिनेछ। | सदस्यहरुको हितलाई मध्येनजर गरी साधारण सभाबाट निर्णय गराई नियामक निकायको स्वीकृति तथा स्थानिय तहहरुमा सूचिकृत गरि आवश्यकता अनुसार कार्यक्षेत्रभित्र सेवाकेन्द्र तथा संकलनकेन्द्रहरु स्थापना गरिदै लगिनेछ। हाल सञ्चालनमा रहेका वैतेश्वर सेवाकेन्द्र, जिरी सेवाकेन्द्र, चरिकोट सेवाकेन्द्र, कालिञ्चोक सेवाकेन्द्र, विगु सेवाकेन्द्र, गौरीशंकर सेवाकेन्द्र, मेलुङ सेवाकेन्द्र, तामाकोशी सेवाकेन्द्र, शैलुङ सेवाकेन्द्र, काठमाडौं सेवाकेन्द्र तथा नाम्दु संकलनकेन्द्र, मिर्गे संकलनकेन्द्र, मार्वु संकलनकेन्द्र, बाघखोर संकलनकेन्द्र, बाबरे संकलनकेन्द्र, साङ्बा संकलनकेन्द्र र जगत संकलनकेन्द्रहरुलाई स्थानीय तहको नियमानुसार सुचिकृत गरिनेछ। | पालिका अनुसार ब्याज कर, लाभांश कर, घर बहाल कर, स्थानिय तह अनुसार को सूचिकृत शुल्क, आयकर लगाएतका विषयहरुमा दुबिधा भएकाले समायानूकुल परिमार्जन गरिएको। |

## Janasachetan Saving & Credit Cooperative Society Limited

**Baiteshwor-05, Kabre, Dolakha, Nepal**

## PEARLS Report

**As of July 15, 2024**

| सुचकहरु | | लक्ष्य | कायम रहेको अंक | आधार अंक | नतिजा |
|---|---|---|---|---|---|
| **P= Protection** (सुरक्षण) | | | | | |
| P1 | १२ महिना भन्दा बढि भाखा नाघेको ऋणको लागि व्यवस्था | १००% | ८,२६,६३,८८१.०० | २९,०२,४८,९९६.८५ | २८.४८% |
| P2 | १ देखि १२ महिना भाखा नाघेको ऋणको लागि व्यवस्था | ३५% | - | ३,३३,६४,१६५.८३ | ०.००% |
| P2X | असल ऋणका लागी लागी | १% | - | १,३६,५९,१६,५३२.३९ | ०.००% |
| **E=Effective Financial Structure** (प्रभावकारी वित्तिय संरचना) | | | | | |
| E1 | जम्मा खूद ऋण/जम्मा सम्पत्ति | ७०% - ८०% | १,३६,५९,१६,५३२.३९ | २,६३,३१,६२,४२२.७७ | ५१.८७% |
| E2 | तरल लगानी/जम्मा सम्पत्ति | बढिमा २० % | ६१,२८,४६,६३७.३६ | २,६३,३१,६२,४२२.७७ | २३.२७% |
| E3 | कुल वित्तिय लगानी/कुल सम्पत्ति | बढिमा २ % | ३,३१,१७,६२०.०१ | २,६३,३१,६२,४२२.७७ | १.२६% |
| E5 | जम्मा बचत/जम्मा सम्पत्ति | ७०% - ८०% | १,९५,२६,९६,७५३.०८ | २,६३,३१,६२,४२२.७७ | ७४.१६% |
| E6 | बाह्य ऋण/जम्मा सम्पत्ति | ५% भन्दा कम | - | २,६३,३१,६२,४२२.७७ | ०.००% |
| E7 | जम्मा शेयर पुँजि/जम्मा सम्पत्ति | १०%-२०% | १५,९३,०१,४००.०० | २,६३,३१,६२,४२२.७७ | ६.०५% |
| E8 | संस्थागत पुँजि/जम्मा सम्पत्ति | कम्तिमा १० % | १८,०५,४९,६७९.७१ | २,६३,३१,६२,४२२.७७ | ६.८६% |
| E9 | खूद संस्थागत पुँजि/जम्मा सम्पत्ति | E8 सरह नै | (५,२३,७२,०५९.२९) | २,६३,३१,६२,४२२.७७ | -१.९९% |
| **A=Assets Quality** (सम्पतिको गुणस्तर) | | | | | |
| A1 | जम्मा भाखा नाघेको ऋण/ जम्मा ऋण उठ्न बाँकि | ५% भन्दा कम | ३२,३६,१३,१६२.६८ | १,६८,९५,२९,६९५.०७ | १९.१५% |
| A2 | नकमाउने सम्पत्ति/जम्मा सम्पत्ति | ५% भन्दा कम | ९,०९,०८,८७२.७९ | २,६३,३१,६२,४२२.७७ | ३.४५% |
| **R=Rate of Return and Cost** (लगानीको प्रतिफल तथा लागत) | | | | | |
| R7 | शेयर लाभांशको लागि छुट्याईएको रकम/औषत शेयर | बजारदर बराबर | - | १६,३०,१३,१५०.०० | ०.००% |
| R9 | सञ्चालन खर्च/औषत सम्पत्ति | ५% भन्दा कम | ६,२३,८०,९३७.३९ | २,४४,४६,२४,९०७.९९ | २.५५% |
| R12 | खुद आय/औषत सम्पत्ति | कम्तिमा १ % | ६८,५९,४६२.८५ | २,४४,४६,२४,९०७.९९ | ०.२८% |
| **L=Liquidity** (तरलता) | | | | | |
| L1 | तरलता रकम/जम्मा बचत रकम | कम्तिमा १५ % | ६१,७८,२७,२५३.१२ | १,९५,२६,९६,७५३.०८ | ३१.६४% |
| L2 | तरलता संचय/जम्मा बचत रकम | १०% - २०% | ६२,४०,४०,४३२.३६ | १,९५,२६,९६,७५३.०८ | ३१.९६% |
| L3 | नकमाउने तरल सम्पति/कुल सम्पत्ति | १% भन्दा कम | १,११,९३,७९५.०० | २,६३,३१,६२,४२२.७७ | ०.४३% |
| **S=Sign of Growth** (वृद्धिको संकेत) | | | | | |
| S10 | सदस्यता वृद्धि | **12%** भन्दा बढि | ६९२ | ३७,९४३ | १.८२% |
| S11 | सम्पत्तिमा वृद्धि | मुद्रास्फिती भन्दा बढि | ३७,७०,७५,०२९.५६ | २,२५,६०,८७,३९३.२१ | १६.७१% |

# जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि.

वैतेश्वर -५, काब्रे, दोलखा

## <u>सदस्यता केन्द्रियता सूचकांक -२०८१ आषाढ मसान्तको</u>

### १. संस्थापकिय सरोकार

| क.सं. | विवरण | सुचक | रकम |
|---|---|---|---|
| १ | **सदस्यको पूँजी :** | | |
| | अंशधन (शेयर पूँजी) | क | १५,९३,०१,४००.०० |
| | जगेडा कोष | ख | १७,८१,२५,६०६.६० |
| | घाटापूर्ति कोष | ग | २४,२४,०७३.११ |
| | **सदस्यको पूँजी (क+ख+ग)=घ** | घ | ३३,९८,५१,०७९.७१ |
| २ | नियमित बचत | ङ | ८१,०६,२७,७१६.९५ |
| | **कुल जम्मा सदस्य सहभागिता (घ+ङ)=च** | **च** | **१,१५,०४,७८,७९६.६६** |
| ३ | जम्मा बचत | छ | १,९५,२६,९६,७५३.०८ |
| ४ | तिर्नुपर्ने ऋण | ज | - |
| ५ | तटस्थ श्रोत संयोग बिन्दु समायोजन अंक (बढी भएमा मात्र) | झ | ३४,३५,९२,७८३.८७ |
| | **जम्मा पूँजी (घ+छ+ज+झ)=ञ** | **ञ** | **२,६३,६१,४०,६१६.६६** |
| | **संस्थापकीय सरोकार (उत्तर)** | | **४३.६४** |

### २. सञ्चालकिय सक्रियता

| क.सं. | विवरण | सुचक | संख्या |
|---|---|---|---|
| १ | **बर्षमा सदस्य बैठक :** | | |
| | साधारण सभा | क | १८४३० |
| | बिशेष साधारणसभा | ख | ० |
| | बिस्तारीत मन्च र बजेट अन्तर्क्रिया | ग | ६०१४ |
| | **बर्षमा सदस्य बैठक (क+ख+ग)=घ** | घ | **२४४४४** |
| २ | **औषत सदस्य संख्या :** | | |
| | बर्षको सुरुमा भएको सदस्य संख्या | ङ | ३७,९४३ |
| | बर्षको अन्त्यमा भएको सदस्य संख्या | च | ३८,६३५ |
| | कुल सदस्य संख्या (ङ+च)=छ | छ | ७६,५७८ |
| | **औषत सदस्य संख्या (छ/२)=ज** | ज | **३८२८९** |
| ३ | विभागले तोकेको सुचक | झ | ६ |
| | **कुल उपस्थिति हुनपर्ने सुचक सहितको संख्या (ज*झ) =ञ** | ञ | **२२९७३४** |
| | बर्षभरीमा सदस्य बैठकमा उपस्थित संख्या बढी भएमा (ञ भन्दा यो बढी भएमा यसको प्रयोग गर्ने ।) | ट | ० |
| | **सञ्चालकिय सक्रियता (उत्तर) (घ/ञ)*१०० वा ट बढी भएमा (घ/ट)*१००** | | **१०.६४** |

### ३. संरक्षकीय सम्बन्धन

| क.सं. | विवरण | सुचक | संख्या |
|---|---|---|---|
| १ | **बर्षमा एक पटक ऋण प्राप्त गर्ने शेयर सदस्यको संख्या** | क | ६८२६ |
| | **औसत परिवार संख्या** | | ५ |
| | **बर्षमा एक पटक ऋण प्राप्त गर्ने शेयर सदस्यको संख्या** | ख | **३४१३०** |
| २ | **औषत सदस्य संख्या :** | | |
| | बर्षको सुरुमा भएको सदस्य संख्या | ग | ३७,९४३ |
| | बर्षको अन्त्यमा भएको सदस्य संख्या | घ | ३८,६३५ |
| | कुल सदस्य संख्या (ग+घ)=ङ | ङ | ७६५७८ |
| | **औषत सदस्य संख्या (ङ/२)=च** | च | **३८२८९** |
| | **संरक्षकीय सम्बन्धन (उत्तर)** | | **८९.१४** |

### ४. सूचकांकको मापन र संस्थाको स्तर

| क.सं. | विवरण | सुचक | सुचक |
|---|---|---|---|
| १ | **संस्थापकीय सरोकार (१)** | ४३.६४ | |
| २ | **सञ्चालकीय सक्रियता (२)** | १०.६४ | |
| ३ | **संरक्षकीय सम्बन्धन (३)** | ८९.१४ | |
| | **सुचकांकको मान (१+२+३)/३** | | ४७.८१ |

| **क.सं.** | **विवरण** | **स्तराङ्कन** |
|---|---|---|
| १ | < ३० | अनिश्चित |
| २ | ३०-४४ | साधारण |
| ३ | ४५-५९ | मध्यम |
| ४ | ५९-७४ | उत्तम |
| ५ | ≥ ७५ | अत्युत्तम |

# हार्दिक श्रद्धाञ्जली

यस आ.व.२०८०/०८१ मा संस्थाका देहायका शेयर सदस्यहरूको असामयिक देहावसान भएकोले हामी अत्यन्तै भावविह्वल भएका छौं । यस दुःखद घडीमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकाकुल परिवारलाई धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्ने कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

| क्र.स. | सदस्य नं. | सदस्यको नाम | ठेगाना | स्वर्गारोहण मिति |
|---|---|---|---|---|
| १. | ७०५० | खड्ग प्रसाद चौलागाई | भिमेश्वर -४, दोलखा | २०७५/१२/०३ |
| २. | ७६७५ | अमृत बहादुर श्रेष्ठ | भिमेश्वर -३, दोलखा | २०७९/०९/०२ |
| ३. | ११३२९ | पदम बहादुर खत्री क्षेत्री | मेलुङ -१, दोलखा | २०८०/०२/२७ |
| ४. | ११५३९ | सिता कार्की | तामाकोशी -१, दोलखा | २०७९/१०/०२ |
| ५. | १२५९३ | हर्क बहादुर तामाङ | जिरी -९, दोलखा | २०७८/०९/०९ |
| ६. | १४२८२ | सितामाया खड्का | मेलुङ -१, दोलखा | २०८०/०३/२८ |
| ७. | २१७०४ | चित्र कुमार थापा मगर | विगु -१, दोलखा | २०८०/०१/२९ |
| ८. | २६१९३ | बाल कुमार गिरी | विगु -४, दोलखा | २०८०/०२/१६ |
| ९. | ३०२४० | लाल बहादुर खत्री | कालिञ्चोक -२, दोलखा | २०८०/०३/०५ |
| १०. | ५६७ | पदम बहादुर दहाल | वैतेश्वर -५, दोलखा | २०८०/०४/१८ |
| ११. | ३३११ | कल्पना कार्की राउत | वैतेश्वर -३, दोलखा | २०८०/०५/१३ |
| १२. | ७७२५ | सितामाया तामाङ | वैतेश्वर -१, दोलखा | २०७८/११/१३ |
| १३. | १३६६२ | कल्यानी भण्डारी | कालिञ्चोक -९, दोलखा | २०८०/०३/३१ |
| १४. | १३९९० | सन्जमाया थामी | कालिञ्चोक -९, दोलखा | २०८०/०४/२३ |
| १५. | १५२२१ | अनिल कुमार लामिछाने | वैतेश्वर -५, दोलखा | २०८०/०५/१३ |
| १६. | २०९४५ | विश्वराज श्रेष्ठ | वैतेश्वर -७, दोलखा | २०८०/०४/२३ |
| १७. | २४९१३ | नन्द कुमारी जोगी | वैतेश्वर -३, दोलखा | २०८०/०४/२२ |
| १८. | ८०५ | कमला माया ढुङ्गेल | वैतेश्वर -४, दोलखा | २०८०/०६/१० |
| १९. | ३४९२ | लछीमान तामाङ | वैतेश्वर -३, दोलखा | २०८०/०५/२० |
| २०. | १४१३८ | निर्मल बुढाथोकी | मेलुङ -१, दोलखा | २०८०/०५/१२ |
| २१. | २७८६४ | विर बहादुर तामाङ | गौरीशंकर -४, दोलखा | २०८०/०२/२५ |
| २२. | ३०५७ | हरि माया बस्नेत | वैतेश्वर -५, दोलखा | २०८०/०७/०८ |
| २३. | ६८८२ | सिता बयलोटी | भिमेश्वर -५, दोलखा | २०८०/०७/१९ |
| २४. | २०६६८ | चेतनाथ ओली | मेलुङ -१, दोलखा | २०८०/०७/१० |
| २५. | २४०५५ | अन्जनी थापा | भिमेश्वर -५, दोलखा | २०८०/०४/१७ |
| २६. | २५०९९ | उषा थापा | वैतेश्वर -७, दोलखा | २०८०/०५/१७ |
| २७. | ३६३९५ | आशिका घिमिरे | वैतेश्वर -६, दोलखा | २०८०/०६/०६ |
| २८. | १८६२ | राम प्रसाद दहाल | वैतेश्वर -४, दोलखा | २०८०/०८/२९ |
| २९. | ३८६६ | भिम कुमारी बस्न्यात | वैतेश्वर -५, दोलखा | २०८०/०९/१७ |
| ३०. | ५५५० | निप्पन दहाल | वैतेश्वर -४, दोलखा | २०८०/०९/१० |
| ३१. | ६३३७ | खड्ग बहादुर भुजेल | वैतेश्वर -६, दोलखा | २०८०/०९/०५ |

| क्र.स. | सदस्य नं. | सदस्यको नाम | ठेगाना | स्वर्गारोहण मिति |
|---|---|---|---|---|
| ३२. | ११०३१ | रमेश कुमार नेपाली | जिरी -९, दोलखा | २०८०/०८/१२ |
| ३३. | २०७०० | मोहन बहादुर बुढाथोकी | मेलुङ -१, दोलखा | २०८०/०७/२७ |
| ३४. | २१५७४ | लक्ष्मी कुमारी खड्का | विगु -५, दोलखा | २०८०/०८/२८ |
| ३५. | ३१ | मिन प्रसाद शिवाकोटी | वैतेश्वर -५, दोलखा | २०८०/०८/१६ |
| ३६. | ३२४९ | पृथी प्रसाद न्यौपाने | वैतेश्वर -४, दोलखा | २०८०/०९/०६ |
| ३७. | ५२२० | ऐती तामाङ्नी | वैतेश्वर -३, दोलखा | २०८०/१०/०३ |
| ३८. | ८२०९ | सुधा श्रेष्ठ | भिमेश्वर -४, दोलखा | २०८०/०९/१३ |
| ३९. | १२०६५ | ढाल बहादुर सुनुवार | तामाकोशी -७, दोलखा | २०८०/०९/१२ |
| ४०. | १३५०१ | बेद माया खत्री | तामाकोशी -७, दोलखा | २०८०/०५/०४ |
| ४१. | २७३३० | गोमा खत्री | कालिञ्चोक -२, दोलखा | २०८०/०८/२९ |
| ४२. | २३१७ | कल्पना घिमिरे | वैतेश्वर -६, दोलखा | २०८०/१०/१६ |
| ४३. | २८५१७ | पदम बहादुर घिमिरे | वैतेश्वर -५, दोलखा | २०८०/०९/२९ |
| ४४. | ३२४२३ | जलसा श्रेष्ठ | मेलुङ -१, दोलखा | २०८०/१०/०१ |
| ४५. | २१३२८ | टिकाराम उप्रेती | मेलुङ -१, दोलखा | २०८०/१०/२० |
| ४६. | ५११८ | बाल शोभा कुमाल | भिमेश्वर -४, दोलखा | २०८०/११/०३ |
| ४७. | २६९८५ | इश्वरा पाण्डे | कालिञ्चोक -२, दोलखा | २०८०/१०/२१ |
| ४८. | ६५५८ | लाटीकान्छी बस्नेत कार्की | वैतेश्वर -८, दोलखा | २०८०/१०/१४ |
| ४९. | ३०३२ | जानुका दहाल | वैतेश्वर -४, दोलखा | २०८०/०९/०६ |
| ५०. | ९३२४ | पुस्कर सुनुवार | जिरी-९, दोलखा | २०८०/०९/११ |
| ५१. | १२९३० | तोरण कुमारी दहाल | वैतेश्वर -४, दोलखा | २०८०/११/१३ |
| ५२. | ५९१७ | नर बहादुर कार्की | भिमेश्वर -५, दोलखा | २०८०/११/०३ |
| ५३. | ७८६१ | नंसल तामाङ | वैतेश्वर -२, दोलखा | २०८०/१०/१६ |
| ५४. | १४५४ | चन्द्रमाया पौड्याल | वैतेश्वर -५, दोलखा | २०७८/०१/२४ |
| ५५. | ३१४७९ | केशब बहादुर खत्री | कालिञ्चोक -२, दोलखा | २०८०/१२/०७ |
| ५६. | ३३८८९ | हर्क लामा | गौरीशंकर -५, दोलखा | २०८०/१०/२० |
| ५७. | ३६८४९ | उर्गेन शेर्पा | विगु -५, दोलखा | २०८०/१०/१७ |
| ५८. | १०००८ | सुजता उप्रेती | भिमेश्वर -७, दोलखा | २०८०/११/२८ |
| ५९. | ३६७२१ | रामकुमार खड्का | गौरीशंकर -५, दोलखा | २०८०/०७/१४ |
| ६०. | २६३८ | प्रेम बहादुर बस्न्यात | वैतेश्वर -५, दोलखा | २०८०/१२/२२ |
| ६१. | ७३१३ | सावित्रा शिवाकोटी | कालिञ्चोक -३, दोलखा | २०८०/०९/२९ |
| ६२. | ३६५२७ | अमृतलाल श्रेष्ठ | विगु -५, दोलखा | २०८०/१२/१५ |
| ६३. | २७०१८ | सन्चिमाया थामी | कालिञ्चोक-२, दोलखा | २०८०/१२/२३ |
| ६४. | २७३४० | कमानध्वज पाण्डे | कालिञ्चोक गा.पा.-२,दोलखा | २०८०/१२/०१ |
| ६५. | २२५३ | इन्द्र माया सार्की | वैतेश्वर गा.पा.-५ दोलखा | २०८१/०१/२७ |
| ६६. | १४७८१ | चित्रबहादुर घिमिरे | वैतेश्वर गा.पा-२, दोलखा | २०८१/०१/१४ |
| ६७. | ३५८९७ | बाबुलाल तमाङ्ग | शैलुङ गा.पा-८, दोलखा | २०८१/०१/०८ |
| ६८. | ३६७५६ | सुक बहादुर तमाङ | गौरीशंकर-५, सुरी | २०८१/०१/२८ |
| ६९. | ११९३५ | कृष्ण बहादुर कटुवाल | मेलुङ -१, पवटी | २०८१/०२/०९ |
| ७०. | १४५५ | कृष्ण माया खत्री | वैतेश्वर-४, दोलखा | २०८१/०२/२८ |

# संस्थाको पुनःलिखित विनियम, २०७८ मा भएको

# सदस्यसँग सम्बन्धी व्यवस्था

◆ **सदस्यको काम, कर्तव्य र अधिकारः**

सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) एक सदस्य एक मतको मताधिकार प्रयोग गर्ने ।

(ख) साधारण सभाबाट निर्वाचित भई संस्थाको नेतृत्व लिने वा विभिन्न जिम्मेवारीमा सक्रिय सहभागिताका लागि सरिक हुने ।

(ग) संस्थामा नियमित रुपमा बचत गर्ने र सोमा निर्धारित ब्याज प्राप्त गर्ने ।

(घ) संस्थाको बचत तथा ऋण नीतिको आधारमा ऋण प्राप्त गर्ने र सोको किस्ताबन्दी रुपमा साँवा तथा ब्याज नियमित रुपमा भुक्तानी गर्दै जाने ।

(ङ) सदस्य एवं समूहको हितमा सञ्चालकहरुलाई आवश्यक सल्लाह र सहयोग पुऱ्याउने ।

(च) संस्थाको साधारण सभामा सहभागी भई छलफलमा भाग लिने तथा संस्थाको गतिविधिका बारेमा जानकारी लिने ।

(छ) साधारण सभाको विभिन्न विषयमा गरिने निर्णयमा आफ्नो मतको प्रयोग गर्ने ।

(ज) संस्थाले सदस्यका लागि सञ्चालन गरेका सुविधाको उपभोग निर्धारित विधि अनुसार गर्ने ।

(झ) सहकारीका प्रचलित कानून र सहकारीका सर्वमान्य सिद्धान्त बमोजिम संस्था नचलेको अवस्थामा संस्थाको स्वीकृत विनियम बमोजिम संस्था शुद्धिकरणको अभियानमा सक्रियता लिने ।

◆ **सदस्यको दायित्वः**

१) सदस्यको दायित्व आफूले लिएको शेयर रकम सम्म मात्र सीमित रहनेछ ।

२) संस्थाको विनियमको पालना गर्नु सम्पर्णू सदस्यहरुको दायित्व हुनेछ ।

◆ **सदस्यता कायम नरहनेः**

१) कुनै पनि सदस्यको सदस्यता देहायमा उल्लेख भएको अवस्थामा कायम रहने छैन ।

(क) मृत्यु भएमा,

(ख) बहुलाएको वा मानसिक असन्तुलन भएमा,

(ग) सदस्यताबाट दिएको राजीनामा स्वीकृत भएमा,

(घ) विनियममा भएको व्यवस्था बमोजिम समितिको निर्णय बमोजिम सदस्यताबाट निष्काशित भएमा,

(ङ) संस्था विघटन भएमा,

(च) संस्थालाई हानि नोक्सानी हुने काम गरेको प्रमाणित भएमा,

(छ) नियमित बचतकर्ताको रुपमा सदस्य नभई ऋण लिने उद्देश्यले मात्र शेयर सदस्य भएमा,

(ज) विनियमको दफा १० मा उल्लेखित सदस्यताको लागि चाहिने कुनै योग्यता नरहेमा,

(झ) एउटै जिल्ला भित्रको समान प्रकृतिको अन्य सहकारी संस्थामा सदस्य वा सञ्चालकको कुनै पदमा रहेको पाइएमा,

(ञ) आर्थिक अपचलनको गरेको प्रमाणित भएमा,

(ट) फौजदारी अभियोग लागी सजाय पाएमा,

(ठ) सम्पूर्ण शेयर हस्तान्तरण गरेमा वा शेयर वापतको रकम फिर्ता लिएमा,

(ड) १ बर्षदेखि नियमित रुपमा गर्नुपर्ने बचत नगरेमा, सञ्चालक समितिले निर्णय गरि सदस्यता खारेजी गर्न सक्नेछ ।

२) उपदफा (१) मा जेसुकै कुरा लेखिएको भएता पनि कुनै सदस्यले संस्थाबाट प्राप्त गरेको ऋण वा संस्थालाई तिर्नु पर्ने बाँकी बक्यौता भुक्तानी गर्न बाँकी रहछे भने त्यस्तो सदस्यले र त्यस्तो सदस्यको तर्फबाट धितो वा जमानत बस्ने अरु कुनै सदस्यले संस्थाको सदस्यताबाट राजीनामा गर्न पाउने छैन । यदि राजीनामा स्वीकृत भईसकेको रहेछ भने पनि निजले संस्थालाई तिर्नुपर्ने दायित्वबाट उन्मुक्ति पाउने छैन ।

## जनसचेतन बचत तथा ऋण सहकारी संस्था लिमिटेड

वैतेश्वर-०५, काभ्रे, दोलखाको

## ३१ औं वार्षिक साधारण सभामा सदस्य सहभागिता फारम

१. सदस्यको विवरणः

सदस्यको नामः........................................................... सदस्यता नं. : ................

संस्थाको साधारण सभा सञ्चालन कार्यविधि, २०८१ अनुसार मलाई प्राप्त जानकारीको आधारमा मेरो राय तपसिल बमोजिम रहेकोछ ।

२. संचालक समितिको प्रतिवेदन सम्बन्धमाः

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

३. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमाः

..........................................................................................................

..........................................................................................................

४. लेखापरीक्षण प्रतिवेदन सम्बन्धमाः

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

५. आ.व. २०८१/८२ को प्रस्तावित नीति तथा कार्यक्रमहरू र बजेट सम्बन्धमाः

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

६. सञ्चालक समितिको तर्फवाट ३१ औं साधारण सभामा पेश भएको प्रस्तावहरू सम्बन्धमाः

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

७. संस्थालाई थप सुझावहरूः

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

....................

सदस्यको दस्तखत

# टिपोट

# संस्थामा कार्यरत कर्मचारीहरू





छिटो, सजिलो अनि भरपर्दो
अब तपाईहरूको
Digital Friend
JANASACHETAN MOBILE BANKING
E-TELLER SYSTEM को साथ QR मार्फत डाइरेक्ट सहकारीमै जम्मा र निकासी गर्नुहोस् ।
जनसचेतन मोबाइल बैंकिङ सेवा
GET IT ON Google Play
Download on the App Store
वालेट बिर्सनु भयो ? चिन्ता नगर्नुहोस् ।
अब तपाईको Smart Phone मा नै जनसचेतन साकोस पाउनुहोस् ।
विशेषताहरु
संस्थाको आफ्नो खातामा रहेको रकमबाट विभिन्न सेवाहरु खरिद गर्न सकिने (जस्तै: टेलिफोन तथा टिभि रिचार्ज गर्न, इन्टरनेटको बिल भुक्तानी गर्न, खानेपानी तथा विद्युतको महशुल तिर्न र अन्य यस्तै धेरै सेवाहरु ।)
संस्थाको एउटा खाताबाट अर्को खातामा तथा बैंकहरुबाट Connect IPS मार्फत जनसचेतनको तपाईको खातामा र जनसचेतनबाट बैंकमा रकम पठाउन मिल्ने ।
विभिन्न डिजिटल वालेटहरुबाट सहकारीको खातामा रकम प्राप्त गर्न र वालेटहरुमा रकम पठाउन मिल्ने ।
QR कोड र E-Teller मार्फत भुक्तानी गर्न र बचत गर्न मिल्ने ।
विभिन्न सेवा प्रदायकका QR स्क्यान गरी वस्तु तथा सेवा खरिद गर्न सकिने ।
Secure and Convenient
Mobile Banking
Password
Forgot Password?
Login
Not you?
"जनसचेतनको मोबाइल बैंकिङ सेवा
डिजिटल कारोबारमा सदस्यलाई टेवा"
हार्दिक शुभकामना
महान चाड बडा दशैं, शुभ दीपावली, नेपाल सम्बत, छठ पर्व तथा ल्ह(
ेसार २०८१ को पावन अवसरमा सदस्य, बाल बचतकर्ता एवम् सम्पूर्ण
नेपालीहरूमा सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको कामना
गर्दै हार्दिक मंगलमय शुभ-कामना व्यक्त
गर्दछौं ।
जनसचेतन साकोस परिवार